सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० फागुन २०८२, शनिबार (14 March 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

समानुपातिकमा झन् धेरै उलटफेर

गत निर्वाचनको पहिलो, दोस्रो र तेस्रो शक्तिलाई प्रत्यक्षमा धेरै पछाडि पार्दै १२५ सिट जितेको रास्वपाले समानुपातिकमा पनि उनीहरूलाई झन् ठुलो क्षति पुऱ्याएको छ। प्रत्यक्षभन्दा समानुपातिकमा रास्वपाले झन्डै साढे पाँच लाख बढी मत पाउँदा कांग्रेस, एमाले र नेकपा प्रत्यक्षको तुलनामा समानुपातिक मतमा पनि खुम्चिएका छन्।

कोशीमा ठुला दललाई श्रम संस्कृतिको धक्का

कोशीमा ठुला दललाई रास्वपाले मात्र होइन, हर्क साम्पाङको श्रम संस्कृति पार्टीले ठुलै झड्का दिएको छ। कोशीका १४ जिल्लामध्ये पाँचथर, इलाम, भोजपुर र खोटाङमा श्रम संस्कृति समानुपातिकतर्फ पहिलो स्थानमा छ। र, उदयपुरमा रास्वपापछि दोस्रोमा श्रम संस्कृति छ। यसबाहेक कोशीका समग्र जिल्लामा तेस्रो र चौथो रहे पनि केही निर्वाचन क्षेत्रमा भने पहिलो स्थानमा छ। सुनसरी १ मा पहिलो स्थानमा छ। त्यस्तै, झापा १ तथा मोरङ १ र ३ मा दोस्रो स्थानमा छ।

■ ०७९ को समानुपातिक गणित

०७९ को निर्वाचनमा समानुपातिकतर्फ पहिलो दल बनेको एमालेले २८ लाख ४५ हजार ६४१, कांग्रेसले २७ लाख १५ हजार २२५, तत्कालीन माओवादीले ११ लाख ७५ हजार ६८४, रास्वपाले ११ लाख ३० हजार ३४४ र राप्रपाले पाँच लाख ८८ हजार ८४९ मत पाएका थिए। त्यतिबेला थ्रेसहोल्ड नकटाएको एकीकृत समाजवादीले दुई लाख ९८ हजार ३९१ मत ल्याएको थियो, जुन अहिले माओवादीसँग मिलेर एकीकृत पार्टी नेकपा बनेको छ। गत निर्वाचनको तुलनामा यसपटक करिब १० लाख मतदाता थपिएका थिए। अघिल्लो निर्वाचनमा राष्ट्रिय दल बनेका जसपा र जनमतले भने यसपटक थ्रेसहोल्ड कटाउन सकेनन्।

शुरोजंग पाण्डे, प्रेम गौतम

ठुला दलका शीर्ष नेतालेे दशकौँदेखि जित्दै आएका क्षेत्र र उनीहरूका परम्परागत किल्ला भत्काउँदै अभूतपूर्व सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फसमेत प्रत्यक्षभन्दा झन्डै साढे पाँच लाख बढी मत बटुलेको छ। वर्षौंदेखि अटुट मानिएका शेरबहादुर देउवा र केपी ओलीजस्ता नेताका गढ एकपछि अर्को ढल्दा कांग्रेस र एमालेले प्रत्यक्ष मात्र होइन, समानुपातिक मतमा समेत ठुलो क्षति व्यहोरेका छन्। निर्वाचनमा कांग्रेस, एमाले, नेकपा र राप्रपाको मत समानुपातिकमा भन्दा प्रत्यक्षमा धेरै छ।

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले ०४८ देखि जित्दै आएको डडेल्धुरामा रास्वपाका डा. तारा जोशी १९ हजार १३१ मतसहित विजयी बन्दा कांग्रेसका नैनसिंह महर १२ हजार १२१ मतमै सीमित भए। त्यस क्षेत्रबाट रास्वपाले १९ हजार २६८ मत पाउँदा कांग्रेसले ११ हजार ८५१ मत पायो। जुन प्रत्यक्षको भन्दा २७० मत कम हो। जबकि रास्वपाले प्रत्यक्षमा भन्दा समानुपातिकमा १३७ मत बढी पाएको छ।

डडेल्धुराकै जस्तो अवस्था कांग्रेसको अर्को गढ काठमाडौं १ मा देखिएको छ। ०६४ यता निरन्तर कांग्रेसले जित्दै आएको काठमाडौं १ मा रास्वपाकी रञ्जु दर्शना १५ हजार ४५५ मत ल्याएर विजयी बनिन्। प्रतिद्वन्द्वी कांग्रेसका प्रबल थापाले ६ हजार ३६४ मत पाए। जबकि रास्वपाले समानुपातिकमा प्रत्यक्षमा भन्दा धेरै बढी १८ हजार ८३० मत पाउँदा कांग्रेसले भने प्रत्यक्षमा भन्दा पाँच हजार ५६० मत कम पायो। कांग्रेसले प्रत्यक्ष र समानुपातिकमा पाएको मतको अन्तर ८०४ देखिन्छ भने रास्वपाले भने प्रत्यक्षमा भन्दा तीन हजार ३७५ मत बढी पाएको छ।

एमालेको गढ भनेर चिनिने झापामा रास्वपाले कीर्तिमानी जित हासिल गरेको छ। झापा ५ मा बालेन्द्र शाह बालेन ६८ हजार ३४८ मतसहित विजयी बन्दा ०६४ बाहेक ०४८ देखि लगातार जित्दै आएका एमाले अध्यक्ष केपी ओली १८ हजार ७३४ मत ल्याएर पराजित भए। त्यस क्षेत्रमा रास्वपाले समानुपातिकमा ६२ हजार २५८ मत पाउँदा एमालेले ओलीले पाएभन्दा कम १७ हजार ६२३ मत पाएको छ। अन्तर एक हजार १११ छ।


झापा २ मा निवर्तमान सभामुख देवराज घिमिरे निवर्तमान उपसभामुख इन्दिरा रानासँग पराजित भएका छन्। रानाले ६० हजार ११० मतसहित विजयी हासिल गर्दा घिमिरे ११ हजार ३६८ मत

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ प्रत्यक्षतर्फ १ करोड ५ लाख ५९ हजार १७ र समानुपातिकतर्फ १ करोड ८ लाख ३५ हजार २५ मत सदर हुँदा राष्ट्रिय मान्यताप्राप्त दलहरूले पाएको दुवैतर्फको मत

१६५ निर्वाचन क्षेत्रकै प्रत्यक्ष र समानुपातिक मतको तुलनात्मक सूची




कोशीका १४ जिल्लाका २८ क्षेत्र	रास्वपा प्रत्यक्ष	रास्वपा समानुपातिक	कांग्रेस प्रत्यक्ष	कांग्रेस समानुपातिक	एमाले प्रत्यक्ष	एमाले समानुपातिक	नेकपा प्रत्यक्ष	नेकपा समानुपातिक	श्रम संस्कृति प्रत्यक्ष	श्रम संस्कृति समानुपातिक	राप्रपा प्रत्यक्ष	राप्रपा समानुपातिक
ताप्लेजुङ	४,१५५	६,४९५	११,७११	९,६४३	१३,९६२	११,३४५	६,७७५	५,२१४	५,२०९	८,६९८	१८५	४१५
पाँचथर	४,१९७	७,२९१	१७,२३३	१४,१००	१४,५३४	१३,४१५	११,४४३	७,७६०	१४,७३४	१८,३६८	९२५	१,३३३
इलाम १	९,१६०	१३,७९६	१४,५४३	१०,८१६	११,९६६	१०,३८२	७,६६५	४,५८३	१३,६३२	१६,५५०	५७७	९८३
इलाम २	७,८१४	१३,३४१	१४,६५०	११,९१९	२२,४२६	१६,४६३	१,१७२	१,२५०	१४,४००	१७,४८२	३५२	७५८
झापा १	४५,६८०	४५,१४२	१०,५५०	९,३९६	७,६५९	८,०५०	९२२	१,१२५	१०,००४	१०,०४०	१,६१२	२,६९३
झापा २	६०,११०	५८,१०५	५,६१६	६,५४६	११,३६८	११,२७३	१,११५	१,३५७	७,२९१	७,९००	३,९६६	५,०७४
झापा ३	३८,६७४	३९,५९६	८,१९९	८,५८७	७,४९२	७,३७३	१,४५०	१,९५६	७,३३९	८,३०१	१७,२९४	१५,०९५
झापा ४	४३,६३१	४३,०३७	९,४३४	८,८७९	११,९८६	१०,९३२	१,३६२	१,५७३	७,१६१	८,४११	२,०८०	३,६३०
झापा ५	६८,३४८	६२,२५८	१,८२१	४,७६२	१८,७३४	१७,६२३	१,४६१	१,९८७	९,२३३	१०,६७३	१,५३६	४,१९७
संखुवासभा	१५,०००	१५,३४३	१३,२७१	१२,१६४	१५,६३६	१३,९१४	२,८१२	२,६४६	९,८५७	१२,०३९	१९९	४८९
तेह्रथुम	७,७३७	८,५९३	११,५६१	९,३१२	१०,६८२	१०,०१६	९१९	१,०४४	५,२००	६,६६४	१२५	३३८
भोजपुर	६,१०२	८,७३८	८,६७०	७,५७९	१४,७५०	१३,३७५	५,७२८	४,८०३	१६,६६३	१६,१५०	१९७	३७७
धनकुटा	९,९४४	१४,६७९	१४,२५७	८,६५१	१८,१३२	१६,५६७	१,६६५	१,६३४	११,९३२	१३,९६०	७०३	१,२०५
मोरङ १	२७,३६७	२९,२९८	११,९८६	९,११८	९,८२३	९,६९२	२,२२४	२,०२७	१७,५२२	१७,५७०	९००	१,६६५
मोरङ २	४०,९२४	४३,५०७	१२,७६४	११,६३१	१५,६२४	१२,४०३	१,३६६	१,५६३	१,८२२	२,४४०	७६६	१,६४३
मोरङ ३	३६,९२४	४२,६१२	२४,३५४	१५,०६२	७,७५२	७,७६७	१,२५९	१,७०३	१६,५०९	१८,४८५	७३३	२,०२९
मोरङ ४	४०,८३३	४६,१५७	१२,८१८	१०,३४०	६,९३३	६,३१४	१०,७६२	६,५४५	१,००१	१,४३०	१,१६३	२,४१३
मोरङ ५	३०,४३४	३७,९४७	९,४१५	८,७९२	६,९४५	५,९३२	८,६१४	६,२२८	-	५२२	५४९	१,०४६
मोरङ ६	५५,५१३	५४,५००	१२,८५०	११,९६४	८,३१७	७,०२४	१,७१६	१,९३०	३,४००	३,७५४	२,०९२	३,६३६
सुनसरी १	२७,२४९	३०,३६९	३,९७०	४,९९२	६,४६३	७,०८७	६,१८५	३,९२८	३५,७४१	३२,२३०	१,४१९	२,४४८
सुनसरी २	५७,३४८	५७,५८१	१६,०७१	१३,५०६	८,३०३	८,२७९	१,८१६	१,८९२	७,४८४	७,९९७	१,२८७	२,९०८
सुनसरी ३	४७,४२१	४८,०७२	२०,५०१	१७,४०३	१५,०८३	१२,४५७	१,५५१	१,५४५	१,७८०	२,२०३	८८५	२,०६८
सुनसरी ४	४२,७७१	४२,३११	१६,५८७	१६,४८२	८,६३१	८,०६९	३,४३२	२,७१४	२,७६३	३,२६४	८२१	२,१६७
सोलुखुम्बु	३,६४२	७,२८३	१३,१६६	१०,७०५	८,२२८	६,१७४	९,४१४	५,७०७	३,३६३	६,८६८	१५७	२७१
खोटाङ	५,७०४	८,८७९	११,९५७	१०,७०५	१२,७१४	११,३८५	९,४४३	७,२७४	१६,६१२	१८,१३७	४७७	८३७
ओखलढुंगा	१३,९५३	१७,६३९	१३,९४८	१२,८९१	१०,७२०	९,२१०	११,२९६	६,९६५	३,८५८	४,६२५	१७८	६७८
उदयपुर १	३०,५९०	३३,८१३	९,६७५	८,७९९	९,२०६	९,१४१	१०,०२१	६,०३१	११,६०६	१२,२९६	९४१	२,००३
उदयपुर २	१४,८०२	१६,८०१	७,२९०	५,८१८	७,६४८	६,५२४	५,१९७	४,६९५	४,१३९	४,९९२	२२०	५००
मधेशका आठ जिल्लाका ३२ क्षेत्र												
सप्तरी १	३८,१९५	४०,६०२	६,९९४	६,७२२	७,६५२	६,८९७	१,६२६	१,३६१	-	२५३	४२२	१,५५६
सप्तरी २	२८,४०४	३१,७७६	२,४९८	२,८८८	८८३	९८९	४२६	४९५	९१	१५७	३७४	८५१
सप्तरी ३	३२,८७५	३६,१५३	८,४२८	७,८९७	६,७१५	५,६९६	१,६३५	१,२१९	१०८	१९०	५५६	६४५
सप्तरी ४	३६,४१२	४०,६५५	१३,१०३	९,४५६	१,१७७	१,३९१	१,७०९	१,६४६	-	२२२	३८२	५७९
सिराहा १	४१,३२२	४१,५३६	९,७८४	८,९०१	७,८८६	७,१४९	२,८५३	२,५७४	१५७	२५५	२३६	७५८
सिराहा २	३९,५६१	४१,९७२	१२,८१४	११,२४७	६,७१३	६,३२०	३,६८०	२,७७८	११९	३१७	१६८	३९४
सिराहा ३	३२,२४९	३७,९५८	९,८७९	९,०५०	१०,१५६	८,६५७	९,९४२	८,००५	२८७	३९०	२३४	६६५
सिराहा ४	३६,२१०	३९,३५८	४,०६१	४,१९०	४,२२७	३,९६५	७,९७२	६,०११	१६०	१४४	२८३	५७५
धनुषा १	-	४१,८०३	९,५०२	७,०१२	९,३१५	७,३४५	१०,४३०	७,३४९	-	५४०	३,७२९	३,१२७
धनुषा २	४१,६३७	४८,१६९	१०,१९८	८,९१३	१०,१५३	७,९८२	८,४०३	७,६५८	-	२१	२०३	४५६
धनुषा ३	४३,९८८	४८,११२	१६,६५२	१३,४२१	९,७८६	७,९६३	७०९	८२४	२११	३६३	१९९	७९६
धनुषा ४	४८,२७०	५२,३१३	१५,८०९	१२,७०९	११,५२९	९,०९०	१,३३६	१,३८६	-	५१८	२९९	८५७
महोत्तरी १	३४,६३६	४२,५५०	६,२१३	४,८५३	६,५९१	४,८११	१२,६२४	८,०३६	८६७	१,३०८	४७५	९६३
महोत्तरी २	३२,७२२	३६,३६६	९,७४५	७,८७०	३,५२४	३,०८९	७३७	७६७	१०५	३२८	१५७	४२२
महोत्तरी ३	३२,४५१	४०,८४५	४,३४२	४,५७७	१,५१६	१,७६७	२४३	४२७	५७	७४	२२३	८१०
महोत्तरी ४	३०,१३२	३५,७०६	६,९४४	५,८९४	६,१९२	४,९९५	५,३३६	४,०६१	-	२४	११९	३१३

मधेशका बाँकी क्षेत्रसहित बाँकी प्रदेशको सूची पृष्ठ २

प्रत्यक्षमा १२५ सिट जितेको रास्वपाले घन्टी चुनाव चिह्नमै भने १६३ उम्मेदवार उठाएको थियो। त्यसमध्ये धनुषा १ मा उम्मेदवारी खारेज भएपछि प्रत्यक्षतर्फ उसले पाएको मत यहाँ जोडिएको छैन। त्यस्तै, म्यादीमा रास्वपाले त्रिभुज चुनाव चिह्न लिएर उठेका महावीर पुनलाई समर्थन गरेको थियो। मनाङमा रास्वपाको उम्मेदवार नै थिएन। कांग्रेस, एमालेले १६५ क्षेत्रमै र नेकपाले १६४ क्षेत्रमा उम्मेदवार उठाएका थिए। त्यस्तै, राप्रपाले १६३ र श्रम संस्कृतिले १०९ क्षेत्रमा उम्मेदवारी दिएको थियो।


०७९ र ०८२ को समानुपातिक मतको प्रदेशगत तुलना

■ कोशी




६ राष्ट्रिय दलमध्ये श्रम संस्कृति २१ फागुनको निर्वाचनअगाडि मात्रै खुलेको पार्टी भएकाले उसको ०७९ को समानुपातिक मत छैन। **यो निर्वाचनमा श्रम संस्कृति २ लाख ९२ हजार ४९ मत ल्याएर कोशीमा दोस्रो स्थानमा छ।**

■ मधेश




श्रम संस्कृतिले मधेशमा ९ हजार ८५४ मत पाएको छ

■ बागमती




श्रम संस्कृतिले बागमतीमा ३१ हजार ५३९ मत पाएको छ

■ गण्डकी




श्रम संस्कृतिले गण्डकीमा १८ हजार ९९५ मत पाएको छ

■ लुम्बिनी




श्रम संस्कृतिले लुम्बिनीमा २३ हजार ५०३ मत पाएको छ

■ कर्णाली



श्रम संस्कृतिले कर्णालीमा ४ हजार ६५७ मत पाएको छ

■ सुदूरपश्चिम



श्रम संस्कृतिले सुदूरपश्चिममा ५ हजार ३०५ मत पाएको छ

इनिसाको बलात्कारपछि मृत्यु प्रकरण

न्याय माग्दै सुर्खेत र काठमाडौंमा प्रदर्शन



इनिसाको न्यायका लागि माइतीघरमा गरिएको प्रदर्शन। तस्बिर : **दिपेन्द्र ढुंगाना**

सुर्खेतमा **रमेश रावल**

१६ वर्षीया इनिसा विकको बलात्कारपछि हत्या गरिएको भन्दै विरोधमा विद्यार्थीले शुक्रबार सुर्खेतको वीरेन्द्रनगरमा प्रदर्शन गरेका छन्। इनिसा अध्ययनरत विद्यालय उषा बालवाटिकाका विद्यार्थी, शिक्षक र कर्मचारीले विद्यालय पोसाकमै जिल्ला प्रहरी कार्यालयको गेटमा नाराबाजी पनि गरे। 'इनिसालाई न्याय दे', 'हत्यारालाई फाँसी दे' 'छोरी मार्न पाइँदैन'लगायत

» पृष्ठ २ मा क्रमशः

घरमै प्रसूति गराउन खोज्दा जान्छ ज्यान

जुम्लामा **मानदत्त रावल**

सरकारले नियमित चारपटक गर्भ जाँच र स्वास्थ्य संस्था तथा अस्पतालमा प्रसूति गराउने नीति लिए पनि दुर्गम क्षेत्रमा अझै घरमै प्रसूति गराउने गरिन्छ। घरमै जोखिमपूर्ण रूपमा प्रसूति गराउन खोज्ने र विकल्पविहीन अवस्थामा मात्र अस्पताल पुऱ्याउने गरिएको छ। जसकारण सुत्केरीले ज्यानसमेत गुमाउने गरेका छन्।

सन् २०३० सम्म मातृ मृत्युदर प्रतिलाख ७० मा झार्ने लक्ष्य

पछिल्लो उदाहरण तिला गाउँपालिका- ३, कुडारी गाउँकी १८ वर्षीया अस्मिता नेपाली हुन्। बेथाले च्याप्दा उनलाई अस्पताल नलगी घरमै प्रसूति गराउन खोजियो, धामीझाँक्रीलाई देखाइयो। तैपनि लामो समयसम्म प्रसूति हुन नसकेपछि अस्मितालाई २५ फागुनमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल पुऱ्याइयो। शिक्षण अस्पतालका चिकित्सकले सिजर गरेर प्रसूति गराए। तर, उच्च रक्तचापका कारण स्वास्थ्य

» पृष्ठ २ मा क्रमशः




जुम्लाको तिला गाउँपालिका- ३, कुडारी गाउँकी १८ वर्षीया अस्मिता नेपालीलाई सेनाको हेलिकोप्टरबाट सुर्खेत प्रादेशिक अस्पताल लगिँदै। सुरुमा उनलाई धामीझाँक्रीको सहायता लिई घरमै प्रसूति गराउन खोजियो, स्वास्थ्य बिग्रिएपछि बल्ल कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइयो। शिक्षण अस्पतालका डा. नवीनकुमार मण्डलका अनुसार अस्मितालाई अस्पताल ल्याउँदा स्वास्थ्य अवस्था गम्भीर थियो। 'हामीले शल्यक्रिया गरेर शिशु निकाल्यौं। तर, उच्च रक्तचापले कलेजो र पित्तथैलीमा असर गरिसकेको रहेछ, आइसियूमा राखेर उपचार गर्दा पनि सुधार नभएपछि सुर्खेत रेफर गरेका थियौं,' उनले भने, 'सुर्खेतमा उपचारका क्रममा ज्यान गएको खबर छ।'

झ्यालबाट

संसद्मा महिला

सडकबाट आशाको नजर



०६४ पछि पहिलोपटक १४ महिला प्रतिनिधि प्रत्यक्षतर्फ निर्वाचित भएपछि उत्साह छाएको छ

● शान्ति तामाङ

१६५ निर्वाचन क्षेत्रकै...

	रास्वपा		कांग्रेस		एमाले		नेकपा		श्रम संस्कृति		राप्रपा	
	प्रत्यक्ष	समानुपातिक	प्रत्यक्ष	समानुपातिक	प्रत्यक्ष	समानुपातिक	प्रत्यक्ष	समानुपातिक	प्रत्यक्ष	समानुपातिक	प्रत्यक्ष	समानुपातिक
सर्लाही १	४४,१८१	४६,४४१	७,८७१	६,३६५	६,१०१	४,६२९	५,४९८	४,१९१	५८०	८०१	६०१	१,२३०
सर्लाही २	४२,५१२	४७,६४९	७,०३९	६,०३६	१,४६३	१,८०७	८,५२३	५,७९७	-	५३	१४३	४०८
सर्लाही ३	४६,८९०	४८,७६५	६,६२४	५,१४८	५,७७६	५,२८८	१३,३३८	७,९५५	-	८७१	४७८	१,३४०
सर्लाही ४	३५,६८८	४५,५१६	२२,८३१	१८,०८१	९,३४३	५,५३६	१,४०१	१,२१५	-	२७	७०	४९९
रौतहट १	२८,९४६	३७,२००	८,५७४	८,३४६	१०,६९३	६,१६१	७,६६९	५,५५८	-	४५	१५५	९४३
रौतहट २	९,३२५	२६,१४३	२९,५२८	२१,२९९	२,३२८	२,३८२	१८,४४२	५,५२८	-	१८	८५	१,७५४
रौतहट ३	२७,३१८	३९,३५०	६,४२०	५,३६८	६,६०५	४,२८३	३,८८१	३,१२५	७०	१७९	१२३	६४१
रौतहट ४	३६,८७६	४०,५७०	१५,८६५	१२,९३०	३,४७८	३,०८६	९,७७८	७,७४५	१८८	५०६	१६३	६३६
बारा १	३९,९९८	४२,१७१	१४,२२३	१२,२४५	११,६४५	९,९३३	२,८७८	२,४४३	३०६	५९२	७४९	१,३७८
बारा २	३५,५९०	३९,६१९	११,८३७	१०,३३०	७,२१३	६,३५६	९१०	९८४	-	६५	२०६	१,०३७
बारा ३	४०,६९७	४३,८५६	१०,०५२	८,२४२	५,२७१	५,०७७	१,७५१	१,३६९	१४२	२९६	३१९	१,०६५
बारा ४	४१,२००	५०,४२१	७,११३	५,०१८	११,६३९	८,९८४	२,०६७	१,९४८	१४४	४४९	८०९	१,७८५
पर्सा १	२७,२७४	३४,४६३	११,८८५	८,२६७	१३,०३०	९,२३१	५३७	६८१	९०	१६४	१,२७२	३,२४०
पर्सा २	३०,७४०	३४,९१८	११,८९०	१०,३४०	११,६०५	८,५८५	९१३	९१३	८३	१४८	१,९९९	३,५०६
पर्सा ३	२९,६७९	३७,१२३	१६,३६६	१२,१९६	११,९१४	८,५७६	२,१३७	१,५१४	-	३३३	२३३	१,४३४
पर्सा ४	२८,००६	३०,३८९	१२,५३४	११,५१२	१२,१४५	९,९३५	३,११३	२,०४९	२५१	२०३	१५८	९७९
बागमतीका १३ जिल्लाका ३३ क्षेत्र												
दोलखा	३२,३७६	३५,८८३	१२,२९८	११,५५५	१७,४४९	१५,८०२	१३,०६५	१०,२७८	३८१	८२८	१,०१०	१,४९८
रामेछाप	२४,८०८	२७,५७०	१६,३०७	१४,३८३	१७,६०९	१५,६७३	१३,३५४	१२,०४०	१,३३६	१,५८७	५४३	१,१६३
सिन्धुली १	१६,६५९	२०,४६४	१५,५७०	१३,२४१	१५,८७५	१४,०६४	४,७०८	४,५५०	२,५९६	२,४६१	५१०	७६५
सिन्धुली २	१७,९४०	१८,९११	६,७६०	६,०६९	११,६०६	९,७०४	१४,७८०	११,२७५	४७१	८१२	२४९	६०७
रसुवा	५,५७१	७,६१८	१०,६५६	९,६००	४,६८८	३,५८८	९५३	९५७	-	२६१	५७	१६७
नुवाकोट १	२२,६०९	२४,७६१	१८,५९७	१५,६०५	८,९३२	७,७६१	१३,३७७	१०,६८१	२८८	६०७	७५६	१,७४१
नुवाकोट २	३२,०५४	३२,६८६	१५,५०३	१४,५७७	८,२८५	७,८८५	६,७२०	५,९४३	३९६	६९७	७७५	१,५५९
धादिङ १	३९,१२८	३९,९५३	१०,०८०	१०,०८३	१५,०३२	१४,७६१	१४,७०९	१३,१८३	१४७	४५२	४२५	१,३२६
धादिङ २	२६,१४५	२८,७५२	२०,२७९	१८,५५४	१०,०८४	९,६३३	९,०३६	७,८७९	२६९	८०३	१,५०४	२,५०९
काठमाडौं १	१५,४५५	१८,८३०	६,३६४	५,५६०	१,६१८	२,१०१	३४५	६१९	४२६	७८४	३,९७२	२,८४८
काठमाडौं २	३४,२३८	३५,४०१	८,८७४	७,३१३	४,७५९	४,५९९	१,९१२	१,८८४	५८८	८७७	५,२१०	५,५१२
काठमाडौं ३	१८,७५७	२४,४११	६,०००	५,०७३	३,८१६	३,७५७	५१८	८१७	३४७	९३५	८४१	२,५८३
काठमाडौं ४	२९,१४२	२९,९३५	८,८२४	७,९००	५,७३३	४,५८४	६५७	९२७	७५६	१,१८८	२,०२५	३,५०७
काठमाडौं ५	३०,७३७	३१,५५३	९,१५९	७,२२२	४,७०१	४,३२०	५७४	८०९	७६९	१,१६९	१,९२२	३,४९५
काठमाडौं ६	२७,९१६	२८,५६९	६,६६७	५,८७७	४,५१८	३,६३२	१,२६०	१,२७४	४४८	६७७	१,३२१	२,४३३
काठमाडौं ७	२७,८०५	२८,८८५	३,९८२	४,३१३	३,५४४	३,२५८	३,६६७	१,९१९	४४६	७६३	१,३८१	२,३६६
काठमाडौं ८	२४,५९२	२५,१७४	२,८३५	३,३७२	१,९०९	१,८९२	३,२१७	१,४८५	२८१	५६९	१,९०९	२,५६९
काठमाडौं ९	३५,०९३	३४,६७१	५,४६०	५,४५७	४,५८०	४,१९९	१,३२८	१,२८६	३३१	५२८	१,४५७	३,०६६
काठमाडौं १०	३७,४६९	३९,१२८	८,१००	६,७७४	४,८६४	४,५१२	२,६४८	२,३३९	५२८	७७६	२,२३९	२,८०७
भक्तपुर १	३३,४३६	४२,४४०	४,२८२	४,४०३	३,७२१	३,४७१	१,१७७	१,१३६	३१०	५५०	२,४७२	२,९८४
भक्तपुर २	४२,३३४	४३,३३२	८,४०१	८,७७८	१०,९९६	८,३९०	१,३२३	१,९३०	६६५	१,०७५	१,२२४	२,८३२
ललितपुर १	२३,३७३	२५,०२०	१३,५२०	१०,८७६	६,५४६	५,४५४	१,९६४	२,२८०	२२१	४७०	६५२	१,५१७
ललितपुर २	३९,४९१	४२,९७५	७,४२०	६,५१६	४,५३६	४,१३१	१,२१७	१,४२६	६०८	१,१५८	१,७६०	२,८०२
ललितपुर ३	४३,०९६	४३,३०७	९,०४५	८,०६६	३,२९७	३,५७८	६,०२२	३,८२५	१,४७२	२,१६९	२,०३७	३,९३३
काभ्रेपलाञ्चोक १	२९,६१८	३२,६२९	१९,१६६	१४,५५१	१३,८१४	११,३८६	१४,१८४	११,९५२	२८७	६१०	६९९	१,४४८
काभ्रेपलाञ्चोक २	५३,३४४	५५,५३३	१७,८६८	१४,७४५	१३,९४०	१२,७८२	८,१०७	६,०५४	४००	७३४	१,१२५	२,४२६
सिन्धुपाल्चोक १	२४,४१२	२७,५२५	११,२९३	९,६२८	११,९६१	१०,२२५	१७,३२७	१२,५४२	२८२	५६७	४९०	१,०६९
सिन्धुपाल्चोक २	१४,०१९	२५,८७०	१९,१४६	१४,४९१	१५,९२६	१३,२५७	२१,६९९	१२,८९७	१२९	३९२	१,६८१	२,३४८
मकवानपुर १	३६,०३३	३९,८३४	१४,०३८	१०,७७६	१२,७८३	११,२२७	१०,७८८	८,४६७	१,०२४	१,६२४	४,५७४	४,०७३
मकवानपुर २	३०,०५०	३३,८५८	१५,०५६	१२,८६२	१८,८४६	१६,४७३	१२,४९२	९,४३१	९३२	१,४६७	७८५	१,५०४
चितवन १	५८,२०८	५९,२४३	१३,०३३	१२,२२८	१०,८९९	१०,५४३	४,०८१	४,०३८	१,१६५	१,५४७	२,३०२	२,९७७
चितवन २	५४,४०२	५४,५०९	१४,५६४	११,५१८	६,९९२	९,०१६	४,९६९	५,५७०	७५१	१,१४९	७०७	१,८१४
चितवन ३	५९,२७७	६०,०४०	८,३४४	९,१४०	५,००४	६,२३९	२०,६१५	१६,४८९	६५०	१,२५३	१,२२६	२,२७३
गण्डकीका ११ जिल्लाका १८ क्षेत्र												
गोरखा १	२९,८९६	३०,८४८	१५,३९८	१४,१६९	३,७३२	३,७७९	११,१२४	१०,७०१	-	४८६	३१०	६२२
गोरखा २	२६,६६०	२७,७०४	११,७००	१०,३४७	३,०८७	२,९४१	११,०७३	१०,२५२	-	६९६	२९२	७२६
मनाङ	-	७५२	२,४१५	१,३७७	-	५७१	४५४	२२६	-	८३	-	१०
लमजुङ	३३,८९८	३४,५७५	१६,५६९	१५,६०२	१६,८७६	१५,८४९	३,३७१	३,२६८	५६५	१,१३७	१,०००	१,६०८
कास्की १	३९,८८३	४१,३५६	११,२१४	१०,७७८	१०,४२९	९,५७५	२,४७९	२,६७५	१,१४१	१,५८४	९७८	१,९१८
कास्की २	३१,९११	३३,६५७	६,५००	६,२७६	७,४९३	६,२७७	१,२७६	१,३११	-	१,०६६	१,६४३	२,३९७
कास्की ३	३७,७५०	३८,६१५	१२,७८०	११,६०२	७,९०६	८,३४७	१,४५६	१,७६९	५८६	९१४	१,४०६	२,१५१
तनहुँ १	३८,०४०	३८,८०७	१६,२३१	१५,१७२	५,८३०	५,९६०	२,३९३	२,८४८	९६७	१,५३२	८२६	१,७७६
तनहुँ २	३२,६८७	३३,७९७	१४,१३५	१३,२२३	११,६६८	१०,८६४	१,९५३	१,९०३	-	१,३४४	१,११७	१,४७८
स्याङ्जा १	२९,०७१	३३,४९९	१८,८५७	१६,३९९	१६,८०४	१४,४८५	१,५५२	१,५३१	४८९	९५७	६९८	१,८७३
स्याङ्जा २	२५,३५४	२९,५०९	२०,८३०	१७,९३१	१४,१०८	११,००६	८४८	१,०४७	-	१,००९	५६६	१,३४९
नवलपरासी पूर्व १	५०,९४५	५०,८४६	१६,२९३	१५,०९०	९,१३१	८,८६६	१,२४५	१,६३०	१,७०२	२,२५३	१,२२१	२,४०२
नवलपरासी पूर्व २	४१,३४७	४१,५१२	१४,७१३	१३,९३७	१५,७५५	१५,९०७	१,५३८	१,५२३	१,१६४	१,९७६	९६३	१,५८५
मुस्ताङ	७५९	२,३१३	३,३०७	२,५२१	१,८०६	१,२०४	१५१	१२६	-	१३६	१६१	१२३
म्याग्दी	१,५३०	१९,९८७	६,६७६	७,५९४	७,९१९	९,४५७	३,५२९	४,१६२	१२७	१,७१५	२५२	८४४
बागलुङ १	२०,९२७	२२,८५९	११,९४४	१०,१८५	८,६४०	७,१४७	-	१,९१९	२५४	८०४	५२३	९४३
बागलुङ २	१२,६४७	१४,२६४	११,८६८	११,३१०	७,८६४	७,०१२	१०,७०९	७,१९४	५६४	७६२	२४३	२७४
पर्वत	२६,५६१	३०,७३५	१५,९५४	१३,८७४	१५,०७५	१३,३४०	४,५५७	३,७८३	-	५४१	५२५	१,४७७
लुम्बिनीका १२ जिल्लाका २६ क्षेत्र												
गुल्मी १	२९,६४२	३०,८६१	१३,५०५	१२,९९२	१५,१८१	१४,१९०	३,१६७	३,०३४	-	७४९	१३०	६११
गुल्मी २	१६,९६७	२१,१९१	१४,४३४	१२,५६०	१६,४०६	१४,७१५	३,०८१	२,७५२	-	१८७	२०२	४७८
पाल्पा १	१४,३३३	१९,७३८	१८,३३६	१३,१७१	१६,८१९	१५,१६५	९५१	१,०५४	-	१,७९५	२०२	४८७
पाल्पा २	२६,७३६	३०,७१४	१२,९९२	१०,८३५	१०,५०३	९,८०१	५,२८८	४,२३२	-	१,७६३	४४०	९१२
अर्घाखाँची	३५,०२३	३९,०८५	१८,९८३	१७,६८१	२२,६४९	२०,४५१	३,८४७	३,९७७	-	५७२	२४४	७२५
रुपन्देही १	५४,८४५	५५,१३२	११,९८२	१०,०३८	७,४८८	७,०१५	२,१९८	२,०३२	१,८२४	२,५०४	८,३०१	१०,४७५
रुपन्देही २	५६,५५०	५६,७७२	९,३९२	८,४६७	१२,८६१	१०,८९८	१,४०९	१,६०३	१,३३६	२,३२४	-	२,५४७
रुपन्देही ३	५८,८१४	५८,३२५	८,४३५	८,१८६	८,२७५	७,६८९	२,५९४	२,२७७	-	१,४०५	७,७८९	८,११८
रुपन्देही ४	२८,०६६	३०,४१७	१५,६१३	१४,०४०	२०,२६२	१५,६७८	४४०	५३७	४७	८०	९२६	३,०५१
रुपन्देही ५	३८,८०६	४१,७५६	१२,६२४	११,२१८	१३,१००	१०,३१६	६,१७६	४,८९९	१,३६९	२,०४३	१,६५४	४,१२१
कपिलवस्तु १	३४,१४८	४३,२५२	१४,५८२	१३,१८७	७,९८१	७,६२१	४,६१६	४,००५	४३९	८८६	२,१२७	५,८४२
कपिलवस्तु २	२७,६३५	३१,१२७	२१,५२७	१९,१३४	७,३५७	६,८४९	२०,४८२	१४,३३८	-	२०९	१,१८१	५,७८७
कपिलवस्तु ३	१८,८९०	२६,१७०	२३,५३५	१४,०७०	१४,७६३	११,१५०	४,२५१	३,७२०	-	३६३	५३६	६,३५४
रुकुम पूर्व	८१९	१,९७०	३,०८१	२,८७०	३,४६२	३,३२९	१०,२४०	९,४३३	-	१७७	८२	१५४
रोल्पा	१०,८९४	१३,६३८	१२,००८	११,४९९	९,९३३	१०,००९	२७,४६०	२५,०६२	-	७८८	८४६	८८६
प्युठान	२७,४६९	३०,७५२	१८,३३८	१५,२२६	१६,७१०	१६,१९५	९,०७४	९,१८१	५९४	९५५	४१५	६८५
दाङ १	४२,६०२	४३,८४४	१५,२८०	१४,३५५	६,८२५	६,९८४	४,९६५	५,५३७	-	७०८	१,२९२	१,९०७
दाङ २	४३,५५९	४२,६५८	११,५५८	११,३६९	१५,२८७	१३,९२६	७,०८३	७,२६८	-	८७१	७६०	१,७५६
दाङ ३	४४,२४८	४४,४९९	१६,४५३	१५,७२४	१२,१९५	१२,४४५	९,३२८	८,२५६	२२७	४७७	१,०५७	२,२२८
बाँके १	३२,७९२	३४,३८२	१५,३०१	१४,२२४	११,०९५	१०,३२०	६,०३३	५,८४३	४६३	६११	३,२३४	४,२८४
बाँके २	१८,६८२	२४,३४१	१७,५९६	१२,५८४	२४,६२८	२०,५५२	१,४५६	३,१६५	१३६	२९९	१,७२३	३,६६५
बाँके ३	२९,५५१	३१,३०६	१३,२१५	१३,२७८	१९,६१५	१६,२३०	४,०१५	४,१५८	३३९	५८५	१,९१२	२,९६५
बर्दिया १	४९,६३१	४९,३२२	१२,७२२	१२,०७२	१४,६४३	१३,८७०	९,२८५	८,७९४	३३६	५०६	१,३४४	२,८६६
बर्दिया २	२९,६७८	३४,१२१	२०,४०२	१९,६०५	१०,७७२	१०,३७०	१९,१८०	१७,१५४	३९०	५७१	१,१२७	१,६२७
नवलपरासी प. १	४५,२४१	४७,४०७	९,५०२	८,९४५	७,९५६	६,४६८	१,०५६	१,२४०	५८६	८९५	१,५९३	३,१०३
नवलपरासी प. २	४४,१३८	५०,५७२	१५,९४५	११,३८९	४,३११	४,३०६	१,८३८	१,६८१	-	१,१८०	४,६९१	४,४१४
कर्णालीका १० जिल्लाका १२ क्षेत्र												
सल्यान	२०,९०४	२५,६६५	१७,५५८	१६,०६९	१५,३७३	१४,०९२	२३,१८९	२०,३३९	१५०	३१२	९०२	१,४३०
डोल्पा	१८१	३,१०२	२,९४७	२,५९५	५,३९६	४,९४४	६,८०२	४,७०७	-	७२	९२	२३४
मुगु	५३०	२,११०	७,९१४	७,२७१	६,७१८	६,०४१	५,५५८	४,६५०	-	३९	२०३	४५८
जुम्ला	४२१	५,११८	७,१४३	९,३६०	४,५१८	६,०२९	११,६३५	१०,२०२	-	२००	१४,८१६	६,५५२
कालीकोट	३,१०१	५,००१	७,४५०	७,७५४	१०,६४७	९,५२०	११,७३४	११,१८९	-	३६	६०३	१,१९५
हुम्ला	१,०६४	२,०३५	८,७९७	७,९१५	४,३३१	५,२८०	७,२४३	६,२३१	-	३०	१२४	२०६
जाजरकोट	२,४७१	५,७५२	२०,१४२	१७,३१८	१६,८८३	१६,४५९	१७,४०७	१६,३२२	-	९२	३५९	५०६
दैलेख १	८,१५१	११,४८१	१२,३७२	१०,७१८	११,७९६	१०,८५९	४,२५६	३,४८९	-	३६७	५९८	९०३
दैलेख २	६,७९७	९,११०	९,५५२	९,३०९	१३,८८९	१२,८७८	३,८५१	२,८४०	-	५४	३६६	५१९
सुर्खेत १	१४,७२९	२०,५२७	२६,८९७	२३,४२३	१८,८९०	१६,८५२	२,८२८	२,८०७	६४१	९५२	१,०४९	१,१४९
सुर्खेत २	३०,८२६	३३,६९९	१६,३९२	१४,३२०	१३,१५५	१२,०६२	४,५८७	४,२८९	१,६४६	२,२७१	१,३१५	२,१२५
रुकुम पश्चिम	४,०७६	१०,१४९	१६,६६१	१५,१८१	१,८६९	५,८४७	२१,६०९	२०,०३६	-	२३२	२२८	४७८
सुदूरपश्चिमका नौ जिल्लाका १६ क्षेत्र												
बाजुरा	६,०३५	६,८२०	१७,१७३	१६,७४६	१६,६३३	१५,८९७	३,३०१	३,३५८	-	२५	३५२	४७०
अछाम १	१,७३९	४,७८०	१०,७५९	९,५२३	७,३८९	६,६१७	१०,२३३	९,३५१	-	२०	१०२	२२८
अछाम २	४,५६२	५,८४०	९,०४६	९,५१२	९,५१८	८,९८५	६,४९३	४,८११	-	१८	१६७	५६८
बझाङ	९,२६३	१२,७१३	१६,३०४	१५,१८७	१८,५४३	१६,९५४	९,७५७	८,८१४	-	४७	४०५	४६२
डोटी	१३,२७०	१४,७९७	१४,८९७	१४,८३६	१४,११०	१२,६८९	५,४१३	४,६६७	-	८५	५९४	९४९
कैलाली १	१७,८२६	२२,२०४	१२,८६७	१०,६४५	४,४९३	३,७९०	८,३९२	६,८०७	९०८	१,०५४	२,९३७	४,०१०
कैलाली २	१९,०५७	२२,५५९	७,२१३	७,१०७	७,८८६	६,८१८	४,३६९	४,९०२	-	५७१	७४४	१,५३३
कैलाली ३	२०,३५९	२२,१५८	९,७०६	९,८६४	४,७५२	४,७५२	११,९८३	९,७३८	-	४४५	२,३४७	२,४६६
कैलाली ४	२८,५५६	२९,८५६	११,३०१	११,०१४	९,४४४	८,५६५	५,६०९	५,१०७	३७९	७२४	१,३५८	२,४९५
कैलाली ५	३१,९५३	३२,९५३	११,९५८	१०,३७३	५,८३९	५,८४४	७,८७६	५,८८६	-	६६७	१,५९२	३,६९९
दार्चुला	८,९३६	१२,२०७	१५,८३६	१३,८८१	१८,८९१	१६,९०९	३,०६५	३,५९२	-	५८	६६६	१,१२८
बैतडी	२२,१३४	२३,७३६	१८,१९४	१५,९०७	१७,०९१	१६,०४९	६,९६५	६,३३५	७८	६०	२,६८१	३,४७१
डडेल्धुरा	१९,१३१	१९,२६८	१२,१२१	११,८५१	२,९२६	३,२७५	६,८३४	५,७७२	२६०	२३२	८८२	२,३९२
कञ्चनपुर १	२४,३३२	२५,९२२	८,४६७	७,२०८	८,०८८	७,४३४	११,११०	९,६२७	-	७९३	१,५६०	२,८३७
कञ्चनपुर २	३३,९५२	३३,३७५	१०,८२७	१०,५१२	६,४१८	६,७८५	६,३३७	५,६९८	-	२१८	१,९९३	३,६५४
कञ्चनपुर ३	२७,११८	२८,६४८	९,४४३	८,६७६	७,५७५	६,५४६	४,२८४	३,४२०	२२४	२८८	३,९०२	५,९०१

समानुपातिकमा...

पृष्ठ १ बाट क्रमशः

ल्याएर पराजित बनेका छन् । त्यस क्षेत्रमा रास्वपाले ५८ हजार १०५ मत पाउँदा एमालेले ११ हजार २७३ मत पाएको छ । यो क्षेत्रमा पनि एमालेले प्रत्यक्षमा भन्दा समानुपातिकमा केही कम मत पाएको छ ।

त्यस्तै, कांग्रेसको गढका रूपमा स्थापित काठमाडौं ४ भत्काएर रास्वपाका पुकार बम २९ हजार १४२ मतसहित विजयी भए भने प्रतिद्वन्द्वी कांग्रेसका सचिन तिमल्सिनाले आठ हजार ८२४ मत पाए । यो क्षेत्रमा समानुपातिकतर्फ रास्वपाले प्रत्यक्षमा पाएभन्दा बढी २९ हजार ९३५ मत पाउँदा कांग्रेसले भने प्रत्यक्षमा पाएभन्दा कम ७ हजार नौ सय मत पायो ।

उता, एमालेको गढका रूपमा चिनिने रुपन्देही २ विष्णु पौडेल रास्वपाका सुलभ खरेलसँग पराजित भए । पौडेलले १२ हजार ८६१ मत पाउँदा खरेल ५६ हजार ५५० मत पाएर विजयी भए । यो क्षेत्रमा समानुपातिकतर्फ रास्वपाले ५६ हजार २७२ मत पाउँदा एमालेले १० हजार ८९८ मत पायो । पौडेलले पाएभन्दा समानुपातिकमा एमालेले दुई हजारहाराहारी कम मत पायो ।

रुपन्देही १ मा रास्वपाले समानुपातिकमा ५५ हजार १३२ मत पाउँदा एमालेले सात हजार १५ मत मात्र पाएको छ । छविलाल विश्वकर्माले जित्दै आएको एमालेको गढमा यसपटक प्रत्यक्षमा तेस्रो भएको छ । रास्वपाका सुनील लम्साल ५४ हजार ८४५ मत ल्याएर विजयी बन्दा कांग्रेसका हिराबहादुर खत्री ११ हजार ९८२ मतमै सीमित भए । यो क्षेत्रमा कांग्रेसले प्रत्यक्षमा भन्दा कम १० हजार ३८ मत पाएको छ ।

त्यस्तै, ०६४ यता लगातार एमालेले जित्दै आएको गुल्मी २ मा रास्वपाका गोविन्द पन्थीले एमालेका गोकर्ण विष्टलाई पराजित गरेका छन् । पन्थीले १६ हजार ९६७ मत पाएर जित्दा विष्टले १६ हजार ४०६ मत पाएका छन् । यो क्षेत्रमा समानुपातिकमा प्रत्यक्षमा भन्दा धेरै बढी २१ हजार १९१ पाउँदा एमालेले भने कम अर्थात १४ हजार ७१५ मत मात्र पाएको छ ।

उता, तत्कालीन माओवादीको गढ मानिने सिन्धुली २ पनि यसपटक रास्वपाले भत्काएको छ । रास्वपाबाट आशिष गजुरेल १७ हजार ९४० मत पाएर विजयी बन्दा नेकपाका लेखनाथ दाहालले १४ हजार ७८० मत पाएका छन् । त्यहाँ समानुपातिकमा रास्वपाले १८ हजार ९११ मत ल्याउँदा नेकपाले पनि कांग्रेस-एमालेले जस्तै कम अर्थात् ११ हजार २७५ मत ल्याएको छ ।

त्यस्तै, कांग्रेसको गढ मानिने नुवाकोट १ मा रास्वपाका विक्रम तिमल्सिना २२ हजार ६०९ मत पाएर विजयी भएका छन् । प्रतिद्वन्द्वी डा. प्रकाशशरण महतले १८ हजार ५९७ मत पाएका छन् । समानुपातिकमा रास्वपाले २४ हजार ७६१ र कांग्रेसले १५ हजार ६०५ मत पाएको छ । यो क्षेत्रमा पनि समानुपातिकमा कांग्रेसले प्रत्यक्षमा भन्दा झन्डै तीन हजार मत कम पाएको छ ।

त्यस्तै, लामो समयदेखि नै एमालेले जित्दै आएको पाल्पा १ मा कांग्रेसका सन्दीप राना १८ हजार ३३६ मत ल्याई विजयी बन्दा एमालेका नारायण आचार्य १६ हजार ८१९ मै सीमित बने । त्यो क्षेत्रमा कांग्रेसले समानुपातिकमा १३ हजार १७१ मत पाउँदा एमालेले १५ हजार १६५ पायो । तर, तेस्रो स्थानमा पराजित रास्वपाले भने प्रत्यक्षमा जित्ने दल कांग्रेसले भन्दा पनि धेरै अर्थात् १९ हजार ७३८ मत पाएको छ ।

एमालेकै गढ मानिने पाल्पा २ मा रास्वपाका माधव थापाले २६ हजार ७३६ मत ल्याएर जितेका छन् भने कांग्रेसका हिमालदत्त श्रेष्ठले १२ हजार ९९२ मत पाएका छन् । समानुपातिकमा रास्वपाले ३० हजार ७१४ र एमालेले तेस्रो मत नौ हजार ८०१ मत पाएको छ । यो क्षेत्रमा कांग्रेसले १० हजार ८३५ मत पाएको छ । उसको यो मत पनि प्रत्यक्षमा भन्दा दुई हजार कम छ ।

त्यस्तै, ०४८ देखि नेमकिपाको गढ भक्तपुर १ मा रास्वपाका रुकेश रञ्जितले ३३ हजार ४६६ मत ल्याएर जिते । सो क्षेत्रमा प्रतिद्वन्द्वी नेमकिपाका प्रेम सुवाल २८ हजार १४७ मै सीमित भए । त्यहाँ समानुपातिकमा रास्वपाले प्रत्यक्षमा भन्दा नौ हजार बढि अर्थात् ४२ हजार ४४० र नेमकिपाले भने प्रत्यक्षमा भन्दा आठ हजार कम अर्थात् २० हजार २२९ मत पाएको छ ।

उता एमालेको गढ भनेर चिनिँदै आएको पर्वतमा रास्वपाका सागर भुसालले २६ हजार ५६१ मत पाएर जिते भने प्रतिद्वन्द्वी अर्जुन जोशीले १५ हजार ९५४ मत ल्याए । समानुपातिकतर्फ रास्वपाले ३० हजार ७३५, कांग्रेसले १३ हजार ८७४ र एमालेले १३ हजार ३४० मत ल्याएको छ । समानुपातिकमा रास्वपाले प्रत्यक्षको भन्दा बढी मत पाउँदा कांग्रेस र एमालेले भने कम पाएका छन् ।

एमालेले लगातार जित्दै आएको सिराहा ३ बाट ३२ हजार २४९ मत ल्याएर रास्वपाका शम्भुकुमार यादव विजयी भए भने एमालेका लीलानाथ श्रेष्ठ १० हजार १५६ मतमै सीमित भए । यो क्षेत्रमा रास्वपाले समानुपातिकमा प्रत्यक्षमा भन्दा बढी ३७ हजार ३५८ र एमालेले तेस्रो मत आठ हजार ६५७ मत ल्याएको छ । दोस्रो मत कांग्रेसले नौ हजार ५० पाएको छ ।

०७० यता लगातार एमालेले जित्दै आएको बैतडीमा रास्वपाका हरिमोहन भण्डारी २२ हजार १३४ मत पाएर विजयी भए । प्रतिद्वन्द्वी कांग्रेसका चतुरबहादुर चन्दले १८ हजार १९४ मत पाए । समानुपातिकमा रास्वपाले १८ हजार ८३०, दोस्रो समानुपातिक मत भने एमालेले १६ हजार ४९ र कांग्रेसले १५ हजार ९०७ मत पायो । कांग्रेस र एमाले दुवैले समानुपातिकमा यो जिल्लामा पनि प्रत्यक्षतर्फभन्दा कम मत ल्याएका छन् ।

त्यस्तै, एमालेको गढका रूपमा चिनिने काभ्रे २ यो निर्वाचन रास्वपाले जितेको छ । यो क्षेत्रमा ०७४ देखि दुई निर्वाचन पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटा देशकै दोस्रो ठुलो मत ल्याएर विजयी बनेका थिए । यो निर्वाचनमा भने रास्वपाका बदनकुमार भण्डारी ५३ हजार ३४४ मतसहित विजयी बन्दा कांग्रेसका मधु आचार्य १७ हजार ८६८ मतमै सीमित रहेर दोस्रो बने । समानुपातिकमा रास्वपाले ५५ हजार ५३३ र कांग्रेसले १४ हजार ७४५ तथा एमालेले १२ हजार ७८२ मत पायो । यहाँ पनि ठुला दुई पार्टीले प्रत्यक्षमा भन्दा समानुपातिकमा कम मत पाएका छन् ।

कांग्रेसको गढ भनेर चिनिने मोरङ ६ मा डा. शेखर कोइराला १२ हजार ८५० मत पाएर हारेका छन् । उनलाई रास्वपाकी रुविना आचार्यले ५५ हजार ५१३ मत पाएर पराजित गरेका थिए । सो क्षेत्रमा रास्वपाले समानुपातिकमा ५४ हजार पाँच सय र कांग्रेसले ११ हजार ९६४ मत पायो । यहाँ पनि कांग्रेसले समानुपातिकमा प्रत्यक्षमा भन्दा कम मत पाएको छ ।

एमालेको गढ चिनिने अर्घाखाँचीमा रास्वपाका हरिप्रसाद भुसालले ३५ हजार २३ मत पाएर विजयी भए भने एमालेका पीताम्बर भुसालले २२ हजार ६४९ मत पाएर दोस्रो बने । समानुपातिकमा रास्वपाले ३९ हजार ८५ र एमालेले २० हजार ४५१ मत पाए । रास्वपाले समानुपातिकतर्फ मत बढाउँदा एमालेले भने दुई हजारजति मत प्रत्यक्षमा भन्दा कम पाएको छ ।

झापा ३ मा ०७४ यता राप्रपाका राजेन्द्र लिङ्देन विजयी बन्दै आएकोमा रास्वपाका प्रकाश पाठकले गढ भत्काउँदै ३८ हजार ६४७ मत पाए । राप्रपाका लिङ्देन १७ हजार २९४ मतमै सीमित भए । समानुपातिकमा रास्वपाले ३९ हजार ५९६ मत ल्याउँदा राप्रपाले १५ हजार ९५ मत पायो ।

जसपाको गढ मानिने सप्तरी ३ मा अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै रास्वपाका अमरकान्त चौधरी ३२ हजार ८७५ मत पाएर विजयी बने । जहाँ यादवले १५ हजार २३९ मत पाएका थिए । सो क्षेत्रमा रास्वपाले समानुपातिकतर्फ ३६ हजार १५३ र जसपाले १२ हजार ५६९ मत पाएको छ ।

नेमकिपा भक्तपुर १ मा दोस्रो

विगतमा जित्दै आएको भक्तपुर १ मा रास्वपाका रुकेश रञ्जित ३३ हजार ४३६ मत ल्याएर विजयी बन्दा नेमकिपाका प्रेम सुवाल २८ हजार १४७ मतमै सीमित रहे । समानुपातिकतर्फ पनि यहाँ नेमकिपा दोस्रो रह्यो । रास्वपाले ४२ हजार ४४० मत पाउँदा नेमकिपाले भने २० हजार २२९ मत पाएको छ ।

घरमै प्रसूति...

पृष्ठ १ बाट क्रमशः

अवस्था झन् बिग्रिएपछि बिहीबार मात्र नेपाली सेनाको हेलिकोप्टरमार्फत थप उपचारका लागि सुर्खेत प्रादेशिक अस्पताल लगियो । त्यहाँ बिहीबार राति १ बजे उनको ज्यान गएको छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालका डा. नवीनकुमार मण्डलका अनुसार अस्मितालाई अस्पताल ल्याउँदा स्वास्थ्य अवस्था गम्भीर थियो । 'हामीले शल्यक्रिया गरेर शिशु निकाल्यौं । तर, उच्च रक्तचापले कलेजो र पित्तथैलीमा असर गरिसकेको रहेछ, आइसियूमा राखेर उपचार गर्दा पनि सुधार नभएपछि सुर्खेत रेफर गरेका थियौं,' उनले भने, 'सुर्खेतमा उपचारका क्रममा ज्यान गएको खबर छ ।' शिशुको अवस्था भने सामान्य रहेको उनले बताए ।

डा. मण्डलका अनुसार अझै पनि घरमै प्रसूति गराउन खोज्ने र धामीझाँक्री वा झारफुकको सहारा लिने प्रवृत्ति गाउँघरमा छ । 'गर्भवतीको नियमित स्वास्थ्य परीक्षण गराउनु र चिकित्सकको निगरानीमा रहनु सुरक्षित मातृत्वका लागि महत्त्वपूर्ण मानिन्छ,' उनले भने, 'स्थानीय सरकार, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा समुदायका अगुवाले मिलेर जनचेतना फैलाउन सके परम्परागत विश्वासका कारण हुने उपचार ढिलाइ कम गर्न सकिन्छ ।'

गत वर्ष माघमा मात्र तातोपानी गाउँपालिका- १, बाँइराकाकी ३० वर्षीया सुत्केरी मुगा शाही र नवजात शिशुको मृत्यु भएको थियो । सुरुमा धामीझाँक्रीबाट झारफुक गराइएको थियो । तर, स्वास्थ्य अवस्था बिग्रेपछि मात्र शिक्षण अस्पताल लगिएको थियो ।

जनस्वास्थ्य कार्यालय जुम्लाकी नर्स टीका पुनमगरका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ मा दुई सुत्केरीको मृत्यु भएको छ । तातोपानी र तिला गाउँपालिकाका एक-एकजना सुत्केरीको मृत्यु भएको हो । यस्तै गत आर्थिक वर्षमा तीन सुत्केरीको मृत्यु भएको थियो । पातारासीकी एक, सिँजाकी एक र तातोपानीकी एक गरी तीनजना सुत्केरीको मृत्यु भएको थियो ।

सन् २०३० सम्म मातृ मृत्युदर प्रतिलाख ७० मा झार्ने लक्ष्य

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा मातृ मृत्युदर प्रतिलाखमा १५१ छ । दिगो विकासको लक्ष्यअनुरूप सन् २०३० सम्म मातृ मृत्युदरलाई प्रतिलाख ७० मा झार्ने लक्ष्य लिइएको छ । स्वास्थ्य मन्त्रालयको नेपाल मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ अनुसार सुत्केरी अवस्थामा हुने उच्च रक्तस्रावबाट २७ प्रतिशत, रिँगटा लाग्ने, काम्ने र बेहोस हुने समस्याले १२ प्रतिशत सुत्केरी तथा गर्भवती महिलाको मृत्यु भएको छ । त्यस्तै, उच्च रक्तचापले १२ प्रतिशत सुत्केरी तथा गर्भवतीले ज्यान गुमाउने गरेका छन् भने गर्भावस्थामा हुने विभिन्न संक्रमणबाट सात प्रतिशतको ज्यान जान्छ ।

राष्ट्रिय जनगणना, २०७८ का अनुसार सुत्केरी र गर्भावस्थामा ज्यान गुमाउनेमध्ये ४३ प्रतिशतले अस्पताल ढिलो पुर्‍याएका कारण मृत्युवरण गर्नुपरेको छ । गर्भपतनदेखि बच्चा जन्माइसकेपछि हुने उच्च रक्तस्राव, संक्रमण, उच्च रक्तचाप, गर्भपतन आदिका कारण गर्भवती र सुत्केरीको ज्यान जाने गरेको छ ।



'जस्टिस फर इनिसा'को प्लेकार्ड बोकेर जिल्ला प्रहरी कार्यालयको गेटमा प्रदर्शन गर्दै इनिसा अध्ययनरत विद्यालय उषा बालवाटिकाका विद्यार्थी, शिक्षक र कर्मचारी

न्याय माग्दै...

पृष्ठ १ बाट क्रमशः

नारा लेखिएका प्लेकार्डसहित उनीहरूले प्रदर्शन गरेका छन् ।

इनिसा २३ फागुनमा सुर्खेतको सामुदायिक जंगलमा बेहोस फेला परेकी थिइन् । प्रादेशिक अस्पताल सुर्खेत पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । अनुसन्धान प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोली सुर्खेत पुगेर घटनाको अनुसन्धान थालेको छ ।

घटना अनुसन्धान गर्न प्रहरी निरीक्षकको नेतृत्वमा सिआइबीको विज्ञ टोली वीरेन्द्रनगर आएर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक सुधीरराज शाहीले बताए । जिल्ला प्रहरी कार्यालय सुर्खेतले प्रारम्भिक अनुसन्धानको काम सकेको र घटनामा प्राप्त प्रमाणको वैज्ञानिक र प्राविधिक विश्लेषणका लागि सिआइबीको सहयोग लिनुपरेको शाहीले बताए । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार किशोरलाई पक्राउ गरिसकेको छ ।

इनिसाको शव आफन्तले बुझ्न नमान्दा एक सातादेखि कर्णाली प्रादेशिक अस्पतालको शवगृहमा छ । सामूहिक बलात्कारपछि हत्या गरिएको र घटनामा संलग्नलाई कारबाही हुने विश्वस्त वातावरण नभएसम्म शव नबुझ्ने अडान आफन्तले राखेका छन् ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ३० फागुन ०८२
nayapatrikaofficial @nayapatrika

संसद्मा महिला
सडकबाट आशाको नजर

०६४ पछि पहिलोपटक १४ महिला प्रतिनिधि प्रत्यक्षतर्फ निर्वाचित भएपछि उत्साह छाएको छ

राजनीति



● शान्ति तामाङ



देशले महिला राष्ट्रपति पाइसकेको छ। प्रधानमन्त्री, सभामुख, प्रधानन्यायाधीश र मन्त्रीजस्ता उच्च पदमा पनि महिला पुगिसकेका छन्। अब बन्ने सरकारमा पनि महिलाले प्रतिनिधित्व गर्ने निश्चित छ। युवा महिला प्रतिनिधि बढेसँगै लैंगिक हिंसा कम हुने र महिला अधिकारको क्षेत्रमा पनि काम हुने अपेक्षा गरिएको छ।

■ सडकको अपेक्षा

रामेछापकी धनमाया नगरकोटी (४५)ले रत्नपार्कको फुटपाथमा बसेर व्यापार गर्न थालेको करिब नौ वर्ष भयो। विगत चार वर्षदेखि उनलाई एउटै भयले पिरोल्यो, 'नगर प्रहरी आएर लखेट्ने त होइन ?' डरैडरमा उनले फलफूल बेच्न छाडेर बदाम र पानी बेच्न थालिन्। 'नगर प्रहरीले लेखेट्दा बेच्न राखेको फलफूल धेरै बिग्रियो। घाटा लाग्यो। भाग्न सजिलो होस् भनेर पानी र बदाम बेच्न थालैं,' उनी भन्छिन्। तर, लखेट्नेहरूप्रति उनी नकारात्मक भइनन्। उनीहरूले माथिको आदेश पालना गरेको भन्ने सोचिन्। उनलाई अहिले तत्कालीन महानगर प्रमुख बालेन्द्र शाह प्रधानमन्त्री हुन लागेको चर्चा सुनेर खुसी लागेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीको १३ र नेपाली कांग्रेसको एक गरी १४ महिला उम्मेदवार विजयी भएको खबरले उनी अझै खुसी छिन्। तीन छोराछोरी हुर्काइरहेकी उनलाई अब देशले मुहार फेर्छ भन्ने आशा लागेको छ। उनी भन्छिन्, 'चुनाव जित्नेहरू सबै युवा छन्। महिला पनि धेरै छन्। अब हाम्रा लागि पनि केही पक्कै होला।'

काठमाडौंकी कमला तामाङ (५४)ले यसपटक बिरामीका कारण मतदान गर्न पाइनन्। हाल एक होटेलमा किचन हेल्परको रूपमा काम गर्ने उनलाई युवा महिला सांसद देखेर निकै आशा लागेको छ। उनलाई महिलाको दिन फिरेकोझैं लागेको छ। लामो समय घरेलु हिंसा भोगेकी उनलाई आफ्ना छोरीहरूले त्यस्तो हिंसा भोग्न नपरे हुन्थ्यो भन्ने लागेको छ। उत्साहित हुँदै उनी भन्छिन्, 'अब ६० वर्षमै भक्ता दिन्छ भन्ने सुनेको छु। कति सत्य हो थाहा छैन। तर, हामीजस्ताका लागि पनि केही होला भन्ने निकै आशा लागेको छ।'

काभ्रेकी सुशीला अधिकारी (४२) टेम्पो चालक हुन्। उनले टेम्पो चलाउन थालेकै दुई दशक हुन थाल्यो। यो दुई दशकमा उनले काठमाडौंमा अनेक हन्डर भोगिन्। सामाजिक संरचनाले दिएको ठक्करको हिसाबै छैन। दुई दशकयताका सरकारले महिलालाई सहुलियत ऋण दिने भन्ने धेरै सुनिन्। तर, पाइनन्। उनीचाहिँ पर्ख र हेरको अवस्थामा छिन्। उनी भन्छिन्, 'जसको सरकार आए पनि केही हुन्न। महिला वा पुरुष, जोसुकै आओस्। आफ्नो दुःख आफैंसँग छ।'

२०७८ को जनगणनाअनुसार पुरुषको संख्या एक करोड ४२ लाख ५३ हजार ५५१ (४८.९८ प्रतिशत) र महिलाको संख्या एक करोड ४९ लाख ११ हजार २७ (५१.०२ प्रतिशत) छ। अर्थात्, पुरुषको तुलनामा महिलाको संख्या करिब एक प्रतिशतले धेरै छ। लैंगिक अनुपातमा महिला सांसद अझै धेरै विजयी हुनुपर्ने हो। अहिले जति महिला विजयी भएका छन्, उनीहरूप्रति महिला मतदाताले ठुलो अपेक्षा गरेका छन्।

फागुन २१ गते भएको चुनावमा रास्वपाबाट इन्दिरा राना मगर (५५), तोसिमा कार्की (३६), सोबिता गौतम (३०), निशा डाँगी (२९), रन्जु न्यौपाने (३०), रुबिना आचार्य (३१), बिना गुरुङ (५३), कोमल ज्ञवाली (४७), आशा झा (४२), नीतिमा भण्डारी कार्की (४३), आसिका तामाङ (३७), गौरी कुमारी (५४) र पुष्पाकुमारी चौधरी (३६) ले चुनाव जितेका छन्। कांग्रेसबाट बासना थापा (४५) विजयी भएका छन्। इन्दिरा, तोसिमा, सोबिता र निशा दोहोऱ्याएर प्रतिनिधिसभा सदस्य बनेका हुन्। जितेकामध्ये सातजना ४० वर्षमुनिका महिला छन्।

■ महिला हिंसाको बढ्दो ग्राफ

महिला प्रतिनिधि संसद् प्रवेश गर्ने तयारी भइरहँदा महिला हिंसाका विगतका घटनाले न्याय पाउने अपेक्षा बढिरहेको देखिन्छ। नेपाल प्रहरीको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा लैंगिक हिंसाको मुद्दा दर्तामा वृद्धि भएको छ। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष ०७७/०७८ मा घरेलु हिंसाका १४ हजार दुई सय ३२ मुद्दा दर्ता भएका थिए। यो संख्यामा वृद्धि भएर आर्थिक वर्ष ०८१/०८२ मा १७ हजार चार सय ९६ पुगेको छ। प्रहरीका अनुसार महिला हिंसाको स्वरूप फेरिँदै जाने क्रममा अनलाइन प्लेटफर्मको माध्यमबाट हुने हिंसामा समेत वृद्धि भएको छ। प्रविधिको प्रयोगमा वृद्धि भएसँगै महिलामाथि हुने हिंसाका स्वरूप फेरिएका हुन्।

साइबर ब्युरोको तथ्यांकअनुसार विभिन्न किसिमका नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी अनलाइन प्रविधिमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्नेजस्ता कार्यका विरुद्ध उजुरी पर्ने गरेको छ। यस्ता हिंसा फेसबुक, हवाट्सएप, टिकटक, इमोलगायत माध्यमबाट धेरै हुने गरेको छ। अनलाइन प्लेटफर्ममार्फत हुने यस्ता हिंसा पनि पछिल्लो पाँच वर्षमा वृद्धि भएका छन्। ब्युरोका अनुसार ०७५/०७६ मा एक सय ९४ जनाले यस्ता हिंसाविरुद्ध उजुरी दिएका थिए। ०८२/०८३ पुससम्मको तथ्यांकअनुसार तीन हजार एक सय ६६ जनाले त्यस्ता हिंसाविरुद्ध उजुरी दिएका छन्।

यस्ता हिंसासँगै बलात्कारजस्तो जघन्य घटना पनि समाजमा कायमै छ। साढे चार दशकअघि पोखरामा भएको नमिता-सुनिता हत्याकाण्ड अझै रहस्यमय छ। २०७५ साउन ११ गते कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भयो। त्यो घटनाको दोषी पनि अझै पक्राउ पर्न सकेको छैन। ०६४ को निर्वाचनपछि अत्यधिक महिला प्रतिनिधि संसद् प्रवेश गर्ने तयारी गरिरहँदा सुर्खेतकी १६ वर्षीया इनिसा विकको बलात्कारपछि हत्या भएको छ। देशले महिला राष्ट्रपति पाइसकेको छ। प्रधानमन्त्री, सभामुख, प्रधानन्यायाधिस र मन्त्रीजस्ता उच्च पदमा पनि महिला पुगिसकेका छन्। अब बन्ने सरकारमा पनि महिलाले प्रतिनिधित्व गर्ने निश्चित छ। राज्यका निकायमा अयुवा महिला प्रतिनिधि बढेसँगै लैंगिक हिंसा कम हुने र महिला अधिकारको क्षेत्रमा पनि काम हुने अपेक्षा गरिएको छ।

■ विजयी महिला उम्मेदवार भन्छन्- महिला सशक्तीकरण बढाउनेछौं

युवा महिलाहरू संसद् प्रवेश गरेपछि श्रमिक महिलाले आफ्नो दैनिक जीवनमा बदलाव आउने अपेक्षा गरेका छन्। साथै लैंगिक हिंसामा पनि कमी आउने अपेक्षा गरिएको छ। तर, सबैभन्दा धेरै विजयी भएको रास्वपाले आफ्नो वाचापत्रमा महिलाका लागि नै काम गर्ने सवाल उठाएको छैन। तर, सो पार्टीलाई प्रतिनिधित्व गरेर विजयी भएका महिलाले भने महिलाका मुद्दामा काम गर्ने बताएका छन्। पूर्वउपसभामुख तथा भर्खरै विजयी उम्मेदवार इन्दिरा राना मगर एउटै पार्टीबाट १३ जना महिलाले चुनाव जित्दा अरू महिलालाई पनि प्रेरणा मिलेको बताउँछिन्। 'हरेक निकायमा महिलालाई अगाडि बढाउन निर्णायक ढंगले काम गर्ने कुरा छ,' रानामगर भन्छिन्, 'महिलालाई सुरक्षित भएर बाहिर आउन सक्ने वातावरण बन्नुपऱ्यो। आमाको नामबाट नागरिकता लिने विषयमा झमेला छ। त्यसलाई अझै स्पष्ट बनाउने विधेयक बनाउनुपर्ने देखिन्छ। महिलाहरू आर्थिक रूपमा सक्षम पनि हुनुपऱ्यो। रोजगारी, उद्यममा महिलालाई सशक्तीकरण गर्ने, अवसर दिने खालको कानुन बनाउने, स्पेस दिने हिसाबले प्रस्तुत हुन्छु।'

उनी महिलालाई सशक्त बनाएर नेपालमै रहने वातावरण बनाउने बताउँछिन्। उनी भन्छिन्, 'पुरुषले महिलालाई सम्मान गर्ने कुरा शिक्षामै ल्याउनुपर्छ। घरबाटै सिकाउनुपर्छ।'

रास्वपा सांसद निशा डाँगी महिलाहरूको उल्लासमय जितले आममहिलामा सकारात्मक प्रभाव परेको र परिवारमा समेत छोरीहरूले गर्न सक्छन् भन्ने भावना विकास भएको बताउँछिन्। आगामी दिनमा एकल महिलाका विषयलाई प्राथमिकतामा राखेर काम गर्ने उनले बताइन्। उनी भन्छिन्, 'मेरो निर्वाचन क्षेत्रमा पाँच हजारभन्दा बढी एकल महिला छन्। उनीहरूका लागि केही न केही काम गर्नुपर्छ भन्ने लागेको छ। राज्यले उनीहरूलाई एकल महिला भत्ता मात्रै दिएको छ। उनीहरूलाई भत्ता होइन, रोजगारीको आवश्यकता छ।'

रास्वपा सांसद डा. तोसिमा कार्कीले यसपटक जनता र समाजले महिला नेतृत्व स्विकारेर समता र समानता स्विकारेको बताइन्। 'संसद्मा म पुग्नु भनेको समग्र महिलाको प्रतिनिधित्व गर्ने अवसर हो,' उनी भन्छिन्, 'यो अवसरमा स्वाथ्य, शिक्षा, रोजगारी, महिलाको सुरक्षाजस्ता मुद्दामा काम गर्छौं। महिलालाई आर्थिक रूपले आत्मनिर्भर बनाउने काम अगाडि बढाउँछौं। अब हाम्रो मुख्य मुद्दा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउने हुनेछ।' उनले घरेलु हिंसा र लैंगिक हिंसाका पीडितलाई न्याय दिलाउन फास्ट ट्र्याक कोर्टको व्यवस्थासहित न्याय प्रणालीलाई चुस्त बनाउने बताइन्। उनले भनिन्, 'दलहरूमा पनि संरचनागत सुधार आवश्यक छ। कुनै पनि दलभित्र महिलाको उपस्थिति निर्णय तहमा छैन। महिलालाई उप पदमा सीमित गरिएको छ। अब सह र उपमा सीमित गरिनुहुँदैन। यो अवस्था तोडिनुपर्छ। हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्ने अवस्था बनाउनुपर्छ।'

रास्वपा सांसद सोविता गौतम महिलालाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको बताउँछिन्। '०७९ मा २७ वर्षको उमेरमा निर्वाचित भएर म धेरै भूभागमा जाँदा मेरो उमेरका युवतीले अब चुनाव लड्ने हो, तपाईंजस्तै सदन जाने हो भन्थे,' उनी भन्छिन्, 'अहिले मभन्दा कम उमेरका पनि जितेर आएका छन्। अब अर्को निर्वाचनदेखि महिलाहरूको अझै सशक्त उपस्थिति रहन्छ। समाजले महिलालाई नेतृत्वका रूपमा स्विकार्न सक्ने वातावरण बनेको छ।'

आगामी दिनमा महिला मुद्दालाई प्राथमिकतामा राखेर काम गर्ने अठोट उनले लिएकी छिन्। 'खासगरी सामाजिक न्यायको विषय, महिलाको मुद्दा, यौनिक अल्पसंख्यक, न्यायका दृष्टिले पछाडि परेका समुदायका लागि काम गर्छौं। महिलाको मुद्दा समानता होइन, समताको दृष्टिले हेर्नुपर्छ।'

दैलेख-१ बाट विजयी कांग्रेस सांसद बासना थापा संसद्सम्म महिला पुग्नु नयाँ पुस्ताका महिलाका लागि ठुलो प्रेरणा भएको बताउँछिन्। 'जब महिला संसद्सम्म पुग्छन्, अरू महिलाको पनि आत्मविश्वास बढ्छ। महिलाहरूको आवाज बलियो हुन्छ। त्यसैले, संख्यात्मक हिसाबले पनि यसपटक धेरै महिलाले संसद्मा प्रवेश गर्दै गर्दा सकारात्मक सन्देश गएको छ,' उनले भनिन्।

थापाले बलात्कारजस्तो गम्भीर अपराधमा न्याय प्रक्रिया सुस्त भएकाले त्यस्तो अवस्था अन्त्यका लागि काम गर्ने बताइन्। पछिल्लो समय महिला हिंसाको स्वरूप फेरिएर डिजिटल हिंसाका घटनामा वृद्धि भएकाले कानुन अझै बलियो बनाउन र कार्यान्वयनको पाटोमा समेत सुधार ल्याउन आफ्नो भूमिका हुने उनले बताइन्। 'कर्णालीका महिलाको शिक्षामा पहुँच बनाउनुपर्नेछ। महिलाको आर्थिक सशक्तीकरणको मुद्दा प्राथमिकतामा राख्नुपर्नेछ,' उनी भन्छिन्, 'नेतृत्व गर्ने ठाउँमा अझै महिलाको पहुँच छैन। त्यसैले महिलालाई नेतृत्वमा पुऱ्याउने अवस्था बनाउन पहल गर्छु।'

■ विज्ञ भन्छन्- पर्ख र हेर

०५६ को आमनिर्वाचनमा सुनसरी १ बाट कुन्ता शर्मा निर्वाचित भएकी थिइन्। उनी तत्कालीन पूर्वाञ्चलबाट विजयी हुने एक मात्र महिला प्रतिनिधि थिइन्। निर्वाचन जिते पनि, क्षमता भए पनि, महिला भएकै कारण अवसर नपाएको उनको अनुभव छ। त्यसैले, अहिले पनि महिला सांसदलाई काम गरेर देखाउन गाह्रै हुने अवस्था भएको उनी बताउँछिन्। 'अहिले उल्लेख्य संख्यामा महिला निर्वाचित भए, राम्रो भयो। १३ जना एउटै पार्टीबाट जानु भनेको सकारात्मक सन्देश हो,' उनी भन्छिन्, 'नयाँ दल, नयाँ एजेन्डा भनिरहेका छन्। त्यो कुरालाई व्यवहारमा पनि पालना गर्नुपऱ्यो। महिलाका मुद्दा जोडतोडले उठाउनुपऱ्यो।'

अहिले पनि महत्त्वपूर्ण निर्णय गर्ने काम पार्टी नेतृत्वले नै गर्ने हुनाले महिला मुद्दाले प्राथमिकता पाउने र रूपान्तरण हुने कुरामा आशा गर तर भर नपर जस्तै भएको उनी बताउँछिन्। 'मेरो आफ्नो अनुभवले ९५ प्रतिशत पुरुष महिलाका समस्यामा संवेदनशील हुँदैनन्। महिलाले भोग्नुपर्ने पीडा भोगिरहेकै छन्। यसलाई पुरुषले सामान्यीकरण गर्छन्। मुखले नभने पनि उनीहरूको सोचाइ, काम गराइ त्यस्तै हुन्छ,' उनी भन्छिन्, 'महिलाले टिकट पाउनै संघर्ष, जित्नै संघर्ष, जितेपछि पनि ठाउँ पाउनै संघर्ष गर्नुपर्छ। अझै महिलालाई नजरअन्दाज गर्ने समाज छ। हामी यही समाजका उपज हौं। रूपान्तरण गर्ने काम धेरै गाह्रो काम हो। त्यसैले आशावादी होऔं। उनीहरूले प्रयास पनि गर्नुपऱ्यो। नतिजा हेर्न बाँकी छ।'

उनी संसद् प्रवेश गर्दै गरेका युवा महिला सांसदलाई पार्टीभित्र, बाहिर र सडकमै पनि संघर्ष जारी राख्न सुझाव दिन्छिन्।

अध्येता रिता बरामु चुनाव जित्ने महिलाको संख्यामा वृद्धि भए पनि आधाजसो खस-ब्राह्मण समुदायका महिलाकै उपस्थिति भएकाले धेरै आशा गर्ने ठाउँ नभएको तर्क गर्छिन्। 'अपेक्षा त सुशासन, पारदर्शितालगायत हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व, आधारभूत मानव अधिकारको प्रत्याभूति र सीमान्तकृत/उत्पीडितहरूको हित र अधिकारका लागि दरिलो आवाज बनेर संसदीय उपस्थिति जनाऊन् भन्ने नै हो, तर अपेक्षाकृत काम के कसो होला, त्यो समयले नै देखाउला,' उनी भन्छिन्, 'आधाजसो खस-ब्राह्मण समुदायकै महिलाको उपस्थितिले समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्थालाई नै गिज्याइरहेको छ। यस्तो प्रतिफल आउनुमा उहाँहरूको भन्दा पनि सुरुवातदेखिकै पार्टी पंक्तिको तयारी अनि विचार र अभ्यासबिचको गहिरो खाडल नै कारण हो, यद्यपि सुरुवातदेखिकै हरेक पार्टीभित्र महिला प्रतिनिधिले यी विषयमा ध्यान नदिएको वा आवाज उठाउन नसकेको भने देखिन्छ।'

उनी यी महिलाले बोक्ने विचारकै कारण अहिले नै आशावादी हुने ठाउँ नभएको बताउँछिन्। 'उनीहरूमा लैंगिक विषयभित्र इन्टरसेक्सनल ज्ञानको कमी देख्छु। बलात्कारबारे बेलाबेला आउने असंवेदनशील टिप्पणीले नै यो कुराको पुष्टि गर्छ,' उनी भन्छिन्, 'महिला भएकै कारण महिलाका सबै मुद्दा उनीहरूले बुझ्छन् र बोक्छन् भन्ने हुँदैन। हाम्रो समाजमा महिलाहरू नै पितृसत्ताका साझेदार छन्। यसमा संरचनात्मक विषय नै प्रमुख कारण हो। यद्यपि, केही महिला प्रतिनिधिको विभिन्न नागरिक समाज र महिलावादी फोरमसँगको संलग्नता र कामले केही आशा भने राख्न सकिन्छ।'

संख्या धेरै भए पनि अहिले संसद् यात्रा तय गरेका महिलामाथि चुनौतीको पहाड भएको उनको बुझाइ छ। 'चुनावअघिदेखिकै अवस्था ध्यान दिँदा पनि अनलाइन अफलाइन दुवैतिर महिलाहरूको नेतृत्व क्षमता, शारीरिक बनावट, कपडाको छनोटमा प्रश्न गरिने, चुनावी प्रचारमा अवरोध पुऱ्याउने काम भएको देख्न सकिन्छ,' उनी भन्छिन्, 'यो हाम्रो सामाजिक संरचना र शक्ति असन्तुलनकै परिणाम हो। यी प्रवृत्ति प्रत्येक नयाँ पुराना पार्टीभित्र पनि हाबी छ। संवैधानिक व्यवस्थाका कारण महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न पार्टी बाध्य छन्। तर, शक्ति संरचना वा हाइरार्की मेन्टन गर्न पुरुष नेतृत्वले पार्टी हिक्मलगायत अनेक तरिकाले दबाब दिने गर्छ। जसले गर्दा महिला प्रतिनिधिमाथि वैचारिक र कार्यगत अवरोध र चुनौती आउनेछन्। जसका विरुद्ध महिला प्रतिनिधिले वैचारिक स्पष्टतासहित निरन्तर खबरदारी गरि नै रहनु आवश्यक छ।'

अधिकारकर्मी मोहना अन्सारी १४ जना महिला उम्मेदवार विजयी हुनुले महिलालाई उम्मेदवार बनाउनुहुँदैन भन्ने गलत धारणा चिर्न सफल भएको बताउँछिन्। संसद् प्रवेश गर्न लागेका विजयी महिलाप्रति सकारात्मक भएर सोच्नुपर्ने भन्दै अन्सारीले उनीहरूलाई अवसर दिनुपर्ने र मनोबल बढाउनुपर्ने बताइन्। 'उनीहरूले ऐतिहासिक जिम्मेवारी पाएका छन्। त्यसैले, महिलाका लागि मात्र होइन, समग्र नागरिकको अपेक्षालाई सम्बोधन गर्नुपर्छ,' उनी भन्छिन्, 'अहिले पनि महिलाले निर्णय लिन सक्दैनन्, कमजोर हुन्छन् भन्ने धारणा व्याप्त छ। त्यस्ता धारणालाई चिर्ने काम उनीहरूले गर्नुपर्छ।'

● कुन्ता शर्मा
पूर्वसांसद



महिलाले टिकट पाउनै संघर्ष, जित्नै संघर्ष, जितेपछि पनि ठाउँ पाउनै संघर्ष गर्नुपर्छ। अझै महिलालाई नजरअन्दाज गर्ने समाज छ। हामी यही समाजका उपज हौं। रूपान्तरण गर्ने काम धेरै गाह्रो काम हो। त्यसैले, आशावादी होऔं। उनीहरूले प्रयास पनि गर्नुपऱ्यो। नतिजा हेर्न बाँकी छ।

● मोहना अन्सारी
अधिकारकर्मी



उनीहरूले ऐतिहासिक जिम्मेवारी पाएका छन्। त्यसैले महिलाका लागि मात्र होइन, समग्र नागरिकको अपेक्षालाई सम्बोधन गर्नुपर्छ। अहिले पनि महिलाले निर्णय लिन सक्दैनन्, कमजोर हुन्छन् भन्ने धारणा व्याप्त छ। त्यस्ता धारणालाई चिर्ने काम उनीहरूले गर्नुपर्छ।

● इन्दिरा राना मगर
रास्वपा सांसद



एउटै पार्टीबाट १३ जना महिलाले चुनाव जित्दा अरू महिलालाई पनि प्रेरणा मिलेको छ। महिलाहरू आर्थिक रूपमा सक्षम पनि हुनुपऱ्यो। रोजगारी, उद्यममा महिलालाई सशक्तीकरण गर्ने, अवसर दिने खालको कानुन बनाउने, स्पेस दिने हिसाबले प्रस्तुत हुन्छु।


● बासना थापा
कांग्रेस सांसद



जब महिला संसद्सम्म पुग्छन्, अरू महिलाको पनि आत्मविश्वास बढ्छ। महिलाहरूको आवाज बलियो हुन्छ। त्यसैले, संख्यात्मक हिसाबले पनि यसपटक धेरै महिलाले संसद्मा प्रवेश गर्दै गर्दा सकारात्मक सन्देश गएको छ।

इतिहास बोकेको भादगाउँले टोपी

रैथाने



● प्राडा पुरुषोत्तम लोचन श्रेष्ठ



जस्तो भूगोल उस्तै वास्तु, जस्तो वास्तु उस्तै संस्कृति, जस्तो संस्कृति उस्तै पहिरन, भादगाउँले टोपी वा तकुवा तपुली यसको उदाहरण हो । भादगाउँले टोपीको इतिहास दुई हजार वर्ष पुरानो हो । नेवाःहरू नेपाल मण्डल अर्थात् काठमाडौं उपत्यकाका रैथाने हुन् । इतिहासको कालखण्डमा कोही उत्तर, कोही दक्षिणतिरबाट आए, जो जहाँबाट आएका भए पनि यहाँको धर्म, संस्कृति, रहनसहन, खानपान, भाषालाई जसले आत्मसात गरे, सबै नेवाः भए । त्यतिवेला नेवाः भनेको कुनै जातिविशेष थिएन । अहिले मात्र यो जातिविशेषमा रूपान्तरण हुन पुग्यो । उनीहरूले यहाँको जस्तो भौगोलिक विशेषता छ, त्यसलाई आधार मानेर एउटा शिरपोस (सिरको पहिरन) टोपी निर्माण गरे । जुन तकुवा तपुलीको नामले पनि प्रचलित थियो ।

इतिहासको कालप्रवाहमा तकुवा तपुली वा भादगाउँले टोपी नेपाली राष्ट्रिय पहिरनको रूपमा देखा पर्न गयो । नेपालको पहिचान दिने थुप्रै मूर्त, अमूर्त सम्पदा छन् । त्यसमध्ये यो टोपी पनि एक हो । नेवाःले यसलाई तकुवा तपुली भन्छन् । कालो टोपी भएकाले यसको मुख्य विशेषता भनेकै कालो धागो तकेर बनेको हुन्छ । यसलाई हाकु तपुली, कालो टोपी पनि भनिन्छ । यो टोपीको केन्द्र भादगाउँ अर्थात् भक्तपुर नै हो ।

ढाकाटोपी र कालोटोपीमा केही भेद छन् । करिब तीन सय वर्षसम्म भक्तपुर नेपालको राजधानी नगरको रूपमा रह्यो । राजनीतिक विखण्डन आइसकेपछि पनि १३औँ शताब्दीतिर नेपालको राजधानी नगरको रूपमा भादगाउँ रह्यो । पूर्व मध्यकालसम्म पनि यो नेपाल मण्डलको राजधानीकै रूपमा थियो । यो टोपी भादगाउँमा बनेर सबैले लगाउने भएकाले नेपालीको पहिचान भयो ।

विसं.१८२६ मा गोरखा राज्य विस्तारपछि नेवाः संस्कृति अवरुद्ध हुन पुग्यो । त्यसपछि परम्पराको रूपमा मात्र रहन पुग्यो । तर, सत्ताले साथ छाडे पनि संस्कृतिले साथ छाडेन । कतिपय परम्पराको रूपमा पछिसम्म प्रचलनमा आयो । जीविकाको माध्यमकै रूपमा यो पनि प्रचलनमा आयो । भक्तपुरका नेवाःहरू आफ्नो थातथलो छाडेर कोही पश्चिम, कोही पूर्वतिर लागे । तर, उनीहरूसँग सिप थियो । सिपलाई सम्मान गरेर उनीहरूले निरन्तरता दिए । मध्यकालतिरै भक्तपुरका नेवाःहरू पाल्पातिर पनि गएका थिए ।

> तत्कालीन राजा महेन्द्रले भादगाउँले वा कालो टोपी लगाइदिएपछि व्यवसायीले फुर्सद नै पाएनन् । हजारौंले रोजगार पाए । सिंहदरबार छिर्दा पनि कालो टोपी अनिवार्य गर्दा नेपालीले नै रोजगारी पाए । अहिले त्यस्तो छैन ।

■ यसरी विस्तार भयो भादगाउँले टोपी

गोर्खाको आक्रमणपछि उपत्यका छाड्ने लहर चल्यो । सोही समयताका रणबहादुर शाहले बिफर रोग उन्मूलन गर्न भन्दै भर्खर जन्मिएका बच्चालाई तामाकोशीमा फाल्न पठाए । आफ्नै रगतलाई कसले फालेर आउन सक्छ ? त्यही सन्दर्भमा कोही कता कोही कता लागे । पूर्व मध्यकालमा पाल्पाली राजा मुकुन्द सेनले पनि उत्यकामा आक्रमण गरे । यहाँको संस्कृतिबाट उनी पनि प्रभावित भए । त्यही वेला एकथरी नेवाः पाल्पातिर लागे । यहाँबाट पाल्पा गएका नेवाःले पनि जीवन त चलाउनुपर्‍यो । उनीहरू ढाकाटोपी बनाउन खप्पिस थिए । त्यसैक्रममा यो टोपी नेवाः वा गैरनेवाः सबैले रुचाए ।

कतिपयले ढाकाको टोपी बंगलादेशको राजधानी ढाकाबाट आयो भन्ने पनि गर्छन् । जुन वेला नेपालमा ढाकाटोपी स्थापित थियो, त्यतिवेला बंगलादेशको उत्पत्ति नै भएको थिएन । ढाकाबाट ल्याएको कपडाबाट बनेको ढाकाटोपी हो भन्ने भ्रम छ । यो ढाकाटोपी अर्थात् धाका तपुली हो । भाषा विज्ञानको दृष्टिले तानमा बुनेको कपडाबाट तयार पारिएको टोपीलाई धाका तपुली भनिन्छ । ढाकासँग धाका टोपीको कुनै लेनदेन छैन । पछि ढाकासँग नेपालको व्यापार सुरु भयो । कपडा उताबाट ल्याउन थाले । तर, टोपीसँग कुनै सम्बन्ध छैन ।

अहिले पनि पशुपति मन्दिर क्षेत्रको जयवागेश्वरीमा रहेको टुँडालमा खर्पन बोकेर गइरहेको जोडी देखिन्छ । त्यो टुँडालमा भएको आकृतिमा भादगाउँले वा ढाकाटोपी लगाइदिएको देखिन्छ । यसले के देखाउँछ भने मध्यकालतिरै भादगाउँले वा कालो टोपी लगाउन सुरु भएको देखिन्छ । देवस्थलमा भक्तहरूले सालिक पनि चढाउने चलन थियो । त्यतिवेला भक्तले चढाएको धातुलगायतका सालिकलाई नियाल्ने हो भने पनि त्यस्तै टोपी देखिन्छ । त्यसैले, ढाकाटोपी लगाउने प्रचलन लिच्छविकालतिरै थियो । किनभने, लिच्छविकालदेखिको नेपालको इतिहास स्पष्ट छ ।

ती टोपी नेपालका मौलिक आविष्कार हुन् । संसारको जुनसुकै ठाउँमा जाऔं, यदि शिरमा कालो टोपी वा भादगाउँले टोपी छ भने नेपाली रहेछ भन्ने पहिचान बन्छ । ढाकाटोपी अहिले आएर पाल्पाको पहिचान बन्न पुग्यो । यहींबाट गएका नेवाःले ढाकाटोपी विकसित गरे, सबैले लगाइदिए । अहिले पनि ढाकाटोपी भन्नेबित्तिकै पाल्पासँग जोडेर हेरिन्छ । भाँदगाउँले टोपी भन्नेबित्तिकै भक्तपुरको सम्झना आइहाल्छ । भक्तपुरको अनेक नाममध्ये भादगाउँ पनि हो । यो कालोटोपीको वास्तविक आविष्कारकर्ता भादगाउँ हो ।

यो टोपीको बजार न राम्रो छ, न नराम्रो नै । पहिला यसको बजार धेरै राम्रो थियो । मैले कालो टोपीबारे अध्ययन गर्ने क्रममा व्यवसाय गर्नेसँग सोध्दा कुनै वेला भादगाउँले टोपी बनाउन भ्याई-नभ्याई थियो । हजारौंले रोजगारी पाएका थिए । तत्कालीन राजा महेन्द्रले भादगाउँले वा कालो टोपी लगाइदिएपछि व्यवसायीले फुर्सद नै पाएनन् । हजारौंले रोजगार पाए । सिंहदरबार छिर्दा पनि कालो टोपी अनिवार्य गर्दा नेपालीले नै रोजगारी पाए । अहिले त्यस्तो छैन । वर्तमानमा नेपाली टोपीको ठाउँ विदेशी टोपीले पनि लिन थाल्यो । त्यसैले, पहिलेको तुलनामा यो टोपीको प्रयोगमा ह्रास आएको छ । कालो टोपी र ढाकाटोपी बनाउने मौलिक चलनमा सांस्कृतिक अतिक्रमण भएको हो कि जस्तो लाग्छ । भादगाउँले टोपी जसले जसरी बनाए पनि भयो । तर, मौलिक रूपमै बनाइदिए हुन्थ्यो । त्यो मौलिकतालाई ध्यान दिने हो भने सिप मर्दैन । सिप मर्‍यो भने टोपी बुन्ने रैथाने प्रविधि पनि मर्छ । सिप मरेन भने हजारौं, लाखौं टोपी बनाउन सकिन्छ । अहिले थोरै मानिसले मात्रै टोपी लगाउँछन् । युवा पुस्तामा यसको प्रभाव पुग सकेको छैन, उनीहरू क्यापमा रमाउन थालेका छन् । नेपालमै पनि नाम चलेका लोकप्रिय व्यक्तिले सार्वजनिक कार्यक्रममा त्यस्तो टोपी लगाइदिने हो भने धेरैले रोजगार पाउने थिए ।

प्रस्तुति : शान्ति तामाङ

त्यो जित, त्यो हार

खेलमा जित मात्र हुँदैन, हार पनि हुन्छ र कहिलेकाहीं हारले नै सबैभन्दा गहिरो पाठ सिकाउँछ

*ओलम्पिक खेल्ने पहिलो नेपाली तेक्वान्दो खेलाडी हुन्, संगीना वैद्य । एथेन्स ओलम्पिकमा उनीअघि नेपाली खेलाडीले कहिल्यै पनि छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउन सकेका थिएनन् । संगीनाले विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालमा लागि पदक जितेकी छिन् । उनले आफ्नो खेलजीवनको जित-हारका अनुभव **पवन बराइली**लाई सुनाएकी छिन् ।*





नेपालका लागि पहिलोपटक एसियन च्याम्पियनसिपको स्वर्ण पदक जितें । इतिहास रचिएको त्यो क्षणमा पनि मलाई सुरुमा विश्वास नै लागिरहेको थिएन । आज पनि अस्ट्रेलियाको त्यो स्टेडियममा नेपाली समर्थकले दिएको हौसला सम्झनामा ताजै छ ।

दुर्घटनापछि मेरो खेलजीवन शून्यबाट सुरु भयो । खुट्टा फ्याक्चर भएपछि फेरि हिँड्न, दौडिन र सामान्य जीवनमा फर्किन निकै गाह्रो भयो । त्यो समय मेरा लागि दोस्रो जीवनजस्तै थियो । मनमा अनेक प्रश्न उठ्थे– अब फेरि खेल्न सक्छुँला कि नसक्छुँला ? भविष्य कस्तो होला ?

सानैदेखि खेलकुदमा विशेष रुचि थियो । त्यो वेला गाउँका विद्यालयमा वीरेन्द्र सिल्ड प्रतियोगिता हुने गर्थ्यो, जुन विद्यार्थीका लागि ठुलो उत्सवजस्तै मानिन्थ्यो । स्कुल पढ्दा म मार्सल आर्ट खेल्थें । अहिलेझैं खेल प्रतियोगिता धेरै हुँदैनथे, तर जुन हुन्थे, ती अत्यन्तै महत्त्वका साथ हेरिन्थे ।

विद्यालयका खेलाडीलाई छुट्टै सम्मानका साथ हेरिन्थ्यो । उनीहरूले जितेर ल्याएका पदकले विद्यालयको गौरव बढाउँथे । त्यही वातावरणले सानैदेखि मनमा खेलप्रति आकर्षण जगायो- खेल्नुपर्छ, केही गरेर देखाउनुपर्छ भन्ने भावना बिस्तारै बलियो बन्दै गयो ।

सुरुमा मैले मार्सल आर्ट केवल सोखकै रूपमा सिक्न थालेकी थिएँ । कलेज पढ्न काठमाडौं आउँदा पनि खेललाई नै भविष्य बनाउँछु भन्ने सोच थिएन । तेक्वान्दो सुरु गर्दा पनि 'सिकौं, खेलौं' भन्ने मात्रै लागेको थियो । तर, बिस्तारै राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी हुन थालें । विभिन्न प्रतियोगितामा खेल्दै, जित्दै अघि बढ्दै जाँदा मनभित्र एउटा विश्वास जाग्न थाल्यो, खेलबाट पनि भविष्य बनाउन सकिन्छ ।

■ पहिलो स्वर्ण जित्दाको क्षण

खेलाडीका लागि हरेक प्रतियोगिता उत्तिकै महत्त्वपूर्ण हुन्छ । प्रत्येक प्रतियोगितामा उस्तै मिहिनेत, उस्तै समर्पण हुन्छ । तर, केही यस्ता प्रतियोगिता हुन्छन्, जुन जीवनभर सम्झनामा बसिरहन्छन् । मेरो जीवनमा त्यस्तै अविस्मरणीय क्षण सन् १९९७ मा अस्ट्रेलियाको मेलबर्नमा आयोजित एसियन तेक्वान्दो च्याम्पियनसिप थियो ।

त्यो प्रतियोगिता मेरा लागि निकै महत्त्वपूर्ण मात्र होइन, अत्यन्तै चुनौतीपूर्ण पनि थियो । एसियन च्याम्पियनसिप आफैंमा ठुलो प्रतिस्पर्धा हो । देशका लागि स्वर्ण पदक जित्नु मेरो जीवनको गौरवपूर्ण उपलब्धि बन्यो । त्यही प्रतियोगिताबाट नेपालले पहिलोपटक एसियन च्याम्पियनसिपमा स्वर्ण पदक जितेर इतिहास रचेको थियो ।

तर, त्यो जित सहज थिएन । मेरो खेल भएको दिन परिस्थितिले अझ चुनौती थपेको थियो, किनकि म त्यसवेला महिनावारीमा थिएँ । धेरै महिला खेलाडी यस्तो अवस्थामा आराम गर्छन् । तर, मेरो बानी फरक थियो । नियमित अभ्यास र एक्सरसाइज गर्ने भएकाले महिनावारी हुँदा पनि खेल्न सक्ने आत्मविश्वास थियो । पेट दुखाइ र असहजता त थियो नै, तर त्यसलाई पन्छाउँदै एरिनामा उत्रिनुपरेको थियो ।

एसियन च्याम्पियनसिपमा प्रतिस्पर्धा निकै कडा हुन्छ । मेरो पहिलो खेल इन्डोनेसियाकी खेलाडीसँग थियो । त्यसपछि सेमिफाइनलमा फेरि अस्ट्रेलियाकै खेलाडीसँग खेल्नुपर्‍यो, त्यो पनि उसकै होम ग्राउन्डमा । स्वाभाविक रूपमा त्यो खेल अझै चुनौतीपूर्ण थियो । खेलकै क्रममा मेरो दाहिने घुँडा विपक्षीको दाँतमा ठोक्कियो र खुट्टामा चोट लाग्यो । केहीबेर खेल रोकियो । उपचारपछि फेरि एरिना फर्किन पाएँ । पीडा त थियो, तर त्यसलाई सहँदै मैले अस्ट्रेलियाकी खेलाडीलाई पराजित गरें ।

त्यसपछि फाइनल खेल दक्षिण कोरियासँग थियो । मेरो खुट्टामा तीनवटा स्टिच लागेको थियो, तर एरिनामा उत्रिनैपर्थ्यो । तेक्वान्दोको जन्मभूमि नै दक्षिण कोरिया भएकाले विश्वका अधिकांश च्याम्पियन त्यही देशका हुन्थे । त्यसैले फाइनल खेल उनीहरूसँग खेल्नु आफैंमा ठुलो चुनौती थियो । तर, अन्ततः मैले दक्षिण कोरियाकी खेलाडीलाई पनि पराजित गरें ।

नेपालका लागि पहिलोपटक एसियन च्याम्पियनसिपको स्वर्ण पदक जितें । इतिहास रचिएको त्यो क्षणमा पनि मलाई सुरुमा विश्वास नै लागिरहेको थिएन । आज पनि अस्ट्रेलियाको त्यो स्टेडियममा नेपाली समर्थकले दिएको हौसला सम्झनामा ताजै छ । फाइनलसम्म आइपुग्दा मैले कसरी खेलें होला भन्ने अहिले सोच्दा आफैं अचम्म लाग्छ ।

त्यसवेलाको एउटा रोचक र भावुक प्रसंग पनि छ । पुरस्कार वितरणका वेला विजेता देशको राष्ट्रिय गान बजाउने चलन हुन्छ । जब मलाई स्वर्ण पदक लगाइयो र नेपालको झन्डा फहराउने समय आयो, त्यसवेला आयोजकसँग नेपालको राष्ट्रिय गानको क्यासेट नै रहेनछ । त्यो राष्ट्रिय गानको क्यासेट कसले हरायो ? थाहा छैन । त्यसपछि नेपालबाट गएका अफिसियल, प्रशिक्षक र हामी खेलाडीले त्यहीं उभिएर आफैं राष्ट्रिय गान गाउन थाल्यौं । स्टेडियमभित्र हाम्रो स्वर गुञ्जियो । त्यो क्षण अत्यन्त भावुक बनाउने थियो । त्यहाँ उपस्थित धेरैको मन छोएको थियो ।

देशका लागि त्यो ऐतिहासिक क्षण थियो, र मेरो जीवनको पनि सबैभन्दा अविस्मरणीय पल । अनेक चुनौती र पीडाबिच पनि देशका लागि स्वर्ण पदक जित्न सकेको त्यो क्षण म कहिल्यै बिर्सन सक्दिनँ ।

■ एसियन गेम्समा खेल्न नपाउँदाको क्षण

एसियन च्याम्पियनसिपमा स्वर्ण पदक जितेपछि मेरो आत्मविश्वास निकै बढेको थियो । एसियन च्याम्पियन बन्नु खेलजीवनको ठुलो उपलब्धि थियो । त्यसलगत्तै बैंककमा हुने एसियन गेम्सको तयारी सुरु हुँदै थियो । त्यो सन् १९९८ तिरको कुरा हो । त्यसवेला म शारीरिक रूपमा निकै फिट थिएँ । एसियन खेलका लागि छनोट पनि भइसकेकी थिएँ ।



साप्ताहिक राशिफल

३० फागुन (शनिबार)
६ चैत (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

विशिष्ट व्यक्तिलाई प्रभावित तुल्याएर काम बनाउन सकिनेछ । आर्थिक क्षेत्र सबल रहनेछ । स्वास्थ्यमा सकारात्मक संकेत देखिनेछ । व्यापारबाट राम्रो फाइदा लिन सकिन्छ । भौतिक साधनको जोहो हुनुका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सक्रिय हुने अवसर जुट्नेछ । मातापिता र अभिभावक वर्गसँगको सम्बन्धमा सुधार आउनेछ । ढिलै भए पनि तपाईंले भनेजसरी नै काम सम्पन्न हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भबाटै नयाँ योजना कार्यान्वयन गर्ने र दीर्घकालीन योजना बनाउँदा भाग्यको साथ मिल्ने देखिन्छ । कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने समय छ । पढाइमा प्रगति हुनेछ । मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । गहना, कपडा वा धातुको कुनै वस्तु खरिद गर्दा लाभ प्राप्त हुनेछ । दीर्घकालिक योजनालाई मूर्त बनाउन चिन्तन महत्त्वपूर्ण बन्न सक्छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सप्ताह प्रारम्भमा आर्थिक रूपमा सबल हुनुहुनेछ, कारोबारमा गतिशीलता आउनेछ र व्यवसायबाट लाभ हुनेछ । मायाप्रेमका लागि समय जुट्नेछ । पठनपाठनमा प्रगति हुनेछ । कुनै नयाँ ठाउँमा निवेश र लगानीको वातावरण बन्नेछ । साताको अन्त्यमा नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन् । प्रतियोगितात्मक क्रियाकलापमा सफलता मिल्नेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

प्राविधिक काममा विशेष सफलता मिल्नुका साथै आत्मसन्तुष्टि पनि प्राप्त हुनेछ । मातापिता र अभिभावकवर्गको आशीर्वादले महत्त्वपूर्ण काममा सफलता मिल्नेछ । आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा कम र व्यापारमा प्रशस्त फाइदा हुने योग छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । श्रमको उचित मूल्यांकन हुने देखिन्छ । पढाइमा प्रगति हुनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

धार्मिक, सामाजिक तथा सांस्कृतिक काममा खट्नुपर्ने योग रहेको छ । सन्ततिबाट प्रशंसा र शुभ कुराको संकेत प्राप्त हुनेछ । परोपकार र धार्मिक क्षेत्रमा लगानी गरेमा अझ राम्रो हुनेछ । आफ्नो काममा तल्लीन हुनुपर्ने भएकाले समय बितेको पत्तो पाउनुहुन्न । श्रमिक, पशुपालक र कृषकले अलि बढी थाकेको अनुभूति गर्नेछन् । कतै लामो दूरीको लाभदायी यात्रा गर्नु छ भने राम्रो हुन्छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

झैझगडा र मुद्दामामिलाभन्दा टाढै बस्नु उचित हुनेछ । व्यावसायिक क्षेत्रमा खासै फेरबदल हुने योग छैन । आम्दानीमा कमी आउनेछैन । प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ । धैर्यधारण गरी परिश्रम गर्ने समय हो । विगतमा भएका राम्रा क्रियाकलापको स्मरण हुनेछ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावना छ । राज्यपक्षबाट सम्मानित हुने अवसर पाइनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

जीवनसाथी वा आमाको सल्लाहमा गरिएको काममा सफलता प्राप्त हुनेछ । वर्तमान समयलाई धैर्यता, संयमता र सोचविचार गरी उपयोग गर्नु बुद्धिमत्ता हुनेछ । बुधबारपछि धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । रोकिएको काम बनेको समाचार सुन्न पाउने सम्भावनासमेत छ । साताको अन्त्यमा आफन्त वा साथीभाइले निस्वार्थ भावले सहयोग गर्नेछन् ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सुरुमा अलि दौडधुप गर्नुपर्ला, खर्चको मात्रा पनि बढ्नेछ । तापनि, अनुकूल स्थानान्तरण र टाढाको यात्राको सम्भावना छ, आफन्तजन भेटिएलान् । शरीरमा आरोग्य एवं स्फूर्ति बढ्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला । मनपर्ने वस्त्र, अलंकार आदि लाभ होलान् । साताको अन्त्यमा मानसम्मान पाइनेछ । आम्दानी पनि प्रशस्तै हुनेछ । सहयोगीहरू जुट्नेछन् ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

घरपरिवारमा रमाइलो जमघट हुनेछ । गर्न लागेको काममा सबैले साथ दिनेछन् । प्रशासनिक र राज्यपक्षबाट हुनुपर्ने काममा सफलता प्राप्त हुनेछ । शुभसमाचारको आगमनले मन प्रसन्न रहने समय छ । शत्रुहरू पराजित हुनेछन् । यश, सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । विपरीतलिंगीबाट आवश्यक सहयोग मिल्नेछ । पारिवारिक समस्यालाई हल गर्न तल्लीन हुनुपर्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

घरपरिवार र छरछिमेकमा असमझदारी बढ्न सक्छ । बौद्धिक र लेखनकार्यमा सफलता प्राप्त हुने योग छ । सन्तति पक्ष र भाइबहिनीले खुसीको वातावरण सिर्जना गर्नेछन् । साथीभाइले तपाईंका सकारात्मक कामको समुचित मूल्यांकन गर्नेछन् । मनोरञ्जनका लागि राम्रै समय छ । साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । साताको अन्त्यमा आर्थिक समस्या निराकरण गर्ने उपाय पत्ता लाग्नेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

राजनीतिक चासो बढ्नेछ । तीर्थव्रत तथा देवालयको भ्रमण हुन सक्छ बिहीबारपछि परिवारमा मतभेद हुनेछ । प्रतिकूल परिस्थितिले पछ्याउनेछ । सानातिना कामको झमेला आउन सक्छ । गरिएको लगानीबाट दीर्घकालीन फाइदा नहुन सक्छ । साताको अन्त्यमा समय उत्साहवर्द्धक रहला । नयाँ ज्ञान प्राप्त हुने योग छ । अध्ययन-अध्यापन सफल रहेको छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

परिवारमा ठुलो जमघट वा धार्मिक सामाजिक कार्य सम्पन्न हुनेछ । विशिष्ट व्यक्तिले विचारको कदर गर्नेछन्, महत्त्वपूर्ण कार्य सम्पन्न हुने मौका छ । बुधबारपछि आफूले ताकेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । साताको अन्त्यमा घरपरिवारमा खुसीको वातावरण सिर्जना हुनेछ । आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ । रोकिएका कामसमेत सम्पादन हुनेछन् ।

स्वास्थ्य



● डा. विवेकप्रभात शाह
फिजिसियन

मौसम परिवर्तनसँगै धुवाँधुलो

वृद्धिजस्ता कारणले बालबालिकामा विभिन्न स्वास्थ्य समस्या देखिन्छन् । गर्मी मौसम सुरु हुन लागेसँगै अन्य मानिसको तुलनामा बालबालिकालाई बढी सताउने गर्छ । तापक्रम वृद्धिसँगै प्रदूषण तथा धुवाँधुलो बढ्दै जान्छ । जसका कारण बालबालिकामा विभिन्न संक्रमण हुने जोखिम बढेर जान्छ ।

■ भाइरल ज्वरो र झाडापखाला

मौसम परिवर्तनमा बालबालिकामा एक्कासि ज्वरो आउने हुन सक्छ । जसले गर्दा शरीरको तापक्रम १०२ देखि १०४ डिग्रीसम्म पुग्ने गर्छ । भाइरल ज्वरो एक व्यक्तिबाट अर्कोमा सजिलै सर्ने भएकाले यो निकै खतरनाक पनि हुन्छ । यस्तो वेला सामान्यतया पाँच



खेल

संगीना वैद्य, ओलम्पियन

देशका लागि एसियन च्याम्पियनसिपमा स्वर्ण पदक जितेपछि धेरैको अपेक्षा पनि मप्रति बढेको थियो । क्लोज क्याम्पमा बसेर थप तयारी गर्ने योजना बनिरहेको थियो । तर, जीवनमा कहिलेकाहीं अप्रत्याशित मोड आउने रहेछ । एक बिहान प्रशिक्षण सकेर फर्किने क्रममा दुर्घटना भयो र मेरो दाहिने खुट्टा फ्याक्चर भयो ।

त्यो दुर्घटनाले मेरो पूरा तयारी नै रोकियो । झन्डै दुई महिना अस्पतालमै बस्नुपऱ्यो । त्यसपछि थप ६ महिना बेड रेस्ट गर्नुपर्ने भयो । मेरा साथीहरू सबै क्लोज क्याम्पमा अभ्यास गरिरहेका थिए, तर म भने अस्पतालको बेडमै थिएँ । मेरा साथीहरू एसियन गेम्स खेल्न गइरहेका थिए, म भने अस्पतालको बेडमा बसेर दिनहुँ रुँदै दिन बिताइरहेकी थिएँ ।

■ दुर्घटनापछिको अर्को स्वर्ण पदक

दुर्घटनापछि मेरो खेलजीवन शून्यबाट सुरु भयो । खुट्टा फ्याक्चर भएपछि फेरि हिँड्न, दौडिन र सामान्य जीवनमा फर्किन निकै गाह्रो भयो । त्यो समय मेरा लागि दोस्रो जीवनजस्तै थियो । मनमा अनेक प्रश्न उठ्थे- अब फेरि खेल्न सकुँला कि नसकुँला ? भविष्य कस्तो होला ?

त्यसबिच नेपालमा सन् १९९९ मा हुने साफ गेम्सको चर्चा व्यापक हुँदै थियो । त्यो प्रतियोगिता नेपालमै आयोजना हुने तयारी भइरहेको थियो । र, तेक्वान्दो पनि पहिलोपटक साफमा समावेश हुँदै थियो । मेरो दुर्घटना भएको झन्डै आठ-नौ महिनापछि नै साफ आयोजना हुँदै थियो । समय परिस्थितिले चुनौती दिए पनि मनभित्र एउटा आशा बाँकी थियो ।

दुर्घटनाअघि मेरो खेलजीवन निकै उचाइतर्फ बढिरहेको थियो । तर, दुर्घटनापछि भने 'अब खेल्न सक्दिनँ कि' भन्ने मनमा डर बारम्बार आइरहन्थ्यो । तर, मनमा एउटै सपना थियो-नेपालको साफ खेल्ने । शरीर पूर्ण रूपमा फिट थिएन । दुखाइ अझै बाँकी थियो । घुँडामा स्टिल थियो, खुट्टा टेकिन पनि गाह्रो हुन्थ्यो । शारीरिक रूपमा सहज नभए पनि मनोबल बलियो थियो । दुखाइ सहेर नै अभ्यास गरेँ । झन्डै दुई महिना क्याम्पमा बसेर ट्रेनिङ लिएँ । मेरो दाहिने खुट्टा फ्याक्चर भए पनि देब्रे खुट्टामा चोट थिएन । मैले दुवै खुट्टा चलाएर खेल्थेँ । दाहिने खुट्टाचाहिँ मैले जोगाउनुपर्थ्यो । कतै ठोक्कियो भने बेहोस हुने गरी दुख्थ्यो । दाहिने खुट्टालाई बचाएर देब्रे खुट्टा मात्रै चलाउँथे । अन्ततः साफ लागि छनोट भएँ । आत्मबल र विश्वासले मलाई फेरि एरिनामा फर्कायो ।

अन्ततः मैले तेक्वान्दोबाट नेपालका लागि स्वर्ण पदक जित्न सफल भएँ । त्यो जित केवल एउटा पदक मात्र थिएन, दुर्घटनापछि जीवन र खेलप्रतिको विश्वास पुनर्स्थापित भएको क्षण थियो । म घुँडाको चोटसँग लड्दै एरिनामा पुगेकी थिएँ । तर, कठिनाइबिच पनि देशका लागि स्वर्ण पदक जित्न सकेको त्यो क्षण मेरो जीवनको गर्विलो उपलब्धि थियो । यद्यपि, दुर्घटनापछि स्वास्थ्यले पहिलेजस्तो साथ भने कहिल्यै दिएन । दुर्घटनाअघि जति फिट थिएँ, त्यसरी पुनः हुन सकिनँ । कहिलेकाहीं लाग्छ- यदि त्यो दुर्घटना नभएको भए, सायद खेलजीवनमा अझ धेरै इतिहास रच्न सक्थेँ होला ।

■ फेरि अर्को स्वर्ण पदक

नेपालको साफमा स्वर्ण पदक जितेपछि मेरो आत्मविश्वास झन् बलियो बन्यो । त्यसपछि सन् २००४ मा पाकिस्तानको इस्लामाबादमा भएको प्रतियोगितामा खेल्न पुगेँ । त्यतिबेला मेरो घुँडाको चोट निको भइसकेको थिएन । तर, मैले जीवनलाई खेलमै समर्पण गरिसकेको थिएँ, त्यसैले 'खेल्नैपर्छ' भन्ने दृढ संकल्प मनमा थियो ।

चोट र पीडाबिच पनि मैले हार मानिनँ । त्यही संघर्षका बिच त्यो प्रतियोगितामा पनि स्वर्ण पदक जित्न सफल भएँ । त्यो पनि पीडा र खुसी दुवै मिसिएको अविस्मरणीय क्षण थियो ।

■ ओलम्पिकको अपूरो सपना

दुर्घटनापछि पनि मैले दुईपटक स्वर्ण पदक जितेँ । ती सफलताले मेरो आत्मविश्वासलाई अझ बलियो बनायो । त्यसपछि मनमा एउटा ठुलो सपना पलायो- ओलम्पिक खेल्ने । दुर्घटनापछि पाएको यो जीवन मेरा लागि दोस्रो जीवनजस्तै थियो, त्यसैले अब म ओलम्पिकसम्म पुग्न सक्छु भन्ने आँट जाग्यो ।

सन् २००४ को कुरा हो । त्यसवेला एथेन्स ओलम्पिकका लागि क्वालिफाइङ चरण खेल्नुपर्ने थियो । त्यसका लागि थाइल्यान्डको बैंककमा भएको ओलम्पिक छनोट प्रतियोगितामा सहभागी भएँ । मनमा एउटै सपना थियो, नेपालबाट छनोट भएर ओलम्पिक खेल्ने । त्यो सपना बोकेर एरिनामा उत्रिँदा प्रत्येक खेल मेरा लागि विशेष बनेका थिए ।

खेलाडीले खेलजीवन सुरु गरेपछि अन्ततः पुग्न चाहने सबैभन्दा ठुलो मञ्च भनेकै ओलम्पिक हो । शून्यबाट सुरु गरेर त्यो स्तरसम्म पुग्नु मेरा लागि अत्यन्त ठुलो उपलब्धि थियो । ओलम्पिकका लागि क्वालिफाई हुनु नेपालको खेल इतिहासमा नयाँ अध्याय थियो, त्यसअघि नेपालका खेलाडी 'वाइल्ड कार्ड'मार्फत मात्रै ओलम्पिक पुगेका थिए ।

त्यही वेला मलाई भनियो, 'तिमी ओलम्पिकका लागि छनोट भयौ ।' त्यो सुन्दा केही क्षण म निःशब्द भएँ । मनभित्र एउटा ठुलो सपना पूरा भएको अनुभूति भयो । नेपालबाट छनोट चरण पार गरेर ओलम्पिक खेल्ने पहिलो खेलाडी बन्ने खबर सुन्दा गर्व र खुसीले मन भरियो ।

दुर्घटनापछि साफ खेल्दै स्वर्ण पदक जित्दा जस्तै त्यसपछि पनि ओलम्पिकसम्म पुग्ने आँट झन् बलियो हुँदै गयो । मनमा एउटै लक्ष्य थियो- एथेन्समा पदक जित्ने । म धेरै आशा र आत्मविश्वासका साथ त्यहाँ पुगेकी थिएँ । मलाई ओलम्पिकमा धेरैले आशा गरेका थिए । खेलको दौरानमा खुट्टा ठोक्किथ्यो । चोट लागेको खुट्टा भएकाले मैले सोचेजस्तो प्रदर्शन गर्न सकिनँ । ओलम्पिकको स्तर निकै उच्च थियो । खेल सकिएपछि म केही बेर निकै चुपचाप बसिरहेँ । मनभित्र एउटै कुरा आइरह्यो 'सायद मैले अझ राम्रो गर्न सक्थेँ ।'

ओलम्पिकमा पदक जित्ने मेरो सपना त्यहीं अधुरै रह्यो । आज पनि त्यो क्षण सम्झँदा दुःख लाग्छ । किनकि, खेलाडीका रूपमा त्यस्तो अवसर बारम्बार आउँदैन । तर, खेलमा जित मात्र हुँदैन, हार पनि हुन्छ र कहिलेकाहीं हारले नै जीवनमा सबैभन्दा गहिरो पाठ सिकाउँछ । मलाई यसले धेरै कुरा सिकायो पनि । कहिलेकाहीं लाग्छ, यदि मेरो खुट्टा पहिलेजस्तै पूर्ण रूपमा स्वस्थ भएको भए सायद ओलम्पिकमा पनि स्वर्ण पदक जित्न सक्थेँ ।

■ स्वर्णको ह्याट्रिक गर्ने अवसर गुम्दा

ओलम्पिकको असफलतापछि पनि निरन्तर प्रयास गरिरहेँ । एथेन्समा पदक जित्ने मेरो ठुलो लक्ष्य भने पूरा हुन सकेन । तर, एउटा सपना अधुरो हुँदैमा अर्को सपना देख्न छोडिनँ । मनमा सधैँ एउटै विश्वास थियो- लडेपछि फेरि उठ्नैपर्छ ।

त्यसपछि मभित्र श्रीलंकाको कोलम्बोमा आयोजित साफ प्रतियोगितामा खेल्ने इच्छा जाग्यो । तर, त्यतिबेला मेरो स्वास्थ्यले साथ दिइरहेको थिएन । पत्थरीको अप्रेसन गरेको भर्खरै भएको थियो । म एक हप्ता अस्पतालमै बस्नुपरेको थियो । त्यसैमाथि दुर्घटनापछि खुट्टामा हालिएको स्टिलका कारण खुट्टा पनि पहिलेजस्तो बलियो थिएन ।

साफमा लगातार तीन स्वर्ण पदक जितेर 'ह्याट्रिक' गर्ने ऐतिहासिक अवसर थियो । तर, त्यो अवसर गुमाउँदाको क्षणले आज पनि मन पोलिरहन्छ । त्यो पदक जित्न नसक्दा आफूलाई निकै खल्लो लागेको थियो । प्रयासको कमी थिएन, तर समय र स्वास्थ्यले साथ दिएन । परिस्थिति नै त्यस्तो बन्यो ।


त्यस प्रतियोगितापछि भने मेरो शरीरले खेललाई पहिलेझैं साथ दिन सकेन । अन्ततः नयाँ पुस्तालाई स्थान छोड्ने समय आएको महसुस भयो । सन् २००८ तिर खेलजीवनबाट सन्न्यास लिएँ । कतिपयले अझै एसियन गेम्स खेल्न आग्रह गरेका थिए, तर शरीरले साथ नदिँदा त्यो सम्भव भएन । त्यसपछि भने मैले प्रशिक्षकको भूमिकामा काम गर्न थालेँ । धेरैको चाहना थियो, म अझै खेलिरहूँ । तर, खेलमा सहभागी हुनु मात्र ठुलो कुरा होइन, उत्कृष्ट प्रदर्शन गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैले, मैले आफ्नो अनुभव नयाँ खेलाडीलाई सुम्पिने निर्णय गरेँ ।

निरन्तर खोलौं ज्ञानचक्षु

अध्यात्म



● रामचन्द्र शर्मा



देशमा ०७७ सालदेखि गरिएका जनआन्दोलन र सशस्त्र विद्रोह व्यवस्था परिवर्तनका लागि भनिए । जेन-जी पुस्ताले चाहिँ सुशासनलाई नै मूल एजेन्डा बनाएर आन्दोलन गर्नुपरेकाले खोजेको कुरा सुशासन हो भन्ने देखिन्छ । भयरहित स्वच्छ वातावरणमा निर्वाचन सम्पन्न भयो । राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत हासिल गरेको छ । उक्त पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह देशको प्रधानमन्त्री बन्ने भएका छन् ।

भर्खरै सम्पन्न निर्वाचनले विशेष महत्त्व बोकेको थियो । किनकि यो निर्वाचनको उद्देश्य अहिलेसम्म खडा हुन नसकेको सुशासनको जग शिलान्यास गरी गोलचक्करमा फसिरहेको अवस्थाको अन्त्य गर्नु हो । यो निर्वाचनले युग परिवर्तन गर्ने सामर्थ्य बोकेको हुँदा निर्वाचनको दिन अरू सामान्य दिनजस्तो होइन । त्यसैले यो निर्वाचन नै सुशासनको पहिलो कदम हुन सक्ने सम्भावना थियो र भयो पनि ।

कुनै पनि कुराको महत्त्वको गहिराइ हाम्रा बाहिरी दुई आँखाबाट मात्र बुझ्न सकिँदैन । किनकि इन्द्रीयहरूको क्षमता सीमित छ । त्यसमाथि झलक्क देखिने कुरामा लोभिन्छ आँखा । गुलिया आश्वासनमा लुटपुटिन्छ मन । स्वार्थ पूरा गर्न अरूले नमस्कार गर्दै दिएको मानमा बल्झिन्छ बुद्धि । कुराको महत्त्वको गहिराइ मन र बुद्धिभन्दा पर हुने हुँदा मन र बुद्धिले मात्र बुझ्न सकिँदैन । कुनै पनि कुराको महत्त्वको गहिराइ बुझ्ने क्षमता ज्ञानचक्षुसँग हुन्छ । ज्ञानचक्षु खोल्न बाहिरी दुई आँखा बन्द गर्नुपर्छ । किनकि ज्ञानचक्षु भनेको शुद्ध चेतना हो । बाहिरी दुई आँखामा पनि चेतना त हुन्छ, तर त्यो विषयभोगको चाहना मिसिएको सामान्य र अशुद्ध चेतना हो । ज्ञानचक्षुले आत्मानुभूति गराउँदै अहंकार मेटाइदिन्छ । बाहिरी आँखाले अहंकारको सेवा गर्छ ।

भागवत गीता पन्ध्रौं अध्याय दशौं श्लोकमा भनिएको छ 'उत्क्रामन्तं स्थितं वापि भुंजानं वा गणान्वितम् । विमुढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुष ।।' अर्थात् विषयभोगमा मस्त रहेको विमुढले आफ्नो असली स्वरूप आत्मालाई चिनेको हुँदैन परन्तु ज्ञानचक्षु भएको पुरुषले त्यो आत्मालाई देखेको हुन्छ भनेर प्रस्ट्याएको छ । हुन पनि ज्ञानचक्षुले शरीरको जीवन अवाँधभर आत्माले नै सम्पूर्ण अनुभवहरूलाई प्रकाशित गरेको छ भन्ने ज्ञान दिन्छ । यो ज्ञानले हाम्रो नजर सफा राख्छ । सफा नजरले धर्म, जात, थर, गोत्र, भाषा, क्षेत्र, धनी, गरिब, अल्पसंख्यक, बहुसंख्यक र वादजस्ता भाव उत्पन्न गरेर भावको गुलाम बनाउने कुराबाट जोगाउँदै त्यस्ता कुराको आधारमा भेदभाव गर्दैन, कसैप्रति रागद्वेष राख्दैन, सबैप्रति समभाव राख्दछ । किनकि मनुष्यलगायतका प्राणी र वनस्पतिसमेत आफूलाई देख्दछ (यही कुरालाई वेदान्तले अहंब्रमास्मि भन्दछ) र सत्यको पक्षमा उभ्याउँदै आफ्नो आत्माको मूल स्वभाव आनन्दमा स्थित भएर जीवन बिताउँछ ।

> व्यक्तिको आत्मा भएजस्तै देशको पनि आत्मा हुन्छ । देशको आत्मा हो सुशासन । सुशासनको प्रतीक हो निर्वाचन । निर्वाचनबाट निर्वाचित प्रतिनिधिले सुशासनका लागि काम गर्छन् । सुशासनले नै देशलाई शान्त र समृद्ध बनाउँछ ।

आत्मा नचिनेको कारणले सामान्यजन सदा दुःख र अशान्तिबाट घेरिएको छ । मन र बुद्धिका आधारमा मात्र चल्ने मानिसले वस्तुलाई देखे पनि त्यसलाई पूर्ण र यथार्थ रूपमा जान्न सक्दैन । व्यक्तिले कुनै साहित्यिक रचना पढ्न सक्ला । तर, रचनाकारको भावनालाई यथार्थ रूपले बुझेर त्यसबाट पूर्ण आनन्द लिन केवल साहित्यको पारखीले मात्र सक्छ । अर्थात् कुराको महत्त्वको गहिराइ बुझ्न ज्ञान आवश्यक पर्छ, जो ज्ञानचक्षुबाट मिल्छ ।

चैतन्य आत्माको उपस्थितिले मात्र हामी भन्ने विषय, भावना र विचारलाई अनुभव गर्न सक्ने भएकाले आत्मै नचिन्ने व्यक्तिले ती विषय भावना र विचारहरूको गहिराइ बुझ्न सक्ने कुरै भएन । विषयको गहिराइ बुझ्न ज्ञानचक्षु खोल्नैपर्छ । ज्ञानचक्षु आत्मज्ञानले मात्र खोलिन्छ । आत्मा सबै प्राणी, वनस्पति र कणकणमा सदा सर्वत्र छ । तर, आत्मा चिन्ने क्षमता केवल मनुष्यमा छ । आत्मज्ञानतर्फ अध्यात्मले डोराइदिन्छ । अध्यात्म भनेको सेल्फ नलेज अर्थात् स्वयंको अधिकतम अध्ययन हो, जो अन्य प्राणीले गर्न सक्दैनन् । स्वयं भनेको आफ्नै शरीर, मन र बुद्धि हो । अध्ययन गर्ने भनेको समय केमा बितेको छ, इन्टरनेटमा के सर्च गरियो, संगत कस्ता-कस्तासँग छ र बोली-व्यवहार कस्तो छ भन्ने आफ्नो निरीक्षण गर्ने हो । निरीक्षण गर्दा आफ्ना गतिविधि अशान्ति र तनाव उत्पन्न गर्ने खाले भएको थाहा हुन आउँछ । थाहा पाएपछि हरेक मनुष्यको मूल स्वभाव आनन्दले विद्रोह गर्छ । किनकि जानाजान तनावमा रहन मान्दैन स्वभावले । यसैलाई बोध भनिन्छ । बोध त्यो चिज हो जो घटित हुनासाथ शरीर, मन र बुद्धि स्वतस्फूर्त आचरण सुधार्ने कर्ममा जुटिहाल्छन् । बोध नै आत्मा हो । हिजोभन्दा आज र आजभन्दा भोलि जीवनशैली र व्यवहारमा सुधार आई उन्नत बन्दै जान्छ ।

मानवजीवनको लक्ष्य अशुद्ध चेतनालाई शुद्ध बनाउनु हो र हुनुपर्छ । शरीरबाट आउने चेतना अशुद्ध हो किनकि यो चेतनामा म र मेरो भन्ने देहभावका कन्टेन्ट (मान प्रतिष्ठा, धनसम्पत्ति र नातागोता) मिसिएका छन् । त्यही अशुद्ध चेतना नै अहंकार हो । शुद्ध चेतना आत्मा हो जो स्वयंमा पूर्ण छ कुनै कन्टेन्ट मिसिन जरुरत पर्दैन । आत्मा सत्य हो जो अजर, अमर र सर्वत्र छ । आत्माले नै बाल्यकालदेखि मृत्युअघि सम्मका सबै कुराको अनुभव र बोध गराएको हुन्छ । बोध हुने कुरा हो प्राप्त गर्ने विषय होइन । प्रकृति जड हो म प्रकृतिभन्दा भिन्न चेतन हुँ भन्नु अहं हो भने अहंले म पनि प्रकृतिको अंश जडचेतन रहेछु भन्ने बोध गर्नु आत्मा हो । आत्मा कुनै वस्तु वा एकाइ होइन, बोध नै आत्मा हो । अष्टावक्र गीताले बोधो अहं भनेर आत्मालाई दर्साउँछ । वेद र गीतामा ब्रह्म, सत्य, बोध र आत्मा भनी उल्लेख भएका शब्दको अर्थ एउटै हो । अहं आत्मामा प्रतिष्ठित हुनु योग हो । अध्यात्म अति आवश्यक र सरल छ । जीवन जिउने कला हो धर्म तर लोकधर्मीले कर्मकाण्डमा सीमित गरी निस्सार बनाएजस्तै अध्यात्मलाई धन्दा बनाउने स्वार्थीहरूले अध्यात्म जटिल र चमत्कारिक विषय बनाइदिएकाले व्यक्ति, समाज, राष्ट्र र विश्व आध्यात्मिक लाभ लिन वञ्चित रहँदा कुशासन र भ्रष्टाचार यत्रतत्र सर्वत्र बढ्न पुग्यो ।

आत्मा सत्य हो बदलिँदैन भनेर ऋषिहरूले सत्य आत्माप्रति शिर झुकाएर प्रेम गर्न सिकाए । झुक्नु पनि अहं घटाउने सूत्र र उपाय हो । आज अहंले झुक्नु हुँदैन भन्ने संस्कृतिको विकास गरेको छ । भ्रष्टाचारीहरू शिर ठाडो पारेर हिँड्ने ज्ञानी झुकेर हिँड्ने उल्टो अवस्था छ ।

व्यक्तिको आत्मा भएजस्तै देशको पनि आत्मा हुन्छ । देशको आत्मा हो सुशासन । सुशासनको प्रतीक हो निर्वाचन । निर्वाचनबाट निर्वाचित प्रतिनिधिले सुशासनका लागि काम गर्छन् । सुशासनले नै देशलाई शान्त र समृद्ध बनाउँछ । देशको संविधान र कानुनले सुशासनलाई अस्तित्वमा ल्याउँदै प्रवर्द्धन र संरक्षण गर्छ । सुशासनका लागि आवश्यक पर्ने संविधान र कानुन व्यक्तिको शरीरले न देख्न सक्छ न लेख्न । के-कस्ता कानुन आवश्यक पर्छन् भन्ने ज्ञानचक्षुले देख्छ र शरीरका ज्ञानेन्द्रिय र कर्मेन्द्रियलाई लेख्न लगाएपछि मात्रै तर्जुमा हुन्छ कानुन । ज्ञानचक्षु सबैसँग हुन्छ । धेरैले बन्दै राखेर अहंकार प्रदर्शित गरेका हुन्छन् । जसको ज्ञानचक्षु खुलेको छ उसले देश र जनताको हितमा आफूलाई समर्पित गरेको हुन्छ नीति, कार्यक्रम र व्यवहारबाट । नयाँ पुरानो, युवा वृद्ध भन्ने कुराले अर्थ राख्दैन । अर्थ कति ज्ञानी छ भन्नेले राख्दछ । पढाइमा अब्बल र विद्यावारिधि गर्दैमा ज्ञानी भइँदैन केवल धेरै भौतिक कुराको जानकारसम्म हुन सक्छ । विज्ञान तथा प्रविधिको विकास चाहिन्छ, तर ज्ञानको अभावले दुरुपयोग हुन पुग्दछ ।

यसरी जोगाऔं मौसम परिवर्तन हुँदा बालबालिकालाई



वर्षमुनिका बालबालिकामा बेहोस हुने, कमजोर देखिने, चिसो लाग्ने तथा एक्कासि खोकी बढ्नेजस्ता लक्षण देखिन सक्छ । यस्तो अवस्थामा बच्चालाई छिटो अस्पताल लैजानुपर्ने हुन्छ ।

ज्वरो आएको समयमा घरमै बच्चाको लुगा खोलेर पानीपट्टी गर्न सकिन्छ । नरम कपडालाई पानीमा भिजाएर पूरै शरीर पुछ्दा थप राहत मिल्छ । यसरी बच्चालाई सहज अवस्थामा ल्याउन पनि सकिन्छ । तर, यस्तो वेलामा जथाभावी एन्टिबायोटिक औषधी खान दिनुहुँदैन ।

ऋधिकांशमा गर्मी मौसममा झाडापखलाको समस्या देखिन्छ । यो खासगरी भाइरस र ब्याक्टेरियाको संक्रमणका कारण हुने गर्छ । झाडापखालाको समयमै रोकथाम गर्न सकिएन भने बच्चाको ज्यानै पनि जान सक्छ । झाडापखाला भएमा आमाको दुध साबिकभन्दा धेरै खुवाउनुपर्छ । त्यसैले, सफा पानी र जीवनजल प्रशस्त मात्रामा खुवाउनुपर्ने हुन्छ । त्यस्तै, बच्चालाई झोलिलो खानेकुरा, गेडागुडीको झोल आदि खुवाएर झाडापखाला नियन्त्रण गर्न सकिन्छ । कतिपय अवस्थामा बच्चा दुध चुस्न नसक्ने अवस्थाको हुन सक्छ । यस्तो अवस्थामा बच्चालाई तत्काल अस्पताल लैजानुपर्छ ।

■ भाइरल इन्फेक्सन

गर्मीका वेला अभिभावकले बच्चालाई चिसो खानेकुरा दिने गरेको पाइन्छ । चिसो खानेकुरा खाँदा घाँटीमा संक्रमण हुने सम्भावना बढेर जान्छ । जसले गर्दा बच्चामा श्वासप्रश्वासमा समस्या देखिन सक्छ । बालबालिकामा प्रतिरोधी क्षमता कम हुन्छ । गर्मी मौसममा अझ नाजुक हुने भएकाले भाइरल इन्फेक्सनले बढी सताउने गर्छ ।

त्यसैले गर्मी मौसममा बालबालिकामा रुघाखोकीको जोखिम उच्च हुन्छ । कतिपय बच्चालाई बान्ता हुने, रिंगटा लाग्ने, छालामा विभिन्न समस्या देखा पर्ने आदि समस्या पनि देखिन्छन् ।

■ हेरचाह गर्ने तरिका

गर्मी मौसममा संक्रमण चाँडो फैलने भएकाले बालबालिकाको उचित हेरचाह गर्न जरुरी हुन्छ । त्यसैले, भिडभाडमा जाँदा मास्क लगाउन लगाउने, घाममा धेरै खेल्न नदिने, फोहोर पानीको सम्पर्कबाट टाढा राख्ने र खानपानमा ध्यान दियो भने बालबालिकामा आउन सक्ने स्वास्थ्य समस्याबाट जोगाउन सकिन्छ ।



अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३० फागुन ०८२

आजबाट गैरआवासीय नेपालीको नेतृत्व छनोट गर्ने अधिवेशन



नयाँ पत्रिका

गैरआवासीय नेपाली संघ (एनआरएन)को नयाँ नेतृत्व छनोट गर्ने उद्देश्यले आह्वान गरेको १२औँ महाधिवेशन आजबाट काठमाडौंमा सुरु हुने भएको छ। बिहान नौ बजे उद्घाटनसत्र र त्यसपछि २ चैतसम्म नयाँ नेतृत्व छनोटको कार्यतालिका रहेको संघले जनाएको छ। नेतृत्व चयनका लागि विश्वभर रहेका सदस्यबाट चार हजार दुई सय ८६ प्रतिनिधि छनोट भएका छन्। उम्मेदवारलाई भौतिक र अनलाइन दुवै प्रणालीबाट भोटिङ गर्ने व्यवस्था गरिएको छ।

संघको महाधिवेशन गर्न परराष्ट्रमन्त्री बालानन्द शर्माको अध्यक्षतामा एक उच्चस्तरीय आयोजक समिति गठन भएको थियो। सोही समितिको सक्रियतामा आयोजित महाधिवेशनमा गैरआवासीय नेपालीसम्बन्धी ऐन, संविधानप्रदत्त आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, गैरआवासीय नेपालीको संयुक्त लगानी, पर्यटन, स्वास्थ्य, ज्ञान, सिप र प्रविधि हस्तान्तरण, महिला, युवा तथा दोस्रो पुस्तालाई नेपालसँग जोड्ने लगायतका विविध सत्रमा छलफल हुने कार्यक्रमसमेत राखिएको छ। २३ वर्षअघि स्थापना भएको संघको सञ्जाल ९२ देशमा विस्तार भएको छ।

भारतबाट आयात हुने बिजुलीको महसुल १.५ प्रतिशत बढाउने सहमति

प्रतियुनिट ८.१० भारुमा खरिद गरिरहेको भारतीय बिजुली १७ चैतदेखि भने प्रतियुनिट ८.२२ भारुमा आयात गर्नुपर्ने बाध्यता

बिहार र उत्तर प्रदेशबाट आयात गर्ने बिजुलीको दरभाउ

प्रसारणलाइन	पहिले	१८ चैतबाट
१३२ केभी	८.१० भारु	८.२२ भारु
३३ केभी	८.७८ भारु	८.९१ भारु
११ केभी	९.४१भारु	९.५५भारु

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतको बिहार र उत्तरप्रदेशबाट खरिद गरिने बिजुलीको शुल्क १.५ प्रतिशतले बढाइएको छ। बिहीबार र शुक्रबार पोखरामा सम्पन्न नेपाल-भारत संयुक्त पावर एक्सचेन्ज कमिटी (पिइसी)को १७औँ बैठकमा बिहार र उत्तर प्रदेशबाट खरिद गरिने बिजुलीको शुल्क बढाउने सहमति भएको हो।

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका सदस्य विजयकुमार सिंहको नेतृत्वमा पोखरामा भएको बैठकमा सो सहमति भएको हो। सहमतिअनुसार आगामी एक वर्षसम्म १.५ प्रतिशतका दरले बढाइएको महसुल भुक्तानी गरेर नेपालले बिजुली आयात गर्नेछ।

बैठकसम्बद्ध स्रोतका अनुसार अब बिहार र उक्त प्रदेशबाट एक सय ३२ केभी प्रसारणलाइनमार्फत ल्याइने बिजुलीको शुल्क प्रतियुनिट ८.२२ भारु हुनेछ। यसअघि उक्त दर प्रतियुनिट ८.१० भारु थियो। यसैगरी, ३३ केभी र ११ केभीमार्फत ल्याइने विद्युत्को मूल्य भने ८.९१ भारु र ९.५५ भारु कायम गरिएको छ। यसअघि ३३ केभीका लागि ८.७८ भारु र ११ केभीका लागि ९.४१ भारु शुल्क थियो। उत्तर प्रदेश र बिहारबाट सामान्यतया एक सय ३२ केभी लाइनबाट विद्युत् आयात गर्ने गरिन्छ।

गत वर्ष ३० माघ ०८१ मा भएको पिइसी बैठकमा पनि १.५ प्रतिशत शुल्क बढाएर भारतबाट बिजुली खरिद गर्ने सहमति गरिएको थियो। तर, महँगो दरमा बिजुली किन्ने सम्झौता गरेको भन्दै सरकारले प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोधेर ११ चैतमा बर्खास्त गरेको थियो।



पिइसी बैठकमा सहभागी विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका सदस्य विजयकुमार सिंह।

अहिले फेरि सोही दरमा भाउ बढाएर बिजुली खरिद गर्ने निर्णय भएको हो।

पोखरामा भएको बैठकमा भारतीय पक्षले ५.५ प्रतिशतले मूल्य बढाएर मात्र नेपाललाई बिजुली बेच्न सकिने प्रस्ताव गरेको थियो। तर, छलफलका क्रममा १.५ प्रतिशतले मूल्य बढाउने सहमति भएको प्राधिकरणका प्रवक्ता राजन ढकालले जानकारी दिए। 'भारतीय पक्षले ठुलो दरमा मूल्य बढाएर नेपाललाई बिजुली दिन सक्ने प्रस्ताव गरेको थियो, तर हामीले भारतीय प्रस्तावमा बिजुली किन्न सक्ने अवस्था नरहेको बतायौँ,' उनले भने, 'गत वर्षकै दरमा नबढाई बिजुलीको महसुल तोक्न हामीले प्रस्ताव गरेपछि सोहीअनुसार सहमति भएको हो।' उनले यो बिजुली नियमित रूपमा खरिद गर्नुपर्ने नभई आवश्यक परेका बेला मात्रै आयात गरिने पनि बताए। 'हामीले जुन वेला आवश्यकता पर्छ, त्यही वेला किन्ने हो,' उनले भने, 'बिजुली व्यवस्थापनका लागि पिइसी बैठकबाट भएको सहमतिले ठुलो अर्थ राख्छ,' उनले भने। यो सहमतिको अवधि आगामी १८ चैतदेखि १ देखि एक वर्षका लागि हुनेछ। त्यसपछिको हकमा भने पुनः बैठक बसेर नयाँ सहमति गर्नुपर्ने व्यवस्था छ।

विद्युत् प्राधिकरणका प्रवक्ता **राजन ढकाल** भन्छन्-



■ गत वर्षकै दरमा विद्युत् महसुल बढाउने सहमति भएको हो

भारतीय पक्षले ५.५ प्रतिशतका दरले मूल्य बढाएर नेपाललाई बिजुली दिन सक्ने प्रस्ताव गरेको थियो, तर हामीले भारतीय प्रस्तावमा बिजुली किन्न सक्ने अवस्था नरहेको बतायौँ। गत वर्षकै दरमा नबढाई बिजुलीको महसुल तोक्न हामीले प्रस्ताव गरेपछि सोहीअनुसार सहमति भएको हो। यो बिजुली नियमित रूपमा खरिद गर्नुपर्ने नभई आवश्यक परेका वेला मात्रै आयात गरिने हो। हामीलाई जुन वेला आवश्यकता पर्छ, त्यही वेला किन्ने हो। बिजुली व्यवस्थापनका लागि पिइसी बैठकबाट भएको सहमतिले ठुलो अर्थ राख्छ।

सस्तोमा बिजुली किन्ने टेन्डर नपरेपछि महँगोमा विद्युत् खरिदको गृहकार्य

भारतबाट दैनिक एक सय मेगावाट विद्युत् किन्ने टेन्डर भए पनि आवेदन पर्ने सम्भावना न्यून देखिएको छ। टेन्डर नपरेको अवस्थामा विद्युत् व्यवस्थापनका लागि यो सम्झौता उचित विकल्प हुने प्राधिकरणको भनाइ छ। प्राधिकरणले अहिले इन्डियन इनर्जी एक्सचेन्जबाट ६ सय ६४ मेगावाटसम्म र पिटिसी इन्डियाबाट एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गरिरहेको छ।



पिटिसीसँगको सम्झौताको म्याद मेसम्म भए पनि इन्डियन इनर्जी एक्सचेन्जबाट विद्युत् खरिद गर्न पाउने अनुमतिको अवधि भने १७ चैत (३१ मार्च)सम्म छ। त्यसपछि २४ घण्टा नै बिजुली पाउनेमा चुनौती छ। गर्मीका कारण अप्रिलदेखि भारतमा पनि विद्युत्को माग धेरै हुन्छ। विगतमा भारतले यो समयमा पिक आवर वा रातिको समयमा विद्युत् दिने गरेको थिएन। यसपालि पनि सोही प्रवृत्ति दोहोरिन सक्ने जोखिम छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
Durbar Marg. P.O. Box 3412, Kathmandu
Telephone : 01-5342530, 5328229
Fax: (977-1) 5326349, 5328927
Email : info@nimb.com.np
Website : www.nimb.com.np

INTEREST RATES ON DEPOSITS AND LOANS & ADVANCES

Effective from 15th March, 2026 (1st Chaitra 2082)

Deposit Interest Rates

a. NPR Fixed Deposits

Particulars		Interest Rate p.a.
Individual Fixed Deposit	1 Year to 2 Years	3.00%
	Above 2 Years to 5 Years	3.25%
	Above 5 Years	4.50%
Remittance Fixed Deposit	1 Year to 2 Years	4.00%
	Above 2 Years to 5 Years	4.25%
	Above 5 Years	5.50%
Institutional Deposit	1 Year to 2 Years	2.75%
	Above 2 Years to 5 Years	3.00%
	Above 5 Years	3.50%

b. NPR Recurring Fixed Deposits

Particulars	Interest Rate p.a.
13 Months	3.50%
25 Months	4.00%

c. FCY Fixed Deposits

Particulars	Interest Rate p.a.
FCY Fixed Deposit (USD)-Individual	2.75%
FCY Fixed Deposit (USD)-Institutional	3.25%
FCY Fixed Deposit Others	1.75%

d. NPR Saving Deposits

Afnai Bachat Khata	2.75%	Shrijansil Nari Bachat Khata	2.75%
Keta Keti Bachat Khata	2.75%	Swabhiman Bachat Khara	2.75%
Karmachari Bachat Khata	2.75%	Triple Benefit Plus Saving Account	2.75%
EZEE Saving	2.75%	Chhoriko Surakshya Bachat Khata	2.75%
Surakshya Bachat Khata	2.75%	Janasewak Saving Account	2.75%
EZEE Student	2.75%	Ek Se Ek Saving Account	2.75%
Lotus Saving Account	2.75%	Prabardhak Bachat Khata	2.75%
Locker Account	2.75%	Shareholder Savings Account	2.75%
Savings Bonanza	2.75%	Professional Saving Account	2.75%
Saving Branchless Banking	2.75%	Nawa Aayam Bachat Khata	3.15%
Social Security Account	2.75%	NIMB Green Future Saving Account	3.25%
Access to Finance Program	2.75%	Prithvi Remittance Account	4.25%
Retirement Fund Account	2.75%	Janani Janmabhumi Saving Account	4.25%

Particulars	Interest Rate p.a.
NPR Call Account	Up to 1.35%
FCY Others Saving	1.25%
USD Saving	2.25%
USD Call Account	Up to 1.12%
FCY Others Call Account	Up to 0.62%

Lending Interest Rates

Premium rates on Loans and Advances shall remain same for the month of Chaitra 2082 as published in previous month and is available in Bank's website.

Notes:

- Interest Rate for Akshyakosh shall be decided as per mutual consent between Bank and the client.
- Interest rate on Remittance Fixed Deposit including renewal shall be applicable only for funds received from abroad with legitimate source.
- Interest rate on loans and advances shall be average base rate plus applicable premium rate.
- Interest rate as per special agreement shall be applicable till the expiry of such loan tenure.
- Penal interest of 2% p.a. shall be applied on the expired/overdue loan.
- Rate on subsidized loan shall be BR+1.50% premium p.a. or as guided by NRB. However, rate on subsidized loan as per provincial government shall be as per respective guidelines of such province.
- Rate on consortium financing shall be as decided by the consortium meeting. However, rate shall not be less than base rate of the Bank.
- Tenure of Fixed Deposit shall be minimum of one year.
- The gap of interest rate on loan and advances of same nature shall be maintained as per regulatory requirements.
- Other terms and conditions including features of the products have been mentioned in Bank's website:- www.nimb.com.np.

चालू पुँजी कर्जा प्रवाह थप सहज

काठमाडौं/ राष्ट्र बैंकले चालू पुँजी कर्जा मार्गदर्शन संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका व्यवसायलाई थप सहजीकरण गरेको छ। संशोधित व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले स्थायी चालू पुँजी आवश्यकताका लागि आवधिक प्रकृतिको कर्जा दिनुपर्नेछ। यस्तो कर्जाको भुक्तानी अवधि भने बैंकलाई निर्धारण गर्न पाउने सुविधा दिइएको छ। यसअघि स्थायी चालू पुँजीका लागि दिइने कर्जाको अवधि तीनदेखि १० वर्ष अनिवार्य गरिएको थियो। अब भने समयावधि तोकिएको छैन।

उद्योगले कच्चा पदार्थ खरिद गर्ने, तयार वस्तु उत्पादन गर्ने, कर्मचारीलाई तलब-भत्ता वितरण गर्ने, मौज्दात सामग्रीमा लगानी गर्नेलगायतका शीर्षकमा खर्च गर्न बैंकबाट छोटो अवधिका लागि कर्जा लिने गर्छन्। यस्तो कर्जा लिएर व्यवसाय गर्नका लागि अहिले राष्ट्र बैंकले थप सुविधा दिएको हो। यसअघि प्रवाह भइसकेका स्थायी चालू पुँजीका आवधिक कर्जालाई ऋणीको नगद प्रवाह र वित्तीय विवरणको विश्लेषण गरेर ०८३ असार मसान्तभित्र एकपटक मात्र पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था पनि गरिएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै बिन्ती गरुन भुकेर पथमा तर त्यो बिन्ती मान्दैन त्यो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
२०२४/११/२३

स्वर्गारोहण
२०८२/११/१८

स्व. शिवराज पन्त

हाम्रा सहकर्मी इन्जिनियर श्री विजया देवकोटा (पन्त)का श्रीमान् सडक विभाग अन्तर्गत गुणस्तर अनुसन्धान विकास केन्द्रमा कार्यरत **सि.डि.इ. श्री शिवराज पन्त**को असामयिक निधन भएको १३ औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं।

डा.विश्व रञ्जन शाही	सिंह बहादुर विष्ट	गगनराज कर्णजीत
पुरुषोत्तम भण्डारी	गंगा बहादुर महर्जन	सुलोचन गौतम
बाबुराम घिमिरे	विनोद कुमार शाह	सुजना कंडेल
सुमित्रा अधिकारी	प्रदिप कुमार शाह	प्रेम चुवाई
अमर नाथ यादव	हरिकृष्ण घिमिरे	

■ मध्यपूर्वमा मिसाइल, नेपालमा ग्यासको लाइन



काठमाडौंको बालाजुस्थित नेपाल ग्यास उद्योगपरिसरमा रित्तो सिलिन्डर लिएर लाइन लागेका उपभोक्ता। तस्बिर : संजित परियार/नयाँ पत्रिका

मध्यपूर्वमा रहेका नेपाली श्रमिक सुरक्षा जोखिममा : विज्ञ

श्रमिकमाथि विभेद र शोषण सुरु, सम्बन्धित देशको नागरिकसरह सुविधा नपाएको र घर फिर्ता हुने अनुमतिसमेत नदिएर कडाइ



आफ्नो धारणा राख्दै आप्रवासनविज्ञ रामेश्वर नेपाल

नयाँ पत्रिका

मध्यपूर्वको तनावका कारण सुरक्षा जोखिममा रहेका श्रमिकमाथि विभेद र शोषणसमेत भइरहेको देखिएको छ। मिसाइलका त्रासमा रहेका श्रमिकमाथि त्यहाँका राज्यले विभेद र कम्पनीले शोषण गरिरहेको देखिएको हो।

श्रम तथा आप्रवासनविज्ञ रामेश्वर नेपालले मध्यपूर्वका देशहरूले सुरक्षा मामिलामा आफ्ना नागरिकलाई प्राथमिकतामा राखेर श्रमिकलाई समान व्यवहार नगरेको तथा रोजगारदाता कम्पनीहरूले तलब-सुविधा होल्ड गरिदिने, सहज एक्जिट नदिनेजस्ता शोषण गरिरहेको पाइएको बताए। 'सामान्यतः युद्ध, महामारीजस्ता विषम परिस्थितिमा श्रमिकमाथि विभेद र शोषण हुने गरेको छ, विगतमा पनि यस्ता घटनाहरू भएका थिए,' उनले भने, 'अहिले पनि मध्यपूर्वका देशमा यस्तो भइरहेको छ, त्यहाँ कार्यरत नेपाललगायत मुलुकका श्रमिकले समान व्यवहार नभएको तथा कम्पनीले श्रम शोषण गरेको गुनासो गरेका छन्।'

आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको 'पश्चिम एसियाको समस्या र नेपालको अर्थतन्त्र' विषयक छलफल कार्यक्रममा बोल्दै श्रमविज्ञ नेपालले द्वन्द्वग्रस्त मध्यपूर्वमा श्रमिकको अवस्थाका विषयमा विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाले गरेको अनुसन्धान र अध्ययनले श्रमिकले द्वन्द्वको जोखिमसँगै त्यसले निम्त्याएका अन्य पीडासमेत भोगिरहेको पाइएको उनले बताए।

त्यस्तै, मध्यपूर्वमा भइरहेको तनावले विश्वमै मूल्यवृद्धि र आर्थिक मन्दीको जोखिम बढाएको र त्यसबाट नेपालसमेत प्रभावित हुन थालेको अर्थशास्त्री डा. गुणाकर भट्टले बताए। 'प्रतिब्यारेल पेट्रोलियमको मूल्य १० प्रतिशतले बढ्दा ०.४ प्रतिशत मूल्यवृद्धि हुने अध्ययनले देखाएको छ, अर्थात् इन्धनको मूल्य २५ प्रतिशत बढ्दा एक प्रतिशत मूल्यवृद्धि हुन्छ,' उनले भने, 'अहिले मध्यपूर्वको तनावले पेट्रोलियमको भाउ बढिरहेको छ, यसले विश्वव्यापी रूपमा मूल्यवृद्धि गराउने जोखिम छ।' विभिन्न समयमा विश्व आर्थिक मन्दीको मुख्य कारक पेट्रोलियम पदार्थको आपूर्ति शृंखलामा भएको अवरुद्धलाई मानिने उनले बताए।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं।

शिक्षक वैङ्कको रोष्टर सूचीका लागि आवेदन माग गरिएको सूचना

सूचना प्रकाशित मितिः २०८२/११/२९ गते

टोखा नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा रिक्त हुने शिक्षक तथा बाल विकास सहजकर्ता पदमा करारमा नियुक्तिका लागि सिफारिस गर्न शिक्षक बैङ्क तयारी गरिने भएकाले उक्त बैङ्कमा शैक्षिक सत्र २०८२ र २०८३ का लागि रोष्टर सूचीमा संलग्न हुन चाहने योग्यता पुगेका व्यक्तिले टोखा नगरपालिकाको शिक्षक बैंक तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम मिति २०८२/१२/१३ गतेभित्रमा उल्लेखित दस्तुरसहित अनलाइन गुगल फाराममार्फत् आवेदन दिनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। विस्तृत जानकारीका लागि यस कार्यालयको वेवसाइट वा सामाजिक सञ्जाल तथा शिक्षा, युवा तथा खेलकुद शाखामा हेर्नु हुनसमेत सूचित गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

इरानी नागरिकलाई नेपाल प्रवेशमा कडाइ

■ अनअराइभल भिसा बन्द, सीमामा निगरानी बढाउन निर्देशन

नयाँ पत्रिका

मध्यपूर्वमा बढेको द्वन्द्वसँगै नेपालले इरानका नागरिकलाई नेपाल प्रवेशमा कडाइ गरेको छ। पर्यटक भिसामा नेपाल आएर लुक्न सक्ने जोखिम रहेको आकलनमा सरकारले इरानी नागरिकलाई विमानस्थलमै दिइने अनअराइभ भिसा बन्द गरेको हो।

अध्यागमन विभागको प्रस्तावमा गृह मन्त्रालयले शुक्रबार इरानलाई अन अराइभ भिसा रोक्ने निर्णय गरेको छ। 'कूटनीतिक र सरकारी पासपोर्ट भएकाबाहेक अन्य इरानी नागरिकले अब नेपालमा अन अराइभल भिसा पाउँदैनन्,' अध्यागमन विभागका निमित्त महानिर्देशक टीकाराम ढकालले भने, 'अन्यले पहिले नै दूतावासबाट भिसा लिनुपर्ने हुन्छ।' दूतावासबाट दिइने भिसामा पनि कडाइ गर्न भनिएको छ। पर्यटक भिसामा नेपाल आएर यहाँ शरणार्थीको हैसियतमा अवैध रूपमा बस्न सक्ने जोखिम रहेकाले यस्तो निर्णय गरिएको अध्यागमन विभागका अधिकारी बताउँछन्। गृहले भारत हुँदै सडकमार्गबाट समेत इरानी नागरिक नेपाल आउन सक्ने भएकाले निगरानी बढाउन भनेको छ।

विगतदेखि नै कतिपय इरानी नागरिक पर्यटक भिसामा नेपाल आएर यहाँबाट शरणार्थीका रूपमा अन्य देश जाने गरेका छन्। आफ्नो देशमा बस्न सक्ने अवस्था नरहेको भन्दै उनीहरू नेपाल आएर अवैध रूपमा बस्ने गरेका छन्। अहिले द्वन्द्वका कारण थप इरानी नेपाल आउन सक्ने जोखिम भएकाले सरकारले अन अराइभल भिसा बन्द गराएको हो।

अध्यागमन विभागको तथ्यांकअनुसार सन् २०२५ मा नेपालमा एक हजार ४२५ इरानी आएका थिए। त्यस्तै, यस वर्ष जनवरीमा ३७, फेब्रुअरीमा ५९ र मार्चमा १४ जना आएको अध्यागमनको तथ्यांक छ।

रात्रिबसलाई डिजिटल निगरानी गरिने

काठमाडौं/ तीन साताअघि धादिङमा भएको बस दुर्घटनाको छानबिन गर्न गठित कार्यदलले रात्रिकालीन बसलाई डिजिटल निगरानीको व्यवस्था गर्न सिफारिस गरेको छ। सहसचिव ऋषिराम तिवारी नेतृत्वको छानबिन कार्यदलले शुक्रबार गृहमन्त्री ओमप्रकाश अर्याललाई प्रतिवेदन बुझाउँदै रात्रिकालीन बसलाई डिजिटल निगरानीको व्यवस्था गर्न भनेको हो। कार्यदलले सार्वजनिक सवारीचालकको थकान व्यवस्थापन, रात्रिकालीन बसमा अधिकतम कार्य समय र अनिवार्य विश्रामको व्यवस्थाका साथै डिजिटल निगरानी प्रविधि लागू गर्न सुझाव दिएको मन्त्रालयले जनाएको छ। प्रतिवेदन ग्रहण गर्दै मन्त्री अर्यालले अध्ययनले औंल्याएका दुर्घटनाका कारण र दिएका सुझावलाई मन्त्रालयले तत्काल कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन्।

गत ११ फागुनमा पोखराबाट आउँदै गरेको रात्रिबस धादिङको बेनीघाट रोराङ- ५ स्थित त्रिशूली नदीमा खस्दा १९ जनाको ज्यान गएको थियो भने २५ जना घाइते भएका थिए। कार्यदलले स्थलगत अध्ययनपछि चालकको थकान, रात्रिकालीन सवारी सञ्चालन र ध्यान विचलनका कारण सवारीसाधन अनियन्त्रित भई उक्त दुर्घटना भएको निष्कर्ष निकालेको छ।

लागुऔषधसहित भारतीय नागरिक पक्राउ

बुटवल/ रुपन्देही प्रहरीले लागुऔषधसहित एक भारतीय नागरिकलाई सिद्धार्थनगर नगरपालिका- ३, सिद्धार्थपथबाट शुक्रबार पक्राउ गरेको छ। भारत उत्तर प्रदेशका ४१ वर्षीय मोहम्मद आजमलाई लागुऔषध डाइजेपाम ५०० एम्पुल, फेनारगन ५०० एम्पुल र नुफ्रिन ५०० एम्पुल गरी १५०० एम्पुलसहित पक्राउ गरेको रुपन्देही प्रहरीका डिएसपी कृष्णकुमार चन्दले बताए। आजमलाई रुपन्देही जिल्ला अदालतबाट सात दिन म्याद थप भई थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

बालेनलाई संघीय लोकतान्त्रिक मोर्चाको बधाई



काठमाडौं/ मधेशकेन्द्रित दलहरूको संघीय लोकतान्त्रिक मोर्चाले रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेनलाई मधेशी सपुत भन्दै प्रधानमन्त्री बन्न लागेकामा खुसी व्यक्त गरेको छ। शुक्रबार जसपा नेपालका संरक्षक तथा राष्ट्रिय सभा सांसद महन्थ ठाकुरको अध्यक्षतामा बसेको बैठकले बालेन प्रधानमन्त्री बन्ने परिस्थिति लामो समयदेखि मधेशी आदिवासीलगायतले गर्दै आएको संघर्षले बनाएकोसमेत जिकिर गरेको छ।

बैठकमा ठाकुर, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीलगायत सहभागी थिए। प्रतिनिधिसभा निर्वाचनमा मोर्चासम्बद्ध दलले एक सिट पनि जित्न सकेनन्।

'प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा मधेशी समुदायका मा. बालेन्द्र शाह (बालेन)को नेतृत्वमा आमजनताले व्यापक जनसमर्थन प्रदान गरेकाले निजलाई प्रधानमन्त्रीका रूपमा हेर्न पाउनु हामी लामो समयदेखि संघर्षरत मधेशी, थारू, आदिवासी जनजातिलगायत उत्पीडित समुदायहरूको निम्ति हर्षको विषय हो,' मोर्चाले बैठकपछि जारी विज्ञप्तिमा भनेको छ, 'त्यसर्थ यो बैठकले बालेन्द्र शाहलाई हार्दिक शुभकामना व्यक्त गर्दछ।' बालेनको नेतृत्वमा जनजाति, मधेशी, थारूलगायतका मुद्दा थप सुदृढ हुने तथा संघीयता थप बलियो हुने पनि मोर्चाले अपेक्षा गरेको छ।

INTEREST RATES

Following rates on lending and deposit products shall be applicable from
15th March 2026 (1st Chaitra 2082)

LCY DEPOSITS		Interest Rates (% p.a.)
A.	**Savings Deposit:**	
	Nabil General Savings Account	2.75
	Nabil Premium Nari Bachat Khata	2.75
	Nabil Corporate Staff Savings Account	2.75
	Nabil Jestha Bachat Khata	2.75
	Nabil Bal Bachat Khata	2.75
	Nabil Karmashil Bachat Khata	2.75
	Nabil Social Security Savings Account	2.75
	Nabil Gen N Account	2.75
	Nabil Sahuliyat Khata	2.75
	Corporate General Savings	2.75

LCY DEPOSITS		Interest Rates (% p.a.)
	Savings Deposit:	
	Nabil Gen Alpha Account	2.75
	Nabil Digo Bachat Khata	2.75
	Nabil Shareholders Savings Account	2.77
	Nabil Premium Payroll Savings Account	2.77
	Corporate Premium Savings	2.77
	Nabil Gold Savings Account	2.80
	Corporate Super Savings	2.80
	Nabil Gold Payroll Savings	2.80
	Nabil Dhukka Bachat Khata	2.80
	Nabil Premium Remittance Savings Account	3.80

B.	**Fixed Deposit:**		
	Individual	**Normal**	**Remittance**
	3 months to below 6 months	2.80	3.80
	6 months to 1 year	2.85	3.85
	Above 1 to 2 years	3.00	4.00
	Above 2 to 5 years	3.25	4.25
	Above 5 to 10 years	4.00	5.00
	Above 10 years	4.55	5.55
	- Cumulative Fixed Deposit (1 Year)	2.85	3.85
	Institutional		
	6 months to 1 year	2.75	
	Above 1 to 2 years	2.75	
	Above 2 to 5 years	3.00	
	Above 5 to 10 years	3.25	
	Above 10 years	3.55	
	Nabil Akshaya Kosh Muddati	Negotiable	

FCY Deposits

Currency	Saving Deposit			Interest Rate (% per annum)
	USD Saving	Nabil USD Special Savings A/c	Nabil USD Elite Savings A/c	
USD	1.5	1.75	2.25	
	Fixed Deposits**			
	3 to 6 months			3.25
	Above 6 to 12 months			3.00
	Above 12 months			2.75
	Call Deposits			Up to 0.75

Currency	Deposit	Interest Rate (% per annum)	Currency	Deposit	Interest Rate (% per annum)
GBP	Saving Deposit	1.5	JPY	Saving Deposit	0.10
	Fixed Deposits**	2		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.75		Call Deposits	up to 0.05
EUR	Saving Deposit	0.25	AUD	Saving Deposit	0.10
	Fixed Deposits**	0.5		Fixed Deposits**	0.50
	Call Deposits	up to 0.12		Call Deposits	up to 0.05

** Minimum tenor for Individual Fixed Deposit is 3 months and Institutional Fixed Deposit is 6 months

NRN Fixed Deposit (Minimum Balance USD 1,000.00 or equivalent & minimum Tenor 1 year)			
Currency	USD	GBP	AUD
Interest Rate (% per annum)	3.50	2.25	2.25

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	**Business Loan**		
	1. Directed Sector	**Prime**	**Standard**
	Energy	0.25-2.25	1.50-2.25
	Loans to the specified sector as per NRB Directive (up to NPR 20 million)	1.00-2.00	
	Agriculture (except specified sector as per NRB Directive)	0.25-2.25	1.00-2.25
	SME loan up to NPR 20 Million (except specified sector as per NRB Directives)	1.00-2.50	2.00-3.00
	2. Deprived Sector		
	Institutional Deprived Sector (MF-DSL)	0.00-2.00	
	Direct Deprived Sector Lending (DDSL)	1.00-2.00	
	Loan to Specified Sector as per NRB directives	1.00-2.00	
	DDSL Auto Loan	1.50-3.00	2.00-3.50
	Low Cost Housing	1.50-3.00	2.00-3.50
	Other DDSL Products	1.50-3.00	2.00-3.50
	3. Interest Subsidized Loan as per NRB	1.00-2.00	
	4. Export Finance		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.00-3.00	1.50 - 3.00
	5. Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.00-3.00	1.50-3.00
	c. Contractor Business	1.50-3.50	2.00-3.50
	d. Hospitality Business	0.75-2.75	1.75-2.75
	e. Corporate Building Construction	0.75-2.75	1.75-2.75
	6. Working Capital Loans		
	I. Cash Credit/Demand Loan/ Overdraft		
	a. Corporate	0.50-2.50	1.50-2.50
	b. SME	0.75-2.75	1.50-2.75
	c. Contractor Business	1.50-3.50	2.50-3.50
	II. TR/Import Loans		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.00-3.00	1.50-3.00
	c. Contractor Business	1.50-3.50	2.50-3.50
B.	**RETAIL LOAN**		
	1. Sustainable Housing Loan		1.00-2.75
	2. Affordable Housing Loan		0.75
	3. Super Housing Loan		1.00-3.00
	4. Housing Loan		0.50-2.50
	5. Super Mortgage Loan		1.25-3.25
	6. Mortgage loan		
	Upto NPR 25 million		1.00-3.00
	Above NPR 25 million		1.25-3.25
	7. Auto		
	i. Private		1.00-3.00
	ii. Commercial		2.50-4.00
	iii. Tractor		3.00-4.00
	iv. Electric Vehicle		
	a. Private		1.00-3.00
	b. Commercial		2.50-4.00
	8. Education		3.00-5.00
	9. Personal Overdraft		1.50-3.50
	10. Corporate Employee Loan		0.00-2.00
	11. Nabil Professional Loan		3.50-4.00
	12. Gold Loan		3.00-5.00
	13. Nabil Fone Loan		5.00

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	**Business Loan**		
	III. Working Capital Term Loan		
	a. Corporate	1.00-3.00	2.00-3.00
	b. SME	1.25-3.25	1.50-3.25
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	IV. Short Term Loan (STL)		
	a. Corporate	0.50-2.50	1.75-2.50
	b. SME	1.00-3.00	1.50-3.00
	c. Contractor Business	1.75-3.75	2.50-3.75
	V. Structured Short Term Loan/ Time Loan		
	a. Corporate	upto 2	1.00-2.00
	b. SME	0.75-2.75	1.00-2.75
	c. Contractor Business	1.50-3.50	2.25-3.50
	7. Bills Purchase/Documentary Negotiation	0.50-2.50	1.00-2.50
	8. Institutional Auto Loan	1.50-3.50	2.50-3.50
	9. Equity Mortgage Loan	1.50-3.50	2.50-3.50
	10. Channel Financing	1.00-3.00	1.50-3.00
	11. Nabil Sakchhyam Karja	1.00-3.00	1.50-3.00
	12. Nabil Nari Karja	1.00-3.00	1.50-3.00
	13. Nabil Sajilo Karja	1.00-3.00	1.50-3.00
	14. Nabil Sajilo Express Karja	1.00-3.00	1.50-3.00
	15. Nabil Kishan Karja	0.00-2.00	0.00-2.00
	16. Nabil Udhyamshil Karja	1.50-3.50	1.75-3.50
	17. Nabil Skill Migrant Entrepreneurship Loan		1.00-3.00
	18. # Fixed rate Business Term Loans other than Auto Loan		
	Up to 5 Years	11.00%	11.25%
	Above 5 to 10 Years	11.25%	11.50%
	Above 10 Years	11.50%	11.75%
	19. # Fixed rate Business Term Loans For Vehicle Financing		
	Up to 5 Years	9.99%	9.99%
	Above 5 to 7 Years	10.49%	10.49%
B.	**RETAIL LOAN**		
	14. # Fixed Rate Education loan		9.99%
	15. # Fixed rate Retail Loan Products		
	a) Up to 5 years		
	Mortgage Loan upto NPR 25 million		8.49%
	Mortgage Loan above NPR 25 million		10.99%
	Other Retail loans		11.99%
	Auto Loans		9.99%
	Auto Loans Commercial		12.00%
	b) Above 5 years to 7 years		
	Auto Loans		10.49%
	c) Above 5 years to 10 years		
	Mortgage Loan upto NPR 25 million		9.99%
	Mortgage Loan above NPR 25 million		11.49%
	d) Above 10 years to 15 years		
	Mortgage Loan upto NPR 25 million		10.49%
	Mortgage Loan above NPR 25 million		11.99%
	e) Nabil Dhukka Ghar Karja		
	i. Fixed for 7 years		8.99%
	ii. Fixed for 10 years		9.49%

C.	**Loan Against**	
	1. Fixed Deposit (Nabil Bank)*	0.50-2.00
	2. Fixed Deposit (Other banks)*	0.50-2.00
	3. 1st Class Bank Guarantee	2.00-4.00
	4. Other Bank's Guarantee	2.00-4.00
	5. Govt. Securities	2.00-4.00
	6. LCY Loan Against FCY Deposit	2.00-4.00
	7. Loan Against Shares	1.00-3.00
	* Coupon rate plus premium upto 2.00% or Base Rate whichever is higher.	
	# Rates are all-in-rates (Base rate plus premium)	
	Average Base Rate applicable for Falgun 2082 (Last 3 months' average)	4.91%
	LCY Interest Spread rate for the month of Magh 2082	3.47%

Notes:

1. The effective applicable loan interest rate shall be automatically revised with effect from the 1st day of every month based on the change in the immediate last three months (Bikram Sambat Calendar) average base rate as published by the Bank periodically.
2. Interest rates on consortium loans shall be as decided by consortium meetings.
3. Penal interest shall be charged at 2% above the agreed/applied premium over base rate on all overdue/expired loans.
4. Interest rate on foreign currency loans shall be determined on deal to deal basis as per market movements subject to applicable NRB guidelines.
5. Interest rates on loans against NRB refinance shall be as per applicable NRB guidelines.
6. Call deposit interest rate shall be as per agreement subject to applicable NRB guidelines.
7. Interest rate concession shall be provided to the specified sector under normal Deprived Sector Loan in line with NRB Directive.
8. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.
9. For Loan against Institutional deposit to their staffs/associates, premium will be up to 2% on prevailing base rate.
10. In case Bank provides discount on Base Rate for the month; Applicable Base Rate can be lower than that of published Base Rate.
11. For organizations having co-service agreement, institutional FD rate of Above 10 years shall be applied.

NABIL BANK®
Head Office, Durbarmarg, Kathmandu | Phone No.01-5971871

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाण्डौ

करार सेवाको लागि सिफारिस सम्बन्धी सूचना

(प्रकाशन मिति २०८२/११/३०)

केन्द्रले करार सेवाका लागि मिति २०८२/०७/११ गते सूचना प्रकाशन गरी सूचना नं. ३/२०८२/८३, तह ५, प्राविधिक सहायक पदको माग संख्या ४ र सूचना नं. ४/२०८२/८३ तह ४, कम्प्यूटर अपरेटर पदको माग संख्या १ को लागि दरखास्त आह्वान गरिएकोमा केन्द्रद्वारा लिएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये छनौट भएका उम्मेदवारहरुको लिएको अन्तर्वार्तामा उपस्थित उम्मेदवारहरुको लिखित परीक्षा, शैक्षिक योग्यता र कार्य अनुभवको प्राप्ताङ्क तथा अन्तर्वार्ताको औसत प्राप्ताङ्कको आधारमा योग्यताक्रम कायम गरी सेवा करार नियुक्तिको लागि छनौट समितिबाट सिफारिस गर्ने निर्णय भएको हुँदा करार जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै यस सम्बन्धी बिस्तृत बिवरण केन्द्रको वेबसाइट www.aepc.gov.np र सूचना पाटीमा राखिएको छ।

छनौट समिति

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८२/११/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानूनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणी : बाल कुमार कट्टेल बाबुको नाम : कमल प्रसाद कट्टेल बाजेको नाम : रबि चन्द्र कट्टेल ठेगाना : फिक्कल-०६, ईलाम हाल : सुर्योदय-१०, ईलाम ना.प्र.नं.: ६३७८७/९५९ जारी जिल्ला : जि.प्र.का, ईलाम मिति : २०५८/११/०७ **कर्जा लिएको शाखा : फिक्कल, ईलाम**	**ख) नाम : मेलिना घले** बाबुको नाम : दुर्गा प्रसाद घले पतिको नाम : सरोज थामी ससुराको नाम : काजी थामी ठेगाना : फिक्कल-०८, ईलाम हाल : सुर्योदय-१०, ईलाम ना.प्र.नं.: ०३-१-०२९/१००४५९ जारी जिल्ला : जि.प्र.का, ईलाम मिति: २०६८/०३/२१ **ग) नाम : देवान शाह** बाबुको नाम : बल बहादुर शाह बाजेको नाम : धर्म विक्रम शाह ठेगाना : श्रीअन्तु-०९, ईलाम हाल : सुर्योदय-०४, ईलाम ना.प्र.नं.: १०६५ जारी जिल्ला : जि.का, ईलाम मिति : २०४६/०३/०९
जमानीकर्ताको विवरण **क) नाम : मनिता न्यौपाने** बाबुको नाम : ज्ञान बहादुर न्यौपाने पतिको नाम : बाल कुमार कट्टेल ससुराको नाम : कमल प्रसाद कट्टेल ठेगाना : ईलाम-०३ ईलाम हाल : सुर्योदय-१०, ईलाम ना.प्र.नं.: ५८५० जारी जिल्ला : जि.प्र.का, ईलाम मिति : २०५९/०५/२७	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२) ऋणी : माया पाण्डे बाबुको नाम : मनिराम पाण्डे पतिको नाम : ठाकुर प्रसाद मरासिनी ससुराको नाम : भविश्वर मरासिनी ठेगाना : तम्घास-०१, गुल्मी हाल : रेसुङ्गा-०१, गुल्मी ना.प्र.नं.: ४८५०९ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०६१/१२/२१ **कर्जा लिएको शाखा : रिडी, गुल्मी**	**ख) नाम : निरुता भण्डारी** बाबुको नाम : रमेश भण्डारी पतिको नाम : गोविन्द पाण्डेय ससुराको नाम : चोप नारायण पाण्डेय ठेगाना : रैनादेवी छहरा-०२, पाल्पा हाल : रेसुङ्गा-०८, गुल्मी ना.प्र.नं.: ३९-०१-७६-००७२१ जारी गर्ने कार्यालय : जि.प्र.का., पाल्पा जारी मिति : २०७६/०२/०१ **ग) नाम : कमला पाण्डे** बाबुको नाम : दुण्डिराज गैरे पतिको नाम : चन्द्र प्रसाद पाण्डे ससुराको नाम : लोकनाथ पाण्डे ठेगाना : तम्घास-०९, गुल्मी हाल : रेसुङ्गा-०१, गुल्मी ना.प्र.नं.: २८२८५ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०५९/०५/१६
जमानीकर्ताको विवरण **क) नाम : ठाकुर प्रसाद मरासिनी** बाबुको नाम : भविश्वर मरासिनी बाजेको नाम : पुनाराम मरासिनी ठेगाना : भगवती -०९, अर्घाखाँची हाल : रेसुङ्गा -०१, गुल्मी ना.प्र.नं. : ५७९१/२८५९ जारी गर्ने कार्यालय : जि.प्र.का., अर्घाखाँची जारी मिति : २०६०/०७/१३	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३) ऋणी : पुष्पा थापा श्रेष्ठ बाबुको नाम : कृष्ण बहादुर थापा पतिको नाम : भुवन श्रेष्ठ ससुराको नाम : टोम प्रसाद श्रेष्ठ ठेगाना : रेसुङ्गा-०२, गुल्मी ना.प्र.नं.: ४११०४२/७२८९० जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०६५/०४/२६ **कर्जा लिएको शाखा : रिडी, गुल्मी**	**ख) नाम : राज कुमार सुनार** बाबुको नाम : प्रेम बहादुर सुनार बाजेको नाम : रवि लाल सुनार ठेगाना : अर्खले-०९, गुल्मी हाल : रेसुङ्गा-०१, गुल्मी ना.प्र.नं.: १५८८६ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०५७/०७/२० **ग) नाम : योगमाया पन्थी** बाबुको नाम : बिष्णु भक्त पतिको नाम : चेतनारायण पन्थी ससुराको नाम : चिन्तामणी पन्थी ठेगाना : अर्खले-०९, गुल्मी हाल : रेसुङ्गा-०२, गुल्मी ना.प्र.नं.: ९७६५ जारी गर्ने कार्यालय : जि.का., गुल्मी जारी मिति : २०४५/०१/१६
जमानीकर्ताको विवरण **क) नाम : भुवन श्रेष्ठ** बाबुको नाम : टोम प्रसाद श्रेष्ठ बाजेको नाम : टिकाराम श्रेष्ठ ठेगाना : तम्घास-०३, गुल्मी हाल : रेसुङ्गा-०२, गुल्मी ना.प्र.नं.: ५१९३७ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०६२/०४/२७	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
४) ऋणी : अनजना चौधरी बाबुको नाम : राम नरायण चौधरी पतिको नाम : ज्ञानेन्द्र चौधरी ससुराको नाम : राम अयोध्या प्रसाद चौधरी ठेगाना : उमजन-०५, बारा हाल : करैयामाई-०७, बारा ना.प्र.नं.: ३३३०२७/१४५८ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा जारी मिति : २०६३/१०/२८ **कर्जा लिएको शाखा : कोल्हवी, बारा**	**ख) नाम : अजय चौधरी** बाबुको नाम : रामकिशुन चौधरी बाजेको नाम : पासपत चौधरी ठेगाना : सिहोर्वा-०३, बारा हाल : करैयामाई-०६, बारा ना.प्र.नं.: ३३१०५२/२०४०४ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा जारी मिति : २०६८/०६/२९ **ग) नाम : जितेन्द्र प्रसाद चौधरी** बाबुको नाम : खड्ग नारायण चौधरी बाजेको नाम : गनेश चौधरी ठेगाना : उमजन-०५, बारा हाल : करैयामाई-०७, बारा ना.प्र.नं.: २१२३/१५१४ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा जारी मिति : २०५७/११/१४
जमानीकर्ताको विवरण **क) नाम : ज्ञानेन्द्र चौधरी** बाबुको नाम : राम अयोध्या प्रसाद चौधरी बाजेको नाम : महजर चौधरी ठेगाना : उमजना-०५, बारा हाल : करैयामाई-०७, बारा ना.प्र.नं.: ९०१४ जारी गर्ने कार्यालय : जि.प्र.का., बारा, कलैया जारी मिति : २०५३/०४/०७	

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
शनिबार ३० फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टी–२० विश्वकप 'ड्रिम टिम'मा को–को समावेश ?

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका


भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको १०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सर्वाधिक २० टोलीले भाग लिए। भारतले अहमदाबाद रंगशालामा न्युजिल्यान्डलाई ९६ रनले हराउँदै तेस्रोपटक विश्वकप उपाधि जित्यो। टी-२० विश्वकप जित्ने भारत सर्वाधिक सफल भयो। इंल्यान्ड र वेस्ट इन्डिजले समान दुईपटक विश्वकप जितेका छन्। इटाली नवप्रवेशी राष्ट्रका रूपमा विश्वकपमा सहभागी भयो।

डेब्यु विश्वकपमै इटालीले समूह 'डी'मा सनसनी रूपमा नेपालमाथि १० विकेटको जित निकाल्यो। अफ्रिकी राष्ट्र जिम्बावेले आश्चर्यजनक रूपमा अस्ट्रेलिया तथा श्रीलंकालाई स्तब्ध पार्दै सुपर ८ को स्थान बनायो। अस्ट्रेलियाले जिम्बावेसँग पराजित हुँदा समूह चरणमै सीमित भयो। समूहदेखि सुपर ८ सम्म अपराजित रहेको दक्षिण अफ्रिका अप्रत्याशित रूपमा सेमिफाइनलमा न्युजिल्यान्डबाट नौ विकेटले परास्त भयो।

आइसिसीले आयोजना गर्ने प्रतियोगितामा दक्षिण अफ्रिका फेरि एकपटक अभागी बन्यो। नेपालले सन् २०१४ पछि विश्वकपमा जित निकाल्यो। नेपालले समूह 'डी'को अन्तिम खेलमा स्कटल्यान्डलाई सात विकेटले निराश बनाएको थियो। नेपालले आफ्नो समूहको पहिलो खेलमा इंल्यान्डलाई कडा चुनौती दिएको थियो। यद्यपि, अनुभव कमी हुँदा नेपाल अन्तिम ओभरमा इंल्यान्डबाट चार विकेटले पराजित भएको थियो।

आइसिसीले प्रतियोगिताको उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी समेटिएको 'टिम अफ दी टुर्नामेन्ट' सार्वजनिक गरेको छ। यसलाई आइसिसीले आफ्नो ड्रिम टिम भनेको छ। जसमा च्याम्पियन भारतका सर्वाधिक चार खेलाडी समावेश भएका छन्। यो ड्रिम टिमको कप्तानी दक्षिण अफ्रिकाका एइडेन मार्क्रमले गर्नेछन्। टोली छनोटका लागि वेस्ट इन्डिजका पूर्वक्रिकेटर इयान बिसप, इंल्यान्डका पूर्वकप्तान इयोन मोर्गन, प्रशिक्षक तथा कमेन्टेटर नटाली जर्मानोस, आइसिसी प्रतिनिधि गौरव सक्सेना र श्रीलंकाका वरिष्ठ खेल पत्रकार रेक्स क्लेमेन्टिन सम्मिलित छनोट समितिले निर्णय गरेको हो।

● साहिबजादा फरहान (पाकिस्तान)



पाकिस्तान सुपर ८ को समूह '२' मा रनरेटका आधारमा पछि पऱ्यो। जसका कारण पाकिस्तान सेमिफाइनलमा पुग्न सकेन। यद्यपि, पाकिस्तानका ओपनर फरहानले विश्वकपमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका थिए। उनले सात खेलमा तीन सय ८३ रन बनाए। विश्वकपको एकै संस्करणमा दुई शतकीय इनिङ्स खेल्ने उनी पहिलो खेलाडी बने। उनको औसत ७६.६० र स्ट्राइक रेट १६०.२५ थियो। फरहानले सुपर ८ को अन्तिम खेलमा श्रीलंकाविरुद्ध शतक जोडेका थिए।

● सन्जु सामसन (भारत, विकेटकिपर)



ओपनर सामसनका लागि यो विश्वकप विशेष रह्यो। पहिलो दुई खेलमा अवसर पाएपछि उनको प्रदर्शन गतिलो रहेन। तर, सुपर ८ मा जिम्बावेविरुद्धको खेलसँगै उनी चम्किए। सामसन यसरी विश्वकपमा अगाडि बढे कि उनकै प्रदर्शनका भरमा भारतले विश्वकप नै उचाल्यो। लगातार तीन खेलमा अर्धशतकीय योगदान सहँदै भारतको जितमा प्रमुख भूमिका निर्वाह गरेका सामसन प्रतियोगिताकै उत्कृष्ट खेलाडी बने। उनले पाँच खेलमा तीन सय २१ रन बनाए। सुपर ८ को निर्णायक खेलमा वेस्ट इन्डिजविरुद्ध अविजित ९७ रन बनाएका उनले सेमिफाइनलमा इंल्यान्ड र फाइनलमा न्युजिल्यान्डविरुद्ध समान ८९ रन बटुले।

● ईशान किसन (भारत)



१०औँ संस्करणमा भारतका अर्का ओपनर ईशानले पनि उत्कृष्ट खेल प्रदर्शन गरे। भारतलाई ओपनिङमा सानदार सुरुवात दिलाउने क्रममा उनको भूमिका निर्णायक रह्यो। विशेषतः वेस्ट इन्डिज, इंल्यान्ड र न्युजिल्यान्डविरुद्धको ओपनिङमा उनले विस्फोटक ब्याटिङ गरेका थिए। किसनले नौ खेलमा तीन सय १७ रन बनाउँदा स्ट्राइक रेट १९३.२९ रहेको थियो। उनले पाकिस्तानविरुद्ध ४० बलमा ७७ रन बनाएका थिए।

● एडेन मार्क्रम (दक्षिण अफ्रिका, कप्तान)



यसपटक दक्षिण अफ्रिकालाई उपाधिसम्म पुऱ्याउने लक्ष्य एडेनले राखेका थिए। यही योजनाअनुसार एडेनले समूह चरण तथा सुपर ८ सम्म दक्षिण अफ्रिकालाई अपराजित बनाए। तर, सेमिफाइनलमा दक्षिण अफ्रिका न्युजिल्यान्डबाट अप्रत्याशित रूपमा फराकिलो अन्तरले पराजित हुँदा प्रतियोगिताबाट बाहिरियो। दक्षिण अफ्रिकाले सेमिफाइनल स्थान सुरक्षित गर्दा कप्तान एडेनले ब्याटिङमा योगदान दिएका थिए। उनले आठ खेलमा दुई सय ८६ रन बनाए। उनले तीन अर्धशतक प्रहार गरी दक्षिण अफ्रिकालाई लगातार सात खेलसम्म अपराजित यात्रा गराए। यसै प्रदर्शनका आधारमा आइसिसीले उनलाई कप्तानी जिम्मेवारी दिएको हो।

● हार्दिक पान्ड्या (भारत)



भारतले उपाधि जित्दा अलराउन्डर हार्दिकको योगदान पनि बिर्सन मिल्दैन। ब्याटिङ, फिल्डिङ र बलिङमा हार्दिकको प्रदर्शन अब्बल रह्यो। उनले नौ खेलमा दुई सय १७ रन बनाउँदा भारतको मध्यक्रम बलियो देखिएको थियो। यसैगरी, उनले नौ विकेट लिए। जिम्बावेविरुद्ध २३ बलमा उनले ५० रन जोडेका थिए। भारतले विश्वकपमा उत्कृष्ट प्रदर्शन गरी २५६/४ को विशाल योगफल बनायो। हार्दिकले समूह चरणमा पाकिस्तानविरुद्ध १६ रन खर्चेर दुई विकेट लिएका थिए। नकआउट चरणमा उनी प्रभावशाली रूपमा देखिए।

● विल ज्याक्स (इंल्यान्ड)



१०औँ विश्वकपमा इंल्यान्डका ज्याक्सले सबै खेलमा उत्कृष्ट प्रदर्शन गरेका थिए। प्रतियोगितामा उत्कृष्ट अलराउन्डर खेलाडीको सूची तयार पार्दा उनी शीर्षस्थानमै रहे। ज्याक्सले मध्यक्रममा ब्याटिङ गरी इंल्यान्डको रनरेट उकास्ने भूमिमा निर्वाह गरेका थिए। उनले आठ खेलमा दुई सय २६ रन बनाउनुका साथै नौ विकेट लिए। समूह 'डी'मा ज्याक्सले नवप्रवेशी इटालीसँगको खेलमा ५३ रनको नटआउट इनिङ्स खेलेका थिए। इंल्यान्डको सेमिफाइनल यात्रामा उनी चारपटक म्यान अफ दी म्याच भएका थिए। विश्वकपको एकै संस्करणमा धेरै म्यान अफ दी म्याच हुने ज्याक्स अगाडि छन्।

● ज्यासन होल्डर (वेस्ट इन्डिज)

दुईपटकको विश्वकप विजेता वेस्ट इन्डिजको यात्रा सुपर ८ सम्म रह्यो। भारतसँग सुपर ८ को समूह '१'मा पराजित हुँदै वेस्ट इन्डिज बाहिरियो। प्रतियोगितामा अलराउन्डरका रूपमा सिनियर खेलाडी होल्डर अगाडि रहे। उनले बलिङसँगै ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरे। होल्डरले सात खेलमा १० विकेट लिए। ब्याटिङका क्रममा उनले एक सय ४१ रन पनि बनाए। विश्वकपको उनको उत्कृष्ट प्रदर्शन नै नेपालविरुद्ध रह्यो, जहाँ उनले २७ रन खर्चेर चार विकेट लिएका थिए। भारतसँगको खेलमा उनले ३७ रन बनाएका थिए।

● जसप्रित बुमराह (भारत)



आइसिसीले आफ्नो ड्रिम टिम तयार पार्दा सिमर बलरका रूपमा भारतका विश्व च्याम्पियन बलर बुमराहलाई पनि समावेश गरेको छ। जब-जब भारत संकटमा रहन्थ्यो, त्यसवेला बुमराह आफ्नो जादुमयी बलिङका भरमा भारतलाई खेलमा फर्काउँथे। विशेषतः सेमिफाइनल खेलमा बुमराहले इंल्यान्डविरुद्ध उत्कृष्ट प्रदर्शन गरेका थिए। भारत लगभग हारको मुखमा पुगेको अवस्थामा उनको दुई ओभर स्पेल विशेष रह्यो। बुमराहको यही स्पेलमै भारतले अन्तिम ओभरमा इंल्यान्डलाई हराएको थियो। भारतीय तीव्र बलर बुमराहले विश्वकपमा संयुक्त रूपमा सर्वाधिक १४ विकेट लिए। उनले उपाधि भिडन्तमा न्युजिल्यान्डविरुद्ध चार ओभरमा १५ रन खर्चेर चार विकेट लिँदै भारतलाई तेस्रोपटक विश्वकप विजेता बनाए।

● लुंगी एन्गिडी (दक्षिण अफ्रिका)



दक्षिण अफ्रिकाको सेमिफाइनल यात्रासम्म फास्ट बलर लुंगीको प्रदर्शन अब्बल रह्यो। सेमिफाइनलमा न्युजिल्यान्डविरुद्ध उनी त्यति चम्केनन्। बलिङमा विपक्षी ब्याट्सम्यानलाई दबाबमा राख्ने क्षमता लुंगीको हो। उनले विश्वकपमा सात खेलमा १२ विकेट लिँदै आफ्नो क्षमता देखाए। समूह चरणमा उनले क्यानडाविरुद्ध उत्कृष्ट बलिङ स्पेल गरेका थिए, जसमा उनले ३१ रन खर्चेर चार विकेट लिए।

● आदिल रसिद (इंग्ल्यान्ड)



आइसिसीको ड्रिम टिममा स्पिनरको जिम्मेवारी इंल्यान्डका आदिलले लिएका छन्। आइसिसीको यो ड्रिम टिममा पर्ने उनी एक मात्र स्पिनर हुन्। बलिङ विभागमा फास्ट बलरले वर्चस्व जमाएका छन्। इंल्यान्डका लेग स्पिनरले आठ खेलमा १३ विकेट लिए। उनले समूह 'डी'मा स्कटल्यान्डसँगको खेलमा उत्कृष्ट स्पेल गरी ३६ रन खर्चेर तीन विकेट लिए।

● ब्लेसिङ मुजराबानी (जिम्बाबे)



जिम्बावे पहिलोपटक सुपर ८ मा पुग्दा फास्ट बलर ब्लेसिङको योगदान पनि उत्तिकै छ। उनले ६ खेलमा १३ विकेट लिए। ब्लेसिङले पूर्वविजेता अस्ट्रेलियाविरुद्धको खेल बिर्सेका छैनन्। यस खेलमा उनले १७ रन खर्चेर चार विकेट लिँदा अस्ट्रेलिया जिम्बावेबाट विश्वकपमा दोस्रोपटक पराजित भयो। सन् २००७ पनि पहिलो संस्करणमा अस्ट्रेलियालाई जिम्बावेले हराएको थियो।

-आइसिसीको सहयोगमा

एसियन गेम्स फन रन आज



नयाँ पत्रिका

जापानमा आगामी सेप्टेम्बर-अक्टोबरमा हुने २०औँ एसियाली खेलकुद (एसियाड)को प्रचारप्रसार र खेल भावनालाई प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल ओलम्पिक कमिटी (एनओसी)ले शनिबार 'एसियन गेम्स फन रन' आयोजना गर्दै छ। एनओसी अध्यक्ष जीवनराम श्रेष्ठले शनिबार बिहान ७:३० बजे फन रन सुरु हुने बताए। श्रेष्ठका अनुसार फन रन सातदोबाटोस्थित एनओसी भवन परिसरबाट सुरु भई बिएन्डबी अस्पताल गेट, ग्वार्को चोक, प्रभात स्कुल, लुस्सी, कनिबहा चोक, ओकुबहाल, बैना, चक्रबही र हौगल हुँदै पाटन दरबार स्क्वायरस्थित कात्तिक डबली र मंगल बजारमा पुगेर समापन हुनेछ।

फन रन करिब तीन किलोमिटर दूरीको हुनेछ। ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)को कार्यक्रमअन्तर्गत आयोजना हुने फन रन एसियाडको खुसियाली मनाउन र खेल भावना, एकता तथा सहभागिताको सन्देश फैलाउन आयोजना गर्न लागिएको श्रेष्ठले बताए। २०औँ एसियाड जापानको आइची र नागोया सहरमा १९ सेप्टेम्बरदेखि ४ अक्टोबरसम्म आयोजना हुनेछ। एनओसीले २०औँ एसियाडका लागि नेपालबाट ३२ खेलमा भाग लिने गरी दर्ता गराएको छ।

चार वर्षमा एकपटक हुने एसियाडमा जापानले ४३ खेलअन्तर्गत ६८ विधाका चार सय ६१ स्पर्धाका लागि ५३ खेलस्थल निर्धारण गरेको छ। जापानले 'प्याडल' र 'टेकबल' गरी दुई नयाँ खेल थपेको छ। आयोजकले आफ्नो अनुकूल खेल राख्न पाउने प्रावधान छ। एनओसीका सचिव रामकृष्ण श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय आयोजक समिति गठन गरिएको छ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
Durbar Marg, Kathmandu, Nepal, Phone : 01-5368719

Interest Rates (p.a.)

Effective from : March 15, 2026 (1st Chaitra, 2082)

Deposit	Interest Rate (p.a.)	Minimum Balance (NPR)	Interest Payment
A. Savings Accounts			
Mahalaxmi Remittance Bachat	3.90%	100	Quarterly
Mahalaxmi Sambridhhi Bachat	2.90%	100	Quarterly
Staff Salary Account	2.90%	-	Quarterly
Mahalaxmi Dollar Account (Saving/Fixed)	2.90%	-	Quarterly
Mahalaxmi PMS Khata	2.85%	-	Monthly
Mahalaxmi Karmachari Bachat Khata	2.75%	100	Quarterly
Mahalaxmi Investor's Share Saving Account (All in One)	2.75%	-	Quarterly
Mahalaxmi Grihalaxmi Bachat	2.75%	100	Quarterly
Mahalaxmi Student Saving Account	2.75%	100	Quarterly
Mahalaxmi Jestha Nagarik Bachat	2.75%	100	Quarterly
Mahalaxmi Baal Bachat Khata	2.75%	100	Quarterly
Mahalaxmi Bhukampa Pidit Account	2.75%	-	Quarterly
Mahalaxmi Samajik Surakshya Account	2.75%	-	Quarterly
Mahalaxmi Online Saving	2.75%	-	Quarterly
Margin Locker Account	2.75%	1000	Quarterly
Mahalaxmi Normal Saving Account	2.75%	51	Quarterly

B. Recurring Deposit

Recurring Deposit Account:	Interest Rate (p.a.)	Payment Frequency
Mahalaxmi Kramik Bachat Khata	3.00%	Quarterly
Mahalaxmi Baal Bachat Recurring Deposit Account	3.00%	Quarterly

C. Fixed Deposit Accounts

1. Individual Fixed Deposit

Fixed Deposit Account:	Interest Rate (p.a.) (In Person)	Interest Rate (p.a.) (Through Mahalaxmi Smart Sathi-Mobile App)	Payment Frequency
1 Year to below 2 Years	3.00%	3.25%	Quarterly
2 Years to below 3 Years	3.50%	3.75%	Quarterly
3 Years to below 5 Years	4.00%	4.25%	Quarterly
5 Years and above	5.15%	Not Applicable	Quarterly

2. Institutional Fixed Deposit

Fixed Deposit Account:	Interest Rate (p.a.)	Payment Frequency
1 Year to below 2 Years	2.75%	Quarterly
2 Years to below 3 Years	3.00%	Quarterly
3 Years to below 5 Years	3.50%	Quarterly
5 Years and above	4.80%	Quarterly
3. Akshaya Kosh	Negotiable	Quarterly

*The maturity period of FD should not exceed more than 10 years.
*The minimum fixed deposit amount should not be less than NPR 10,000.

D. Loan & Advances	Interest Rate (p.a.)
Business OD/Industrial OD/ Working Capital/ Short Term Loan	Base rate + upto 3.75%
Business / Industrial Term Loan	Base rate + upto 3.75%
Mahalaxmi Udhyamshil Karja/Other Business Loan	Base rate + upto 3.75%
Auto Loan	Base rate + upto 3.75%
Hire Purchase Loan	Base rate + upto 3.75%
Education Loan	Base rate + upto 3.75%
Home Loan	Base rate + upto 3.75%
Gold and Silver Loan	Base rate + upto 3.75%
Loan Against Shares	Base rate + upto 3.75%
Deprived Sector Loan (Institutional)	Negotiable
Deprived Sector Loan (Individual)	Base rate + upto 3.75%
Agriculture Loan (Term/OD)	Base rate + upto 3.75%
Personal Loan (Term/OD)/Home Equity Loan	Base rate + upto 3.75%
Other Loan	Base rate + upto 3.75%
Loan Against Fixed Deposit (Own)	Coupon Rate +2%
Loan Against Government / NRB Securities	Coupon Rate +2%
Consortium Loan	As per Consortium Decision
Base rate (Average)	5.99%
Base Rate (Magh 2082)	5.87%
Interest Spread	4.33%
Home Loan (Fixed Rate for 7 Years)	6.99%
SME Revolving Loan	6.99%
Auto Loan (Private)	
Upto 5 Years of Tenure	7.49%
Upto 7 Years of Tenure	7.99%

Notes:
- Penal will be charged as per the NRB circular.
- Customer availing personal term loan above 1 year tenure will have option to choose between fixed and floating rate.
- Call Deposit interest rate shall be as per the Nepal Rastra Bank guidelines.
- बैकले कर्जाको ब्याजदर लागु गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधि भित्र रहेर गरिएको छ।

सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com

चीनमा महिला क्रिकेटको क्रेज

एजेन्सी

क्रिकेट खेल्ने राष्ट्रहरूमा महिलाभन्दा पुरुष खेलाडी हाबी छन्। तर, चीनमा ठ्याक्कै उल्टो छ। यहाँ पुरुषको तुलनामा महिला क्रिकेटको क्रेज ह्वात्तै बढिरहेको छ। क्याम्ब्रिज विश्वविद्यालयका अनुसन्धानकर्ताले चीनमा महिला क्रिकेट हाबी भएको रिपोर्ट प्रस्तुत गरेका छन्। क्रिकेट रिसर्च नेटवर्क कार्यक्रममा अनुसन्धानकर्ताले प्रस्तुत गरेको डेटामा एसिया महादेशमा क्रिकेटको ख्याति बढिरहेको देखाइएको छ।

चीनको सिआन जिआयो विश्वविद्यालयमा अनुसन्धान गरिरहेकी मेक्स हेनको अनुसन्धानपत्रमा चीन ओलम्पिक स्वर्ण पदकमा केन्द्रित रहँदा क्रिकेटमा पनि लगानी उल्लेख छ। 'अहिले चीन ओलम्पिक खेलकुद प्रतियोगिता क्रिकेटबाट पनि स्वर्ण जित्ने उद्देश्यका साथ महिलामाथि लगानी गरिरहेको छ,' हेनले भनेका छन्, 'यसै कारण हुन सक्छ, चीनमा क्रिकेट क्रेज हामीले सोचेभन्दा धेरै पायौँ।'

सन् १९८८ मा दक्षिण कोरियामा आयोजित ओलम्पिक खेलकुदमा चीनले केवल पाँच स्वर्ण मात्र जितेको थियो। त्यसवेला स्वर्ण संख्या उनीहरूको ऐतिहासिक प्रदर्शन भनियो। त्यसपछि चीनको खेल प्रशासन रणनीति परिवर्तन भयो। जहाँ खेलाडीलाई सानैदेखि स्वर्ण पदकका लागि तयार गरिएको अनुसन्धानकर्ता हेनले बताए। चीनले लन्डन, रियो, टोकियो तथा पेरिस ओलम्पिकमा गरी कुल एक सय ४३ स्वर्ण पदक जितेको थियो। आश्चर्यजनक रूपमा यो स्वर्ण पदक संख्यामा ६२.२ प्रतिशत स्वर्ण महिला खेलाडीले जितेका थिए।

चीनको खेलकुद प्रशासनले ओलम्पिकमा महिलातर्फबाट स्वर्ण जित्ने रणनीति छ। त्यहाँ पुरुषको तुलनामा महिलालाई बढी प्राथमिकतामा राखिएको हेनको प्रतिवेदनमा भनिएको छ। विश्व क्रिकेटमा पुरुषतर्फ आफूहरूले उत्कृष्ट प्रदर्शन गर्न नसक्ने देख्दा चीनमा अधिकारीहरू महिलातर्फ लगानी गर्न उत्सुक भएका हुन्। 'ओलम्पिक रणनीतिमा महिला क्रिकेट प्रमुख हो,' हेनले भनेका छन्, 'खेलकुदका प्रमुख अधिकारीहरूले महिला क्रिकेटलाई पहिलो प्राथमिकतामा राखेका छन्।' अहिले चिनियाँ महिला खेलाडीहरू टर्फ क्रिकेटमा प्रशिक्षण गरिरहेका छन्। जहाँ विश्वस्तरीय प्रशिक्षकलाई बोलाएर खेलाडीलाई प्रशिक्षण व्यवस्था चीनले गरेको छ। पाकिस्तानका पूर्वटेस्ट खेलाडी मोहमद रमजानलाई प्रशिक्षणको जिम्मेवारी दिएको छ।

नयाँ प्रशिक्षक ऐरेनाको लक्ष्य साफ च्याम्पिनसिप जिताउने

नयाँ पत्रिका

राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक गुग्लिएर्मो ऐरेनाले नेपाललाई दक्षिण एसियाली च्याम्पियनसिप (साफ)मा उपाधि दिलाउने बताएका छन्। एन्फा मुख्यालयमा शुक्रबार पत्रकार सम्मेलनमा नवनियुक्त प्रशिक्षक ऐरेनाले विगतमा भएका गल्तीलाई नदोहोऱ्याउने प्रतिबद्धता जनाउँदै आफू साफ च्याम्पियनसिप जिताउने लक्ष्यका साथ नेपाल आएको सुनाए। साफ च्याम्पियनसिपमा नेपालको उत्कृष्ट प्रदर्शन नै उपविजेता बन्नु हो। सन् २०२२ मा अलमुतारीको प्रशिक्षणमा नेपालले माल्दिभ्समा भएको साफको फाइनल नतिजा भारतलाई सुम्पिएको थियो।

'मेरो लक्ष्य राष्ट्रिय पुरुष टोलीलाई साफ च्याम्पियनसिपको उपाधि जिताउने हो,' उनले भने, 'मेरो काँधमा सन् २०२६ सम्म टोली हेर्ने जिम्मेवारी छ। यो अवधिमा साफ नै पहिलो प्राथमिकता हुनेछ।' नेपाली टोलीमा सम्भावना बोकेका खेलाडी रहेको उनको भनाइ छ। 'नेपालमा प्रबल सम्भावना रहेका खेलाडी छन्, विगतका दिनमा भएका कमजोरी



र गल्तीलाई नदोहोऱ्याई अघि बढ्नेछु,' ऐरेनाले भने, 'मेरो पहिलो काम नै टोलीमा सुधार ल्याउने हो।'

उनले अर्को सातादेखि खेलाडीलाई क्लोज क्याम्पमा राख्ने बताए। 'सम्भवतः अर्को सातादेखि नै खेलाडी प्रशिक्षणमा आउनेछन्,' उनले भने, 'दुई खेल हडकङ र लाओसविरुद्ध छ। समर्थक सधैँ रिजल्ट खोज्छन्, हामी राम्रो नतिजा ल्याएर खुसी बनाउने प्रयास गर्नेछौँ।' एन्फाका महासचिव किरण राईले बिहीबार मुख्य प्रशिक्षकका रूपमा ऐरेनालाई नियुक्तिपत्र दिएका थिए।

पहिलो खेल हडकङविरुद्ध

ऐरेनाको पहिलो खेल २६ मार्चमा दशरथ रंगशालामा हडकङविरुद्ध मैत्रीपूर्ण हुनेछ। त्यसपछि नेपालले एसियन कप छनोट लाओससँग खेल्नेछ। लगातार पाँच खेलमा पराजित नेपाल छनोटबाट बाहिरिसकेको छ। मुख्य प्रशिक्षक ऐरेनाले नेपाली राष्ट्रिय टोलीकै मुख्य प्रशिक्षक बन्द पाउँदा धेरै खुसी भएको बताए। एसिया कप छनोटपछि नेपालले साफ च्याम्पियनसिपमा भाग लिनेछ। 'म धेरै खुसी छु, नेपाल राष्ट्रिय टोलीको नयाँ प्रशिक्षक बनेको छु,' उनले भने। एन्फाले अस्ट्रेलियन म्याट रोसले राजीनामा दिएपछि छनोट प्रक्रिया अगाडि बढाएको थियो। मुख्य प्रशिक्षक बन्नका लागि आठ सयभन्दा बढीले आवेदन दिएका थिए। त्यसबाट एन्फाले सर्ट लिस्ट तयार गरी तीनजनालाई अन्तर्वार्ता गरी ऐरेनालाई छनोट गरेको हो नेपाली खेलाडीमा क्षमता रहेको र राम्रो खेलाडीको संख्या बढाउने उद्देश्य रहेको उनले बताए। 'नेपाली खेलाडीबारे अध्ययन गरेका छौँ। २०-२५ जना क्षमतावान् खेलाडी छन्,' उनले भने, 'हामी त्यो नम्बर बढाउन चाहन्छौँ र भविष्यमा राम्रो टिम बनाउन चाहन्छौँ।'

इंग्ल्यान्डमा हुने द हन्ड्रेड अक्सनमा बिकेनन् सन्दीप

नयाँ पत्रिका

नेपालका लेग स्पिनर सन्दीप लामिछाने इंग्ल्यान्ड तथा वेल्स क्रिकेट बोर्डको संयुक्त आयोजना गर्ने द हन्ड्रेडको अक्सनमा बिकेनन्। नयाँ सिजनका द हन्ड्रेड बलमा सन्दीप ड्राफ्टमा परेका थिए। बुधबार-बिहीबार राति लन्डनमै भएको अक्सनमा उनीमाथि कुनै फ्रेन्चाइज टोलीले बोली लगाएनन्। अक्सनको पहिलो दिन सन्दीपको नाम आएको थिएन। दोस्रो दिन उनमाथि बोली लगाउने अपेक्षा थियो। तर, नेपाली क्रिकेटर सन्दीपमाथि कसैले पनि चासो देखाएनन्।

सन्दीपले द हन्ड्रेड बलमा आफ्नो बेस प्राइस करिब ६२ लाख नेपाली रुपैयाँ राखेका थिए। सन्दीप पहिलो संस्करणको द हन्ड्रेडमा ओभल इन्भिन्सिबल्समा अनुबन्ध भएका थिए। त्यसवेला भिसा प्रक्रियामा समस्या आउँदा उनले प्रतियोगितामा भाग लिन पाएनन्। चार वर्षअघिको संस्करणमा द हन्ड्रेड बल खेल्न उनी इंग्ल्यान्ड पुगेका थिए।

तर, भिसा समस्याका कारण उनी त्यतैबाट नेपाल फर्किए। सन् २०२० मा ओभल इन्भिन्सिबलले उनलाई अनुबन्ध गरेको थियो। छैटौँ संस्करण आगामी २१ जुलाईदेखि १६ अगस्टसम्म हुँदै छ। यसपटकको अक्सनमा फ्रेन्चाइज टोलीहरूले गत आइतबार भारतमा भएको १०औँ आइसिसी

औसत मूल्य ६२ लाख नेपाली रुपैयाँ राखेका नेपालका लेग स्पिनर सन्दीप लामिछाने द हन्ड्रेड बलको अक्सनमै सीमित

टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडी प्राथमिकतामा परेको एजेन्सीहरूले जनाएका छन्।

समग्रमा तेस्रो तथा लगातार दोस्रोपटक टी-२० विश्वकप खेलेको नेपालका लेग स्पिनर सन्दीपले गतिलो प्रदर्शन गर्न सकेनन्। विश्वकपमा सन्दीपबाट एसोसिएट राष्ट्रको प्रतिनिधित्व गर्दै प्रभावशाली प्रदर्शन गर्ने अपेक्षा थियो। मुम्बईको वानखेडे रंगशालामा सन्दीपले आफ्नो लेग स्पिनको जादु चलाउन सकेनन्। द हन्ड्रेड बलमा अस्ट्रेलिया, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, इंल्यान्ड, पाकिस्तान, बंगलादेश र अफगानिस्तानका खेलाडी बिक्री भएका छन्।



इंग्ल्यान्डका कप्तान ह्यारी महँगा खेलाडी

छैटौँ संस्करणको द हन्ड्रेड बल अक्सनमा इंग्ल्यान्डका कप्तान ह्यारी बुक महँगा खेलाडी बनेका छन्। सनराइजर्स लिड्सले अक्सनमा बुकलाई चार लाख ६५ हजार पाउन्डमा भित्र्याएको छ। १०औँ टी-२० विश्वकपमा बुकले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले सुपर ८ मा पाकिस्तानविरुद्ध शतकीय इनिङ्स खेल्ने जित दिलाएका थिए। यसपटक दोस्रो महँगा खेलाडीका रूपमा इंग्ल्यान्डकै ओपनर फिल साल्ट रहे। वेल्स फायरले उनलाई चार लाख ५० हजार पाउन्डमा किनेको हो। द हन्ड्रेड बल अक्सनमा इंग्ल्यान्डका खेलाडी पहिलो प्राथमिकतामा परेका छन्। फ्रेन्चाइज टोलीले टी-२० विश्वकपमा सहभागी भएका खेलाडीलाई अनुबन्ध गर्न राम्रो बोली लगाएका थिए। इंग्ल्यान्डका फास्ट बलर जोफ्रा आर्चरलाई साउथ्रन ब्राभले चार लाख पाउन्डमा किन्यो।

चार खेलाडीलाई तीन लाख ५० हजार पाउन्ड

दुई दिनसम्म चलेको अक्सनमा चार खेलाडीले समान तीन लाख ५० हजार पाउन्डमा फ्रेन्चाइज टोलीहरूले भित्र्याएका छन्। लन्डन स्प्रिरिटले लिआन लिभिन्स्टोनलाई तीन लाख ५० हजार पाउन्ड खर्चियो। लन्डनले अस्ट्रेलियाका एडम जाम्पामाथि एक लाख ९० हजार पाउन्ड खर्चेर भित्र्याएको छ। यसैगरी, इंल्यान्डका ओपनर जोस बटलर पनि तीन लाख ५० हजार पाउन्डमा म्यानचेस्टर सुपरमा पुगेका छन्। म्यानचेस्टरले दक्षिण अफ्रिका आक्रामक ब्याट्सम्यान हेनरिक क्लासेनलाई दुई लाख ५० हजार पाउन्ड खर्चेको छ।

दक्षिण अफ्रिकाका कप्तान एडेन मार्क्राम दुई लाख पाउन्डमा म्यानचेस्टरमा बिक्री भए। इंल्यान्डका अलराउन्डर साम कुरान पनि तीन लाख ५० हजार पाउन्डमा एमआई लन्डनमा अनुबन्ध भएका छन्। एमआई लन्डनले विश्वकपमा आक्रामक रूपमा ब्याटिङ गरेका विल ज्याकलाई दुई लाख ५० हजार पाउन्ड खर्चियो। यसैगरी, टेन्ट रोक्टर्सले टिम डेभिडलाई तीन लाख ५० हजार पाउन्डमा अनुबन्ध गरेको छ। न्युजिल्यान्डका कप्तान मिचेल साटनर एक लाख ७५ हजार पाउन्डमा टेन्टमा अनुबन्ध भएका छन्। न्युजिल्यान्डका ओपनर फिन एलान टेन्टमा पुग्दा एक लाख ६० हजार पाउन्डमा बिक्री भए। उनले १०औँ टी-२० विश्वकपको सेमिफाइनलमा दक्षिण अफ्रिकाविरुद्ध ३३ बलमा शतकीय इनिङ्स खेलेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com